सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ असोज २०८०, मंगलबार (19 Sep 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १५९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

'भिआइपी' ठग

जसले एकल महिलादेखि निमुखा किसानसम्मलाई जालमा पारे



● काठमाडौं जिल्ला प्रहरी परिसरमा मात्र २७ जाहेरी, एउटै जाहेरी १८ करोडसम्म ठगीको

● झापा, मोरङ र सुनसरीका विपन्न पनि ठगिए

(विस्तृत पृष्ठ ३)

Lifestyle नयाँ पत्रिका

■ तिजको रौनक

पाँच लाख भक्तजनले गरे पशुपतिनाथको दर्शन



(फोटो स्टोरी पृष्ठ ५)

दुई महिनामा दुई अर्ब बढ्यो पुँजीगत खर्च, २१ अर्ब घट्यो चालू खर्च



दुई महिनामा कुल बजेटको ७.४९ प्रतिशत खर्च, राजस्व संकलनमा देखिएन सुधार

(विस्तृत पृष्ठ ९)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सेना र दुई प्रहरीका कल्याणकारी कोषमा ८५ अर्ब ७३ करोड

अस्पताल, विद्यालय, पेट्रोलपम्प, सपिङ कम्प्लेक्स, हेल्थ क्लब, गेस्टहाउसदेखि जग्गा प्लटिङसम्ममा लगानी

टेकराज थामी/नयाँ पत्रिका

तीन सुरक्षा निकाय सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको कल्याणकारी कोषमा ८५ अर्ब ७३ करोड रुपैयाँ जम्मा भएको छ। सबैभन्दा धेरै सैनिक कल्याणकारी कोषमा यसको ९० प्रतिशत हिस्सा अर्थात् ७७ अर्ब ६१ करोड छ। नेपाल प्रहरीको चार अर्ब १२ करोड र सशस्त्रको कल्याणकारी कोषमा चार अर्ब छ। यो रकम कोषमा रहेको नगद हिसाब मात्रै हो, नेपाल प्रहरी र सशस्त्रले विभिन्न क्षेत्रमा गरेको लगानी यसमा समावेश छैन।


तीनवटै सुरक्षा निकायले कोषको रकम विद्यालय, अस्पताल, पेट्रोलपम्प, जग्गालगायतमा लगानी गरेका छन्। कोषअन्तर्गत २० क्षेत्रमा लगानी फैलाएको सेनाले पछिल्लोपटक स्वास्थ्य र शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको छ। २० क्षेत्रमा कुल ६ अर्ब ५५ करोड ४० लाख ८२ हजार लगानी गरेकोमा स्वास्थ्य र शिक्षामा मात्रै त्यसको ६७.८७ प्रतिशत अर्थात् चार अर्ब ४४ करोड ८४ लाख ५९ हजार लगानी गरेको छ। बाँकी ७१ अर्ब ६ करोड भने सैनिक कल्याणकारी कोषमा नगदै छ।

सेनाले स्वास्थ्य विज्ञान संस्थानमा दुई अर्ब २८ करोड २७ लाख ५३ हजार लगाएको छ। त्यसपछि सबैभन्दा ठूलो लगानी न्युरोडस्थित कल्याणकारी भवन तथा त्रिचन्द्र मिलिटरी अस्पतालमा छ जहाँ एक अर्ब ६२ करोड ६५ लाख ६० हजार लगाएको छ। यी संस्थामा बिरामीको उपचार हुनुका साथै चिकित्सा शिक्षा अध्ययन हुँदै आएको छ।

सैनिक कल्याणकारी कोषका निर्देशक तथा सदस्यसचिव सहायक रथी किरण केसीले कोषको मुलुकभर विभिन्न २० क्षेत्रमा लगानी

» पृष्ठ ११ मा क्रमशः

यी क्षेत्रमा सेनाको ६ अर्ब ५५ करोड ४० लाख लगानी



नेपाल प्रहरीको कोषमा चार अर्ब १२ करोड

नेपाल प्रहरीको कल्याणकारी कोषमा चार अर्ब १२ करोड रुपैयाँ छ। विभिन्न बैंकमा राखिएको रकमबाट प्राप्त ब्याजले नेपाल प्रहरीले प्रहरी कर्मचारीकेन्द्रित कल्याणकारी काम गर्दै आएको छ। प्रहरीले कोषको रकम अस्पताल, विद्यालय र पेट्रोलपम्प सञ्चालनमा पनि लगानी गरेको छ। तर, उक्त लगानीको हिसाब चार अर्ब १२ करोडमा समावेश छैन। प्रहरीको कोषबाट काठमाडौंको महाराजगन्ज, कोशी, मधेश, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा अस्पताल सञ्चालन छन्। त्यस्तै, पेट्रोलपम्पमा पनि लगानी छ। काठमाडौंको नक्सार र सामाखुसी, चितवन, सप्तरी र बारामा प्रहरीको पेट्रोलपम्प छ। अबको केही महिनाभित्रै बाँके र कैलालीमा पनि पेट्रोलपम्प सञ्चालनमा ल्याउँदै छ। त्यसबाहेक कोषको रकमबाट प्रहरीले मुलुकभर नौ विद्यालय सञ्चालन गरिरहेको छ। सपिङ कम्प्लेक्स, हेल्थ क्लब, गेस्टहाउस पनि प्रहरीले सञ्चालन गर्दै आएको छ।

सशस्त्र प्रहरीको कोषमा पनि चार अर्ब

सशस्त्र प्रहरी बलको कल्याणकारी कोषमा पनि चार अर्ब पुगेको छ। सेना र नेपाल प्रहरीले झैं सशस्त्रले पनि कोषको रकम विभिन्न बैंकमा राखेको छ। उक्त रकमबाट प्राप्त ब्याजबाट विभिन्न कल्याणकारी काम गर्दै आएको छ। त्यसबाहेक सशस्त्रले अस्पताल, विद्यालय र पेट्रोलपम्पमा लगानी गरेको छ। यसको भने हिसाब छैन। सशस्त्र प्रहरीका अनुसार काठमाडौंको बलम्बुमा सशस्त्रको अस्पताल छ। त्यस्तै, काठमाडौंको कीर्तिपुर, सप्तरीको कल्याणपुर र बाँकेको कोहलपुरमा सशस्त्रको विद्यालय छ। काठमाडौं र पोखरामा पेट्रोलपम्प पनि छ।

लगानीबाहेक सेनाको कल्याणकारी कोषमा ७१ अर्ब ६ करोड नगद

सेनाको कल्याणकारी कोषमा नगद मौज्दात ७१ अर्ब ६ करोड पुगेको छ। यो गत आर्थिक वर्षको तुलनामा १३.३४ प्रतिशतले धेरै हो। गत आर्थिक वर्षमा कोषमा ६२ अर्ब ६८ करोड ८९ लाख नगद मौज्दात थियो। यस वर्ष कोषमा आठ अर्ब ३६ करोड ७२ लाख थपिएको हो। सेनाले कोषमा रहेको नगद बैंक तथा वित्तीय संस्थामा राख्दै आएको छ। कोषको ९९.७० प्रतिशत रकम 'क' श्रेणीको बैंकमा राखिएको छ। ०.०६ प्रतिशत रकम 'ख' श्रेणीको बैंकमा राखिएको छ भने 'ग' श्रेणीको वित्तीय संस्थामा कोषको ०.२४ प्रतिशत रकम छ। यसबापत सेनाले ठूलो परिमाणमा वार्षिक ब्याज प्राप्त गर्दै आएको छ। बैंकमा राखिएका रकममध्ये पाँच करोड दुई लाख ६७ हजार रुपैयाँ जोखिममा रहेको सेनाले जनाएको छ।

■ राष्ट्रसंघीय महासचिवसँग प्रधानमन्त्रीको छलफल

संक्रमणकालीन न्याय प्रक्रिया टुंग्याउन सहयोगको आग्रह



नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालमा संक्रमणकालीन न्याय प्रक्रिया टुंग्याउन सरकार लागिपरेको भन्दै संयुक्त राष्ट्रसंघको समर्थन र सहयोग अपेक्षित रहेको बताएका छन्। संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेससँग सोमबार बिहान भएको भेटमा प्रधानमन्त्री प्रचण्डले नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुने क्रममा राष्ट्रसंघको सहयोगको पनि अपेक्षा गरेको उल्लेख गरेका छन्।

» पृष्ठ ११ मा क्रमशः

■ एसडिजी शिखर सम्मेलनमा प्रधानमन्त्रीको सम्बोधन

विगतका प्रतिबद्धता पूरा गर्न विकसित देशहरूलाई आह्वान

काठमाडौं/ संयुक्त राष्ट्रसंघको ७८औं महासभामा सहभागी हुन अमेरिका पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अतिकम विकसित देशहरूका पक्षमा अन्तर्राष्ट्रिय समुदायले यसअघि गरेको प्रतिबद्धता कार्यान्वयनका लागि आह्वान गरेका छन्। न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघ मुख्यालयमा आयोजित सन् २०२३ को एसडिजी शिखर सम्मेलनमा विश्वका अतिकम विकसित देशहरूको समूहका अध्यक्षका रूपमा प्रधानमन्त्रीले सम्बोधन गरेका हुन्।

प्रधानमन्त्री प्रचण्डले कोभिड- १९ महामारी, जलवायु परिवर्तन र भूराजनीतिक तनावजस्ता विश्वव्यापी संकटहरूले अतिकम विकसित देशहरूको प्रगतिलाई थप जोखिममा धकेलिरहेको बताए। यसबाट उम्कन उदार योजना जरुरी रहेको पनि उनको भनाइ थियो। प्रधानमन्त्री प्रचण्डले सन् २०२१ को तुलनामा सन् २०२२ मा अल्पविकसित देशहरूमा विदेशी प्रत्यक्ष लगानीको प्रवाह लगभग ३० प्रतिशतले घटेको उल्लेख गर्दै यसबाट पूर्वाधार, नवीकरणीय ऊर्जा, खानेपानी तथा सरसफाइ, खाद्य सुरक्षा, स्वास्थ्य र शिक्षामा लगानीलाई ठूलो धक्का लागेको तथा बाह्य ऋणले संकटको जोखिम बढाएको पनि

» पृष्ठ ११ मा क्रमशः

१४ प्रकारका एन्टिबायोटिक प्रयोगमा बन्देज

डब्लुएचओले दुई वर्षअघि नै १०३ प्रकारका एन्टिबायोटिक उत्पादन, वितरण र प्रयोगमा रोक लगाएकामा नेपालमा प्रयोग हुँदै आएका १४ प्रकारका एन्टिबायोटिकमा औषधि व्यवस्था विभागले बल्ल लगायो बन्देज

■ यी हुन् प्रयोगमा रोक लगाइएका एन्टिबायोटिक

१) एमोक्सिसिलिन/प्रोक्सा। २) एम्टिसिसिलिन/क्लोक्सा।
३) एमोक्सिसिलिन/क्लोक्सा। ४) एसिटिइस्पिरामेसिन तथा मेट्रोनिडाजोल।
५) एम्टिसिलन/डाई क्लोक्सा। ६) बेन्जाएल प्यानिसिसिलिन र स्ट्रेप्सोमाइटिन।
७) सेफिपाइम र सल्ब्याकटोम। ८) किमिसेफिपाइम र क्लाबुल्याटिक एसिड।
९) सेफोप्याराजोन र सल्ब्याकटम। १०) सेफोट्याक्सिन र सल्ब्याकटम।
११) सेट्राइअब्सन र सल्ब्याकटम। १२) सेट्राइअब्सन र ट्याजोब्याक्टोम।
१३) सेफ्रुरअक्सिम र क्लाबुल्यानिक एसिड। १४) ओफ्फोल्क्सासिन र अर्निलाजोल।

■ किन लगाइयो प्रयोगमा रोक ?

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले प्रयोग गर्न नमिल्ने निष्कर्षसहित ३०१ एन्टिबायोटिकको सूची सन् २०२१ मै सार्वजनिक गरेको थियो। यी एन्टिबायोटिकको प्रयोगमा अधिकांश मुलुकले रोक लगाइसकेका छन्। तर, नेपालमा ३०१ मध्ये १४ प्रकारका एन्टिबायोटिक दुई वर्षसम्म निर्वाध रूपमा उत्पादन र प्रयोग हुँदै आए। आइतबार औषधि व्यवस्था विभागले यस्ता एन्टिबायोटिकको सूची नै सार्वजनिक गर्दै मौज्दात अवस्थामै रहेको भए पनि वितरण र प्रयोग तत्काल बन्द गर्न भनेको छ। यी एन्टिबायोटिकको प्रयोगले स्वास्थ्यमा थप हानी पुऱ्याउने तथा शरीरको रोग प्रतिरोधात्मक क्षमता घटाउन सक्ने डब्लुएचओको चेतावनी छ।

● **नारायणप्रसाद ढकाल,** महानिर्देशक, स्वास्थ्य सेवा विभाग



डब्लुएचओले प्रयोग नगर्न सिफारिस गरेकामध्ये नेपालमा १४ प्रकारका मात्रै एन्टिबायोटिक औषधि पाइन्छन्, ती औषधि पनि एक्लाएक्लै प्रयोग गरिएको थिएन। १८ भदौदेखि नै औषधि उत्पादन र वितरण नगर्न सरोकारवालाहरूलाई निर्देशन दिइसकेका छौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले दुई वर्षअघि नै प्रयोगमा रोक लगाएका १४ प्रकारका एन्टिबायोटिक औषधि नेपाल सरकारले बल्ल प्रतिबन्ध लगाउन थालेको छ। डब्लुएचओले सन् २०२१ मै प्रयोग नगर्न भनेका १०३ प्रकारका एन्टिबायोटिकमध्ये नेपालमा १४ प्रकारका उत्पादन र वितरण हुँदै आएका छन्। आइन्दा यी एन्टिबायोटिक उत्पादन, बिक्री-वितरण तथा प्रयोग नगर्न औषधि व्यवस्था विभागले आइतबार सूचना जारी गरेको हो।

यी एन्टिबायोटिकले स्वास्थ्यमा थप हानि पुऱ्याउने तथा शरीरको रोग प्रतिरोधात्मक क्षमता घटाउन सक्ने डब्लुएचओको चेतावनी छ। विभागले यस्ता एन्टिबायोटिकको सूची नै सार्वजनिक गर्दै मौज्दात अवस्थामै रहेको भए पनि वितरण र प्रयोग तत्काल बन्द गर्न भनेको छ।

हाल सरकारले एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न र यसको प्रयोगमा न्यूनीकरण गर्न प्रतिजैविक प्रतिरोधको विश्वव्यापी कार्य योजनामा मेल खाने गरी 'एक स्वास्थ्य अवधारणा' (वन हेल्थ अप्रोच) अनुरूप राष्ट्रिय कार्ययोजना तयार गरिसकेको छ। सोही कार्ययोजनाअनुरूप एन्टिबायोटिक प्रयोगलाई नियन्त्रण गर्न लागिएको विभागले जनाएको छ।

विभागले एन्टिबायोटिक औषधिको प्रयोग न्यूनीकरण गर्न, तथ्यमा आधारित उपचार प्रणाली लागू गर्न र एन्टिबायोटिकको उचित प्रयोग गर्न १८ भदौमा सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरेको थियो। सोहीअनुसार विभागले विश्व स्वास्थ्य संगठनबाट सिफारिस नभएका एन्टिबायोटिक औषधिहरूको दर्ता, नवीकरण, पैठारी र प्रयोगमा प्रतिबन्ध लगाएको हो। विभागले आयातकर्ता, वितरक, उत्पादक र प्रयोगकर्तालाई यसको पालना

» पृष्ठ ११ मा क्रमशः

बालबालिकाको खाजा खोसेर शिक्षकलाई तलब

सरकारले सामुदायिक विद्यालयका बालबालिकालाई दिवाखाजाको व्यवस्था गरेको छ, तर हुम्लाको सर्केगाडस्थित देवल आधारभूत विद्यालयले दैनिक २० रुपैयाँका दरले १५० विद्यार्थीले पाउने खाजा रकम शिक्षकको तलबमा खर्चने गरेको छ

हुम्लामा **नरजन तामाङ**

हुम्लाको सर्केगाड गाउँपालिका- १ तुम्चस्थित देवल आधारभूत विद्यालयले विद्यार्थीको दिवाखाजाको साढे पाँच लाख बजेटबाट तीन शिक्षक राखेको छ। विद्यार्थीले दिवाखाजा पाउँदैनन्।

विद्यालयले दिवाखाजा कटाएर निजी स्रोतका शिक्षक चक्र मल्ल, रूपबहादुर शाही, दीपेन्द्र बमलाई राखेको हो। सरकारले प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मका विद्यार्थीका लागि (हुम्लासहित कर्णालीका दुर्गम पाँच जिल्लामा हरेक विद्यार्थीले २० रुपैयाँ) खाजाबापत रकम दिन्छ। सरकारले विनियोजन गरेको रकम पालिकामार्फत विद्यालयको खातामा जान्छ।

सर्केगाड गाउँपालिका शिक्षा शाखा प्रमुख वीरजंग शाहीका अनुसार देवलमा कक्षा ६ सम्मका एक सय ५० बालबालिकाको दिवाखाजाका लागि दैनिक २० रुपैयाँका दरले वार्षिक पाँच लाख ५० हजार आठ सय बजेट जान्छ। दिवाखाजा बजेट वार्षिक एक सय ८० दिन मानेर निकासा हुन्छ।

» पृष्ठ ११ मा क्रमशः

■ भूकम्पले चर्किएको जीर्ण भवनको भुइँमा बसेर पढ्छन् विद्यार्थी





हुम्लाको सर्केगाड गाउँपालिका- १ तुम्चस्थित भूकम्पले चर्किएको विद्यालय भवन पनि जीर्ण छ। जस्तापाताले छाएको छ। डेक्सबेन्च पनि पर्याप्त छैनन्। धेरैजसो विद्यार्थी दुंगामा काठको फल्याक बिछ्याएर पढ्छन्। 'चिसो भुइँमा बसेर पढ्नुपर्छ,' कक्षा ८ मा अध्ययनरत शर्मिला रावतले भनिन्, 'कक्षाकोठाका भित्ता पनि चर्किएका छन्। पानी परेको दिन त भित्ताबाट पानी पसेर कक्षाकोठामा ताल हुन्छ।' कक्षा ६ मा अध्ययनरत यामराज जैसीले भने, 'राम्रोसँग बसेर पढ्ने कक्षाकोठा पनि छैन।' कक्षा ८ का समराज कटुवालका अनुसार कक्षाकोठामा दुंगा, काठको फल्याक बिछ्याएर पढ्नुपर्छ, त्यो पनि सबैले पाउँदैनन्। सर्केगाड गाउँपालिका शिक्षा शाखा प्रमुख शाहीले विद्यालय भवन मर्मत र डेक्सबेन्चका लागि गाउँपालिकाले पहल गर्ने बताए। 'तर पालिकाले भवन निर्माण गर्न सक्ने अवस्था छैन। पालिकाभर ३२ विद्यालय छन्। संघसंस्था वा प्रदेश, संघ सरकारले अनुदान दिएपछि सम्भव हुन्छ,' उनले भने।

■ सामूहिक हत्या प्रकरण

पक्राउ परेका राई रिहा

काठमाडौं/ काठमाडौंको तिनकुनेस्थित गैह्रीगाउँमा सामूहिक हत्या प्रकरणमा पक्राउ परेका दीपेन्द्र राईलाई प्रहरीले रिहा गरेको छ। हत्यामा राईको संलग्नता नरहेको खुलेपछि उनलाई रिहा गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए।

घटनामा प्रहरीले सिन्धुपाल्चोक, बाह्रबिसे घर भई हाल काठमाडौंको काँडाघारी बस्ने २३ वर्षीय सञ्जय भण्डारीलाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको थियो।

गएको शुक्रबार मध्यराति गैह्रिगाउँस्थित दिव्य सःमिलमा मोरङ घर भएका नवीन राईसहित सुरक्षा गार्डको जिम्मेवारीमा रहेका कुमार भुजेल, उनकी पत्नी अम्बिका भुजेल र आमा सुमित्रा भुजेलको हत्या भएको थियो।

यातायात क्षेत्रका कर्मचारीलाई परिचयपत्र र पोसाक वितरण

काठमाडौं/ पूर्वयातायात व्यवस्थापन प्रालिले सोमबार काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्कमा कार्यरत यातायात क्षेत्रका कर्मचारीलाई परिचयपत्र र पोसाक वितरण गरेको छ। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले यातायात क्षेत्रलाई व्यवस्थित र सम्मानित बनाउन पोसाक र परिचयपत्र वितरण गरिएको बताए।

'हामी यातायात क्षेत्रका व्यवसायी र मजदुरको सुरक्षाका लागि लागेका छौं, यातायात क्षेत्रलाई सम्मानित बनाउनका लागि चालक तथा सहचालकको बोलीमा परिवर्तन ल्याउन जरुरी छ,' उनले भने।

महासंघका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाले यातायात क्षेत्रका व्यवसायीको लगानीको संरक्षण गर्दै नेपालको यातायात क्षेत्रलाई नमुना बनाउनका लागि पूर्वयातायात व्यवस्थापन प्रालिले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

महासंघका महासचिव डेकनाथ गौतमले यातायात क्षेत्रलाई व्यवस्थित बनाउनका लागि देशभरका सार्वजनिक यातायातमा कार्यरत मजदुरलाई अनिवार्य रूपमा पोसाक र परिचयपत्रको व्यवस्था गरिने जानकारी दिए। उनका अनुसार नेपालको यातायात क्षेत्रमा मध्यम तथा न्यूनवर्गको १० खर्ब रुपैयाँ लगानी रहेको छ भने लाखौं व्यक्तिलाई रोजगारी प्रदान गर्दै आइरहेको छ।

उपत्यकामा भोलिदेखि द्रुत बस सेवा

■ रातो घेरा पछ्याउँदै गुड्नेछन् द्रुत बस



उपत्यकाका सडकमा द्रुत बसका लागि लेन मार्किङ गर्ने, संकेत चिह्न राख्ने, साइनबोर्ड राख्नेलगायत काम चलिरहेको छ। *तस्बिर : नयाँ पत्रिका*

शिवहरि घिमिरे/नयाँ पत्रिका

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ३ असोजदेखि सञ्चालन गर्ने 'बस र्‍यापिड ट्रान्जिट' (बिआरटी) तथा द्रुत बस सेवा सञ्चालनका लागि उपत्यकाका सडकमा धमाधम लेन मार्किङ गर्न थालिएको छ। सडक विभागले सम्बन्धित रुटमा आइतबारदेखि लेन मार्किङ गर्ने, संकेत चिह्न राख्ने, द्रुत बस सेवाबारे साइनबोर्ड राख्नेलगायत कार्य गरिरहेको हो।

गत सोमबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले सडक विभाग, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभागलगायतका निकायसँग बैठक बसेर संविधान दिवसको दिनदेखि बस सेवा सुरु गर्न निर्देशन दिएका थिए। सोहीअनुसार यातायात व्यवस्था विभाग, सडक विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय, यातायात व्यवसायी राष्ट्रिय महासंघले द्रुत बस सेवाबारे तयारी अघि बढाएका हुन्।

■ ४५ मिनेटभित्र सूर्यविनायकदेखि रत्नपार्क

पहिलो चरणमा सूर्यविनायक-रत्नपार्क क्षेत्रमा २५ वटा ३९ भन्दा बढी सिट क्षमता भएका बस बिहान ९ देखि ११ र साँझ ४ देखि ६ बजेसम्म सञ्चालन गरिनेछ।

यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूका अनुसार द्रुत बस सेवा सञ्चालनका लागि १९ वटा स्टपहरू कायम गरिएको छ। ती स्टपहरूमा यात्रुलाई झार्ने र चढाउने गरिनेछ। '३ गते मन्त्रीज्यूले उद्घाटन गर्नुहुन्छ, तर नियमित रूपमा भने ४ गतेदेखि सञ्चालन हुन्छ,' उनले भने, 'यो बस सेवा सञ्चालन भएपछि ढिलोमा पनि ४५ मिनेटमा सूर्यविनायकदेखि रत्नपार्क पुगिनेछ।' नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघसँग ३९ भन्दा बढी सिट क्षमता भएका २५ वटा नयाँ बस उपलब्ध गराउनेबारे सम्झौता भइसकेको प्रवक्ता पनेरूको भनाइ छ। बसमा अन्य सार्वजनिक बससरह नै भाडा लाग्नेछ।

■ भक्तपुरदेखि रत्नपार्कसम्म १९ वटा स्टप

द्रुत बस सेवा जहाँ पायो त्यही रोकिनेछैन। यो बस अन्य सार्वजनिक सवारीसाधनका लागि बनाइएका सबै स्टपहरूमा पनि रोकिँदैन। भक्तपुर सूर्यविनायकदेखि रत्नपार्कसम्म जम्मा १९ वटा मात्रै स्टप छन्। तर, ती स्टपहरू मानिसको सबैभन्दा बढी आवतजावत हुने ठाउँमा राखिएको सडक विभागका प्रवक्ता पोखरेलले जानकारी दिए।

■ कहाँ-कहाँ कुर्ने द्रुत बस ?

सूर्यविनायक, थिमि, चारदोबाटो, कौशलटार, जडीबुटी कोटेश्वर, शान्तिनगर, नयाँ बानेश्वर, बबरमहल, माइतीघर, भद्रकाली, रत्नपार्कलगायत क्षेत्रमा स्टपहरू बनाइएको छ। द्रुत बस स्टपहरूमा रातो रङले मार्किङ गरिनेछ। सोही आधारमा यात्रुहरूले गाडी कुर्न सक्नेछन् भने चालकले रोक्नुपर्नेछ।

■ छुट्टै ट्राफिक प्रहरी राखिने

द्रुत बस सेवा सञ्चालन गर्दा त्यससम्बन्धी ट्राफिक व्यवस्थापनका लागि छुट्टै ट्राफिक राखिनेछ। उपत्यका ट्राफिक प्रहरी कार्यालयले चोक-चोकमा एक-एकजना ट्राफिक प्रहरी खटाउने तयारी गरेको छ।

द्रुत बस अन्य सार्वजनिक सवारीसाधन जसरी रोकिनेछैनन्। रातो बत्ती बलेका बेला पनि ट्राफिक प्रहरीले ती बसलाई रोक्नेछैनन्। त्यस्तै, ट्राफिक जाम भएका बेला एम्बुलेन्सजसरी दायाँ-बायाँ मोडेर पनि यो बस सञ्चालन गर्न सकिनेछ। यात्रुलाई छिटो गन्तव्यमा पुऱ्याउने यस बस सेवाको लक्ष्य भएकाले ट्राफिक प्रहरीले पनि अवरोध गर्नेछैनन्।

■ कुन ठाउँमा कुन लेनबाट चल्छ द्रुत बस ?

सडक विभागले द्रुत बस सञ्चालन गर्ने लेन नै छुट्याएको छ। भइरहेकै सडकको लेनमा मार्किङ तथा ठुल्ठूला अक्षरमा द्रुत बस गुड्ने लेनबारे जानकारी दिइनेछ। विभागका प्रवक्ता रामहरि पोखरेलका अनुसार तिनकुने-माइतीघर क्षेत्रमा सर्भिस लेनको देब्रे साइट, कोटेश्वर चोकआसपासमा मुख्य लेनको देब्रे साइट, कोटेश्वरदेखि जडीबुटीसम्म सर्भिस लेनको देब्रे साइट, जडीबुटीदेखि सूर्यविनायकसम्म मुख्य लेनको देब्रे साइट र माइतीघर-रत्नपार्क क्षेत्रमा मुख्य लेनको देब्रे साइटबाट द्रुत बस गुड्नेछन्। द्रुत बस गुड्ने लेनमा दुई-दुई सय मिटरको दूरीमा १२ मिटरको स्टिकर टाँसिनेछ भने लेनमा पनि रातो रङले पेन्ट गरिनेछ। त्यस्तै, चोक-चोकमा पनि रातो रङले नै मार्किङ गरेर द्रुत बसको बाटो देखाइनेछ।

काठमाडौं महानगरभित्र शिक्षकले मासिक तलब पाउने

काठमाडौं/ यसअघि त्रैमासिक रूपमा शिक्षकलाई तलब दिँदै आएको काठमाडौं महानगरपालिकाले महिना बिल्तेबित्तिकै शिक्षकको खातामा तलब पठाउन थालेको छ। शिक्षकलाई समयमै तलब सुविधा नदिँदा त्यसको असर पठनपाठनमा पर्ने भन्दै महानगरपालिकाले गएको साउनदेखि मासिक रूपमा तलब दिन सुरु गरेको हो।

शिक्षकलाई दिने तलब केन्द्र सरकारबाट आउँछ। केन्द्र सरकारले त्रैमासिक रूपमा तलब दिने गरेको छ। महानगरले आफ्नै बजेटबाट समयमै तलब पठाउने व्यवस्था मिलाएको हो। महानगरपालिकाभित्र हाल ८९ वटा सामुदायिक विद्यालय छन्। यी विद्यालयहरूमा कर्मचारी र शिक्षक गरी दुई हजार दुईजना शिक्षक कार्यरत छन्। उनीहरूलाई मासिक रूपमा तलब दिँदा १० करोड रुपैयाँ खर्च हुन्छ।

'यसअघि शिक्षाको तलब नियमित थिएन, त्रैमासिक थियो, निकै ढिलो गरे उनीहरूको खातामा तलब जाने गरेको थियो, तर अब हामीले मासिक रूपमै दिन थालेका छौं,' महानगरपालिकाका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले जानकारी भने, 'यसो गर्दा उहाँहरूको खर्च व्यवस्थापनमा सहजता हुन्छ र कार्यसम्पादन पनि राम्रो हुन्छ।' उनका अनुसार महानगरसँग भएको रकमले शिक्षकलाई मासिक रूपमै तलब दिने र पछि केन्द्र सरकारबाट आएको बजेटबाट यसलाई मिलान गरिनेछ।

समयमै तलब नआएको भन्दै महानगरअन्तर्गत रहेका सामुदायिक विद्यालयका शिक्षकले महानगरसँग गुनासोसमेत गर्दै आइरहेका थिए। उनीहरूले समयमै तलब सुविधा पाउनुपर्ने भन्दै महानगरमा निवेदनसमेत दिएका थिए।

बिग्रिएको मिठाई बेच्ने टिपटपलाई दुई लाख जरिवाना

काठमाडौं/ म्याद गुज्रिएर बिग्रिएको दूधबरी बेच्ने टिपटप समोसा पसललाई महानगर प्रहरीले दुई लाख रुपैयाँ जरिवाना गरेको छ। काठमाडौं महानगरपालिका वडा नं १७, नघलमा रहेको पसलले बिग्रिएको दूधबरी बेचेको भन्दै उपभोक्ताले महानगर प्रहरी बलमा गुनासो टिपाएका थिए।

सोही आधारमा महानगरको नगर प्रहरी पुगेर कारबाही गरेको महानगर प्रहरी बलका प्रमुख नगर प्रहरी उपरीक्षक राजुनाथ पाण्डेले बताए। कृषि तथा पशुपक्षी विभागका प्रमुख एवं निरीक्षण अधिकृत डा. अवधेश झा नेतृत्वको टोलीले पसलमा पुगेर अनुगमन गर्दा फाटेको दूधमा दूधबरी बनाइएको भेटिएको थियो। अनुगमनका क्रममा करिब पाँच किलोग्राम बिग्रिएको मिठाई उत्पादकलाई नै नष्ट गर्न लगाइएको निरीक्षण अधिकृत डा. अवधेश झाले बताए। महानगरपालिकाले अखाद्य वस्तु नराख्न, खानेकुरालाई तापक्रम मिलाएर भण्डारण तथा बिक्री व्यवस्था गर्न, गुणस्तर कायम गर्न, बिग्रिएका सामग्री बजारमा पठाइएको भए फिर्ता ल्याएर नष्ट गर्न आदेश पनि दिएको छ।

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०६/०२)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण/फोटो
१. नाम: विर बहादुर सुनार ठेगाना: दोधरा चाँदनी-६, कञ्चनपुर कर्जा शिर्षक: व्यक्तिगत कर्जा	विर बहादुर सुनारको नाममा दर्ता रहेको कञ्चनपुर जिल्ला, दोधरा गा. वि. स. वडा नं.३ स्थित कित्ता नं. ९३२ को क्षेत्रफल ६७७.२६ बर्ग मिटरको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	तुल्सी सुनार ठेगाना: दोधरा चाँदनी-६, कञ्चनपुर ससुरा: पदम बहादुर सुनार श्रीमान्: विर बहादुर सुनार प्रेम सुनार ठेगाना: दोधरा चाँदनी-६, कञ्चनपुर बुवा: पदम बहादुर सुनार बाजे: मन बहादुर सुनार
२. नाम: निरु लिम्बु ठेगाना: सुरुम्खिम-३, ताप्लेजुङ्ग बुवा: धन बहादुर लिम्बु श्रीमान्: बुद्धि प्रकाश लिम्बु कर्जा शिर्षक: व्यक्तिगत कर्जा	निरु लिम्बुको नाममा दर्ता रहेको झापा जिल्ला, शनिस्चरे वडा नं. ७ स्थित कित्ता नं. १५०२ को क्षेत्रफल ०-०-७.२५ (वि-क-धु) को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	बुद्धि प्रकाश लिम्बु ठेगाना: सुरुम्खिम-३, ताप्लेजुङ्ग बुवा: जित बहादुर लिम्बु बाजे: मानध्वज लिम्बु बुत कुमार लिम्बु ठेगाना: पेदांग-९, ताप्लेजुङ्ग बुवा: काली बहादुर लिम्बु बाजे: दल बहादुर लिम्बु

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-५७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**गणेश बहादुर थापा क्षेत्री (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : कर्ण बहादुर थापा क्षेत्री बाजे : चन्द्र बहादुर थापा	चन्द्र बहादुर थापाको नाती, कर्ण बहादुर थापा क्षेत्रीको छोरा, सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल विरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने गणेश बहादुर थापा क्षेत्रीको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोईली गा.वि.स. वडा नं. ७क स्थित कित्ता नं. ११७१ को क्षेत्रफल ०-०-१५ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) सम्झना थापा क्षेत्री स्थायी ठेगाना : सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : हिक्मत थापा ससुरा : कर्ण बहादुर थापा क्षेत्री पति : गणेश बहादुर थापा क्षेत्री	**२) स्वस्तिका थापा** स्थायी ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १७ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : गणेश बहादुर थापा क्षेत्री बाजे : कर्ण बहादुर थापा क्षेत्री
	ऋणीको विवरण	
२)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, सुर्खेतमा प्रा.फ.र.नं २३५६/०६७/०६८ अन्तर्गत मिति २०६७/१२/२८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०६ स्थित **बालाराम स्टोर्स हार्डवेयर एण्ड सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता : राम प्रसाद उपाध्याय**	
	जमानीकर्ताहरुको विवरण	
	१) राम प्रसाद उपाध्याय (क्रेडिट कार्ड कर्जा समेत) स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : वालाराम उपाध्याय बाजे : डिल्लीराम उपाध्याय	**२) विक्रम उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : राम प्रसाद उपाध्याय बाजे : वालाराम उपाध्याय **३) बाल कुमारी वाग्ले उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : लक्ष्मी प्रसाद आचार्य ससुरा : वालाराम उपाध्याय पति : राम प्रसाद उपाध्याय **४) वसन्ती चालिसे** स्थायी ठेगाना : बर्दिया जिल्ला, गोला गा.वि.स. वडा नं. ०२ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : गोविन्द प्रसाद चालिसे ससुरा : राम प्रसाद उपाध्याय पति : विक्रम उपाध्याय
	ऋणीको विवरण	
	राम प्रसाद उपाध्याय **स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३** **हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १०** **बाबु : वालाराम उपाध्याय** **बाजे : डिल्लीराम उपाध्याय**	
	जमानीकर्ताहरुको विवरण	
	१) सायरा उपाध्याय स्थायी ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : राम प्रसाद उपाध्याय बाजे : वालाराम उपाध्याय	**२) विक्रम उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : राम प्रसाद उपाध्याय बाजे : वालाराम उपाध्याय **३) बाल कुमारी वाग्ले उपाध्याय** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : लक्ष्मी प्रसाद आचार्य ससुरा : वालाराम उपाध्याय पति : राम प्रसाद उपाध्याय **४) वसन्ती चालिसे** स्थायी ठेगाना : बर्दिया जिल्ला, गोला गा.वि.स. वडा नं. ०२ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : गोविन्द प्रसाद चालिसे ससुरा : राम प्रसाद उपाध्याय पति : विक्रम उपाध्याय
	धितोको विवरण	
	१) लक्ष्मी प्रसाद आचार्यकी छोरी, वालाराम उपाध्यायकी बुहारी, राम प्रसाद उपाध्यायकी पत्नि, सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बस्ने बाल कुमारी वाग्ले उपाध्यायको नाममा मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ७/७ख स्थित कित्ता नं. ७८३८ को क्षेत्रफल १९० (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) डिल्लीराम उपाध्यायको नाति, वालाराम उवाध्यायको छोरा, सुर्खेत जिल्ला, लाटिकोइली गा.पं. वडा नं. ०३ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बस्ने राम प्रसाद उपाध्यायको नाममा मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ स्थित कित्ता नं. ३ को क्षेत्रफल ९८४ (व.मि) तथा सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ७/७घ स्थित कित्ता नं. १४४२ को क्षेत्रफल १०२ (व.मि) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) वालाराम स्टोर्स हार्डवेयर एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय पथरी, मोरङ्गको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/०२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय पथरी, मोरङ्गबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्ने लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य कार्यालय विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/१०/१२ मा प्रा.फ.नं. ३०४९४/०७४/७५ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, बेलवारी न.पा. वडा नं. २ **स्थित श्री माई ज्वेलर्स** **प्रोप्राइटर: सुर्य खाती**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/११/०५ मा प्रा.फ.र.नं. ३५२४६/०७७/७८ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, बेलवारी न.पा. वडा नं. १ स्थित **माता लक्ष्मी ज्वेलरी** **प्रोप्राइटर: धलिसा घताने**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बाल कृष्ण खातीको नाति, ऋषी प्रसाद खातीको छोरा, तेह्रथुम जिल्ला, ओयाक्जुङ गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलवारी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **सुर्य खाती (ना.प्र.प.नं. ०८१०२५/६५२७, तेह्रथुम)**

२. ऋषी प्रसाद खातीको बुहारी, सुर्य खातीको पत्नी, मोरङ्ग जिल्ला, बेलवारी गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलवारी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **धलिसा घताने (ना.प्र.प.नं.: ०५-०१-७०-१५७२६, मोरङ्ग

‘भिआइपी’ ठग, जसले एकल महिलादेखि निमुखा किसानसम्मलाई जालमा पारे

काठमाडौं जिल्ला प्रहरी परिसरमा मात्र २७ जाहेरी, १८ करोड ठगीको एउटै जाहेरी

टेकराज थामी/नयाँ पत्रिका

उद्योगमा साझेदार बनाउने आश्वासनपछि कैलालीको धनगढी उपमहानगरपालिका- ४ की निम्मी थापा दोलखाको मेलुङ गाउँपालिका- १ दियालेखर्कका ३९ वर्षीय दिनेश कोइरालासँग नजिकिइन् । भएभरको सबै सम्पत्ति सहकारीमा राखेर १८ करोड थमाइदिइन् । अहिले सोही रकम उनका लागि गलपासो बनिदिएको छ ।

सामाजिक सञ्जालमार्फत भेट भएको थियो दिनेशसँग । चिल्लो गाडीमा टिपटप शैलीमा हिँड्ने दिनेशले उनलाई उद्योगको साझेदार बनाउँछु भने । उनले दिनेशको प्रस्तावलाई सुरुमा टारिदिइन् । तर, दिनेशले हार मानेनन् । दुईबीच सामाजिक सञ्जालमार्फ संवाद चल्दै गयो । नयाँ-नयाँ प्रस्ताव राख्ने क्रम जारी रह्यो । वर्ष दिनसम्मको दोहोरो संवाद र भेटघाटपछि अन्ततः थापा दिनेशको विश्वासमा परिन् ।

नवदुर्गा हार्डवेयर कम्पनीलाई दिनेशले राधादेवी हार्डवेयर इन्टरप्राइजेज प्रालिमा बदले । थापालाई सोही प्रालिको साझेदार बनाइदिए । काठमाडौंको मनमैजुमा उनको घर थियो । घर हामा बहुउद्देश्यीय सहकारीमा राख्न लगाए । सहकारीबाट ७५ लाख रुपैयाँ ऋण झिके ।

उद्योगमा लगानी अझै बढाउनुपर्ने प्रस्ताव लिएर दिनेश पुनः थापाकहाँ पुगे । थापाले कैलालीको धनगढी उपमहानगरपालिका- ४ स्थित १७ कट्ठा १० धुर जग्गा हनुमानढोका सहकारीमा धितो राखिन् । सात करोड झिकेर दिनेशलाई दिइन् । लगानी अझै पुगेन भने दिनेशले । थापाले धनगढीमै रहेको अर्को २२ कट्ठा जग्गा रिलायन्स फाइनान्समा धितो राखिन् । पाँच करोड झिकिन् र दिनेशलाई नै सुम्पिइन् ।

श्रीमान्को मृत्यु भएपछि थापा घरमा एक्लै थिइन् । दिनेशको चंगुलबाट सचेत गराउने उनलाई कोही भएनन् । दिनेशले यसैको फाइदा उठाउँदै थापासँग रकम माग्दै गए । थापा दिँदै गइन् । करिब वर्ष दिनको बीचमा दिनेशले थापासँग १८ करोड ५६ लाख ३४ हजार एक सय सात रुपैयाँ लिए । जब दिनेश सम्पर्कविहीन बने, बल्ल थापाले ठगिएको भेउ पाइन् ।

भएभरको सम्पत्ति सकेर अदालतको चक्कर काटिरहेकी उनले नयाँ पत्रिकासँग भनिन्, ‘श्रीमान् बितेपछि म घरमा एक्लै थिएँ । उद्योगमा साझेदार बनाउने भनेपछि म यो (दिनेश)सँग नजिकिँए । यसले मलाई वर्ष दिन फलो गऱ्यो । मलाई प्रलोभनमा पाऱ्यो । मबाट १८ करोड रुपैयाँ लिएर गयो । न यसले मलाई उद्योगको साझेदार बनायो, न मेरो रकम फिर्ता दियो । आफ्नै सम्पत्ति फिर्ता लिन अहिले म अदालत धाइरहेकी छु ।’



दिनेश कोइराला

श्रीमान् गुमाएकी काठमाडौंकी जमुना थापासँग पनि दिनेशले सामाजिक सञ्जालबाटै सम्बन्ध अघि बढाए । उद्योगमा साझेदार बनाउने प्रलोभन बाँडे । दिनेशको प्रलोभनमा जमुना सजिलै फस्न पुगिन् । भएभरको सम्पत्ति सहकारीमा राखेर दुई करोड ८२ लाख झिकेर दिइन् । जब रकम हात लाग्यो, त्यसपछि दिनेश सम्पर्कविहीन बने ।



■ जिल्ला प्रहरी परिसर काठमाडौंका डिएसपी अनिल अधिकारी भन्छन्-

दिनेश ठगको पनि महाठग हो । यसले विशेषगरी एकल महिलालाई ठगी गरेको देखिन्छ । पछिल्लो एउटै जाहेरी १८ करोडको छ । त्यस्ता जाहेरी हामीकहाँ मात्रै २७ वटा पुगेका छन् । अन्य जिल्लामा पनि उसविरुद्ध ठगीको उजुरी परेको छ । अहिले यो हाम्रै हिरासतमा छ । योविरुद्धको केस अहिले अदालतमा पुगेको छ ।

एकल महिला लक्षित गरी ठगी गर्ने काइदा दिनेशको नौलो नभएको तथ्य जिल्ला प्रहरी परिसर काठमाडौंका डिएसपी अनिल अधिकारी बताउँछन् । उनका अनुसार दिनेशविरुद्ध काठमाडौं प्रहरीमा मात्रै त्यस्ता ठगीका २७ मुद्दा दर्ता भएका छन् । त्यसबाहेक धनगढी, मोरङ, झापालगायतका जिल्लामा पनि दिनेशविरुद्ध ठगीका मुद्दा रहेको डिएसपी अधिकारीको भनाइ छ ।

उनले भने, ‘दिनेश ठगको पनि महाठग हो । यसले विशेषगरी एकल महिलालाई ठगी गरेको देखिन्छ । पछिल्लो एउटै जाहेरी १८ करोडको छ । त्यस्ता जाहेरी हामीकहाँ मात्रै २७ वटा पुगेका छन् । अन्य जिल्लामा पनि उसविरुद्ध ठगीको उजुरी परेको छ । अहिले यो हाम्रै हिरासतमा छ । योविरुद्धको केस अहिले अदालतमा पुगेको छ ।’

झापा, मोरङ र सुनसरीका विपन्न पनि ठगिए

सुन्दर घर बनाई सुखी जीवन बिताउने मोरङ उर्लाबारी- ८ दुर्गापुरीका विष्णुबहादुर धिमालको सपना तीन लाख रुपैयाँले अड्किरहेको थियो । भाइ नाता पर्ने रामप्रसाद धिमाललाई उनले आफ्ना सपना सुनाए ।

जग्गा धितो राखे ऋण जति पनि पाइने भन्दै रामप्रसादले विष्णुलाई हौस्याएनन् मात्रै, ऋण दिने साहु पनि खोजिदिने आश्वासन दिए । विष्णुलाई ढुंगा खोज्दा देउता मिलेजस्तै भयो । भएजति जग्गाको लालपुर्जा बोकेर विष्णु रामप्रसादकहाँ गए । रामप्रसादले विष्णुलाई दिनेशसँग भेट गराइदिए । जग्गाको कारोबार गर्ने दिनेश त्यसवेला उर्लाबारीमै थिए ।

विष्णु, रामप्रसाद र दिनेश उर्लाबारीस्थित मालपोत कार्यालय पुगे । विष्णुको नाममा एक बिघा आठ कट्ठा जग्गा थियो । सबै जग्गा दिनेशको नाममा पास गर्ने, त्यसबापत तीन लाख रुपैयाँ विष्णुलाई दिने, दुई वर्षसम्म ऋण फिर्ता नगरे विष्णुको जग्गा स्वतः दिनेशको नाममा हुने व्यहोराको कागज बन्यो । रामप्रसादको विश्वासमा परेर विष्णुले कागजमा हस्ताक्षर गरे । लालपुर्जा दिनेशलाई थमाए । कागजअनुसार उनले तीन लाख रुपैयाँ बुझे, घर फर्किए ।

त्यसपछि पो थाहा भयो, दिनेशले गाउँका अरूलाई पनि त्यसैगरी ऋण दिएका रहेछन् । जसका लागि उनले मतियारका रूपमा रामप्रसादलाई प्रयोग गरेका रहेछन् । विष्णुलाई अब दिनेशको गतिविधिप्रति शंका लाग्न थाल्यो । दिनेशलाई तत्काल सम्पर्क गर्न खोजे । तर, दिनेश त्यसवेलासम्म बेपत्ता भइसकेका थिए । बेचैन बनेका उनले रामप्रसादलाई समाते । जग्गा तुरुन्तै फिर्ता गरिदिन भने । तर, रामप्रसादले न दिनेशलाई भेटाइदिए, न जग्गा नै फिर्ता गरिदिए ।

विष्णुका अनुसार दिनेशले यसैगरी गाउँका दीपा धिमाल, रिता मगर, शिवलाल पुरी, राम धिमाललाई पनि सुकुमबासी बनाएका छन् । आर्थिक अभावको कारण उनीहरूसँग आफ्नै सम्पत्ति खोज्न सक्ने हैसियत छैन ।

सुनसरी इटहरी- ५ का सहदेव गुरुङलाई घरायसी कारोबारका लागि २० लाख रुपैयाँ आवश्यक पऱ्यो । ऋणको खोजी गर्ने क्रममा उनको भेट मितेरी साइनो पर्ने इटहरी- ८ का तीर्थराज रेग्मीसँग भयो । घर धितो राखे ऋण मिलाइदिने भन्दै तीर्थराजले दिनेशलाई भेट गराइदिए । दुवै पक्ष मालपोत पुगे । तीर्थराजको विश्वासमा सहदेवले ५० लाख रुपैयाँ पर्ने घर दिनेशको नाममा पास गराए । कागजात लिए, दिनेश फरार बने । सहदेव आफ्नै घरमा सुकुमबासी बन्नुपऱ्यो ।

उनीसँगै भेटिएका मोरङ कानेपोखरी- ५ का उमेश गुरुङसँग पनि दिनेशले जग्गा कारोबारको साझेदार बनाइदिने भन्दै एक करोड ५० लाख रुपैयाँ लिए । दुवैबीच रकम लेनदेनको कागजात भयो । रकम लिएपछि न दिनेशले उमेशलाई कारोबारमा साझेदार बनाए, न रकम नै फिर्ता गरे ।

त्यसैगरी, उनले इटहरी- ८ की यशोदा भट्टराईसँग ३० लाख रुपैयाँ लिए । उनकी आमासँग ५० लाख रुपैयाँ लिए । उनीहरूलाई भने झापाको दमकस्थित तारबारीमा सञ्चालित कृषि फर्ममा साझेदार बनाइदिने भनेका थिए । तर, उनले न कबुल गरेझैं व्यवसायमा साझेदार बनाए, न रकम नै फिर्ता गरिदिए । निकै दबाबपछि दिनेशले आफ्नो र श्रीमतीको नाममा रहेको विभिन्न बैंक एकाउन्टबाट चेक काटे । तर, ती सबै बाउन्स भए ।

■ चिकित्सक कुटपिट प्रकरण

पक्राउ परेकालाई थपियो म्याद, थप पाँचविरुद्ध पक्राउ पुर्जी जारी

मकवानपुरमा **पोष्टराज अधिकारी**

चिकित्सक कुटपिटको आरोपमा पक्राउ परेका पाँचजनालाई थप पाँच दिन हिरासतमा राख्न जिल्ला अदालतले म्याद थप गरेको छ । गत २७ भदौमा हेटौंडा उपमहानगरपालिका-१ मा रहेको सञ्चो अस्पतालमा कार्यरत दुई चिकित्सकमाथि कुटपिट भएपछि प्रहरीले पाँचजनालाई नियन्त्रणमा राखी अनुसन्धान गरिरहेको छ ।

जिल्ला अदालत मकवानपुरले थप पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई म्याद थप गरेको हो । बिरामीको उपचार गरिरहेका डा. विकास थापा र डा. प्रशान्त बिडारीमाथि वार्डबाट तानेर ल्याई कुटपिट भएको थियो । हेटौंडा-१२ की रमा प्रधान, रमिला प्रधान, रोहन प्रधान र अनुप प्रधान गत बिहीबारदेखि प्रहरी हिरासतमा छन् ।

यसैबीच, प्रहरीले घटनामा संलग्न रहेको आरोपमा अन्य पाँचजनालाई पक्राउ गर्न पक्राउ पुर्जी जारी गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले हाल हिरासतमा रहेकाहरूको बयान र अस्पतालबाट प्राप्त सिसिटिभी फुटेजको अध्ययनका आधारमा थप पाँचजनालाई घटनामा संलग्न भएको आधारमा पक्राउ पुर्जी जारी गरिएको जानकारी दिए ।

गत २५ साउनमा सञ्चो अस्पतालमा उपचार गराउन आएका हेटौंडा-१२ पदमपोखरीका ४१ वर्षीय राजेश प्रधानको मृत्युको विषयलाई लिएर एक महिनापछि आफन्तले अस्पताल पुगेरै चिकित्सकमाथि कुटपिट गरेका थिए । अस्पताल प्रशासनका अनुसार उपचारका लागि ल्याइएका प्रधानलाई थप उपचारका लागि चितवन मेडिकल कलेजमा रिफर गरिएको थियो । उनको उपचारको क्रममा त्यहीं मृत्यु भएको थियो । आफन्तले भने हेटौंडामै उपचारका क्रममा लापरबाही भएकाले मृत्यु भएको दाबी गर्दै आएका छन् ।

काममा फर्किए स्वास्थ्यकर्मी

चिकित्सक कुटपिटको घटनामा सरकार र चिकित्सक संघबीच सहमति भएपछि आन्दोलनरत चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी काममा फर्किएका छन् । डाक्टर कुटपिटको घटनामा संलग्न रहेका सबैलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउनुपर्ने भन्दै स्वास्थ्यकर्मीले आइतबार देशभरका निजी तथा सरकारी अस्पतालमा आकस्मिकबाहेकका सेवा बन्द गरेका थिए ।

आन्दोलनकै क्रममा हेटौंडा अस्पतालमा कार्यरत ७९ स्वास्थ्यकर्मीले सामूहिक राजीनामा दिएका थिए । चिकित्सक संघ र सरकारबीच ६ बुँदे सहमति भएपछि आन्दोलनका कार्यक्रम फिर्ता गरिएको र सबै काममा फर्किएको राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ मकवानपुरका अध्यक्ष भोलाप्रसाद चौलागाईंले जानकारी दिए । अध्यक्ष चौलागाईंले सेवाग्राहीको स्वास्थ्यलाई ध्यानमा राखी तत्काल आन्दोलनका कार्यक्रम फिर्ता लिए पनि घटनाको विरोधमा हातमा कालोपट्टी बाँधेर काम गर्ने तथा दोषीहरूलाई कारबाही नभए पुनः आन्दोलनमा फर्किने चेतावनी दिए ।

लोसपाले संविधान दिवस बहिष्कार गर्ने

राजविराज/ लोसपाले संविधान संशोधनको माग दोहोऱ्याउँदै संविधान दिवस बहिस्कार गर्न भएको छ । संविधान दिवसको कार्यक्रममा सहभागी नहुने तथा संविधानको विरोध गर्ने लोसपाले जनाएको छ । प्रवक्ता केशव झाका अनुसार संशोधनका लागि दबाब दिन लोसपाले स्थानीय तहदेखि केन्द्रसम्म संविधान संशोधनका पक्षमा ३ असोजमा शान्तिपूर्ण विरोध गर्ने भएको छ । जनताको अभिमतलाई समेत अनादर र उपेक्षा गर्दै सरकारले जनतामाथि दमन र हत्या गरी संविधान जारी भएको लोसपाको ठहर छ ।

गठबन्धन कमजोर बनाउने षड्यन्त्र हुँदै छ : नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सत्तारूढ गठबन्धनलाई कमजोर बनाउने षड्यन्त्र भइरहेको बताएका छन् । राजधानीमा सोमबार आयोजित कार्यक्रमा उनले गठबन्धनलाई बलियो बनाएर जाने पक्षमा एकीकृत समाजवादी रहेको बताए । अमेरिकी सहयोग परियोजना एमसिसीको विरोधमा उभ्याएर सरकारबाट फाल्ने षड्यन्त्रलाई व्याख्यात्मक घोषणामार्फत असफल पारेको नेपालको दाबी छ । उनले भने, ‘हाम्रो पार्टीको पहलकदमीमा एमसिसीमा व्याख्यात्मक टिप्पणी ल्याएर हाम्रो देशको स्वाभिमानको रक्षा गरेका छौं । केहीकेही मान्छेको गीत नै एमसिसी हामीले अस्वीकार गर्नुपर्दथ्यो भन्ने छ ।’ उनले एमसिसीको विरोध गरेर ठूलो नहुने जिकिर गरे । एमसिसीको विरोध गरेर ठूलो हुने भए जनमोर्चा र नेमकिपाले कति सिट जिते भन्ने प्रश्न पनि उनले गरे । एमसिसीको विरोध गठबन्धनबाट एकीकृत समाजवादीलाई अलग्याउने षड्यन्त्र भएको उनले बताए ।



SIPRADI TRADING PVT. LTD., An ISO 9001:2015 and ISO 45001:2018 Certified Company
Thapathali 01-5350643, 5322150, 5322152, 9801013469

SIPRADI

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**१) इन्द्र राज गिरी** स्थायी ठेगाना : चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ हालको ठेगाना : चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बाबु : रुद्रलाल गिरी बाजे : तेजराज गिरी	तेजराज गिरीको नाति, रुद्रलाल गिरीको छोरा, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बस्ने इन्द्र राज गिरीको नाममा मालपोत कार्यालय खैरहनी,चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. २ (हाल राप्ती न.पा. वडा नं. ७) स्थित कित्ता नं.६५८ को क्षेत्रफल १२०५.८ (व.मी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) दुर्गा पुरी स्थायी ठेगाना : बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. २ हालको ठेगाना : चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बाबु : चुडानाथ पुरी ससुरा : रुद्रलाल गिरी पति : इन्द्र राज गिरी	**२) रोहन गिरी** स्थायी ठेगाना : चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ हालको ठेगाना : चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ८ बाबु : इन्द्र राज गिरी बाजे : रुद्रलाल गिरी
	ऋणीहरुको विवरण	
२)	१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.र.नं. १०२२६/०७२/०७३ स्थानिय व्यापार अन्तर्गत मिति २०७२/१२/०८ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ४ स्थित **ब्राण्ड्स द फेशन स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: इम्रान खान** स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १३ हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १३ बाबु: मौला वक्स मिंया बाजे: नवि वक्स मिंया	**२) इम्रान खान** स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १३ हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १३ बाबु: मौला वक्स मिंया बाजे: नवि वक्स मिंया
	जमानीकर्ताको विवरण	**धितोको विवरण**
	१) रजिया खातुन मिंया स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १३ हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १३ ससुरा: नवि वक्स मिंया पति: मौला वक्स मिंया	१) नवि वक्स मिंयाको नाती, मौला वक्स मिंया को छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १३ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. १३ बस्ने इम्रान खानको नाममा मालपोत कार्यालय कास्कीको लगातमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १३ स्थित कित्ता नं २०१ को क्षेत्रफल ३४९.२० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ब्राण्ड्स द फेशन स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**ऋणीको विवरण**	**जमानीकर्ताको विवरण**
	नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं ७७१२३/०६६/०६७ अन्तर्गत मिति २०६६/११/२५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं २९, ठमेल स्थित **समिट ट्रेडिङ्ग कम्पनी प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: राजेन्द्र विलास जोशी** स्थायी ठेगाना: भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १२ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १४, बाबु: बिर बहादुर जोशी बाजे: चरन विलास जोशी	**इन्दिरा कर्माचार्य** स्थायी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २० हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १४, बाबु : चक्र बहादुर कर्माचार्य ससुरा: बिर बहादुर जोशी पति : राजेन्द्र विलास जोशी
	धितोको विवरण	
	१) चरन विलास जोशीको नाति, बिर बहादुर जोशीको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १४, कुलेश्वर बस्ने राजेन्द्र विलास जोशीको नाममा मालपोत कार्यालय भक्तपुरको लगातमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स. वडा नं ५ (हाल सूर्यविनायक न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११६९ को क्षेत्रफल ०-९-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) समिट ट्रेडिङ्ग कम्पनी प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
४)	**ऋणीको विवरण**	**जमानीकर्ताको विवरण**
	यादव गौतम स्थायी ठेगाना : मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. १ हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ७ बाबु : विष्णु प्रसाद गौतम बाजे : भगिरथ गौतम	**साबित्रा देवी नेपाल** स्थायी ठेगाना : झापा जिल्ला, बुधवारे गा.वि.स. वडा नं. २ हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ७ बाबु : धनपति नेपाल ससुरा : विष्णु प्रसाद गौतम पति : यादव गौतम
	धितोको विवरण	
	भगिरथ गौतमको नाति, विष्णु प्रसाद गौतमको छोरा, मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं.०१ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ७ बस्ने यादव गौतमको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, अमरदह गा.वि.स. वडा नं. ४/४ढ (हाल: पथरी शनिश्चरे न.पा. वडा नं.०७) स्थित कित्ता नं. ८५६ र १२१८ को क्षेत्रफल ०-०-१३.२५ र ०-२-१०-० (बिगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
५)	**ऋणीको विवरण**	**धितोको विवरण**
	दिप लाल पंजियार स्थायी ठेगाना : सर्लाही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा न.पा. वडा नं. ८ बाबु : जगादिश पंजियार बाजे : महाविर पंजियार	१) महाविर पंजियारको नाति, जगादिश पंजियारको छोरा, सर्लाही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं.९ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिपुर्वा न.पा. वडा नं. ८ बस्ने दिप लाल पंजियार को नाममा मालपोत कार्यालय मंलगवा सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सन्तपर बसन्तपुर गा.वि.स. वडा नं. ३ ख (हाल हरिपुर्वा नं.पा. वडा नं. ८ स्थित कित्ता नं. ३१६ र ४५३ को क्षेत्रफल क्रमशः ०-१-१८ र ०-०-५$^{१/२}$ (बिगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) महाविर पंजियारको नाति, जगादिश पंजियारको छोरा, सर्लाही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं.९ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिपुर्वा न.पा. वडा नं. ८ बस्ने दिप लाल पंजियार को नाममा मालपोत कार्यालय मंलगवा सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सन्तपर बसन्तपुर गा.वि.स. वडा नं. ६ घ (हाल हरिपुर्वा नं.पा. वडा नं. ८ कित्ता नं. २१६ र २१७ को क्षेत्रफल क्रमशः०-०-३ र ०-०-३ (बिगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) गुलाब सुडिनी स्थायी ठेगाना : महोतरी जिल्ला, परौल गा.प. वडा नं ९ हालको ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा न.पा वडा नं ८ बाबु : गजु सुडी ससुरा : जगादिस पंजियार पति : दिप लाल पंजियार	**२) देव कृष्ण पंजियार** स्थायी ठेगाना : सर्लाही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं ९ हालको ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा न.पा. वडा नं ८ बाबु : दिप लाल पंजियार बाजे : जगादिस पंजियार	**३) देवेन्द्र पंजियार** स्थायी ठेगाना : सर्लाही जिल्ला, बसन्तपुर गा.वि.स. वडा नं ९ हालको ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा न.पा वडा नं ८ बाबु : दिप लाल पंजियार बाजे : जगादिस पंजियार

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

महाधिवेशनकेन्द्रित रणनीतिमा कोइराला

केन्द्रीय समिति बैठकअघि आज शेखर-गगन समूहको भेला, शर्मा र पौडेललाई समेट्ने प्रयास

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

महाधिवेशनका लागि उम्मेदवारी घोषणा गर्ने वेला भइसकेको बताउँदै आएका कांग्रेस नेता डा. शेखर कोइराला महाधिवेशनकेन्द्रित रणनीति निर्माणमा जुटेका छन् । ४ असोजमा तय केन्द्रीय समिति बैठकअघि डा. कोइरालाले इतरको भूमिका सशक्त बनाउने र आफ्नो समूह निर्माण गर्ने रणनीतिअनुसार काम थालिसकेका छन् ।

कोइरालाले महामन्त्री विश्वप्रकाश शर्मा र युवा नेता प्रदीप पौडेल समेतलाई समेटेर यसको तयारी थालेका हुन् । यसैको तयारीस्वरूप कोइरालाले आज महामन्त्री शर्मा र युवा नेता पौडेलसमेतलाई बोलाएर इतर समूहको भेला बोलाएका छन् । कोइरालाले पहिलोपटक शर्मा र पौडेलसहितको भेला राखेका हुन् ।

कोइरालाका स्वकियसचिव दिनेशचन्द्र थपलियाका अनुसार मंगलबार (आज) २ बजे कोइरालाको सम्पर्क कार्यालय बालुवाटारमा बोलाइएको भेलामा केन्द्रीय समिति बैठककेन्द्रित छलफल हुने र सामूहिक धारणा बनाइने बताए । 'समसामयिक राजनीतिक र केन्द्रीय समिति बैठकको विषयमा सामूहिक धारणा बनाउन छलफलका लागि बोलाउनुभएको हो,' थपलियाले भने, 'छलफलमा इतर समूहका पदाधिकारी, केन्द्रीय सदस्य र प्रदेश सभापतिलाई आमन्त्रण गरिएको छ । महामन्त्री विश्वकप्रकाश शर्मा र प्रदीप पौडेललाई पनि छलफलमा बोलाइएको छ ।'

६ पुसमा संसदीय दलको निर्वाचनपछि १७ भदौमा कांग्रेसइतर समूहको भेलामा महामन्त्री शर्मा र युवा नेता पौडेल सहभागी भए । संसदीय दलको निर्वाचनपछि इतरसमूहका भेला र छलफलमा देखानपरेका महामन्त्री शर्मा र पौडेल पहिलोपटक शेखर-गगन समूहका नेतासँग बसेका थिए । पूर्वसहमहामन्त्री तथा इतरसमूहका नेता अर्जुन नरसिंह केसी र केन्द्रीय सदस्य बलबहादुर केसीको पहलमा अर्जुन केसीनिवास बुढानीलकण्ठमा नेताहरू जुटेका थिए ।

उक्त भेलामा महामन्त्री थापा सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियार, नेताहरू केसी र दिलेन्द्र बडूसहित इतरसमूहका नेता सहभागी थिए । नेता कोइराला आफैं भने सहभागी भएका थिएनन् । कोइरालाले उक्त छलफलमा आफूलाई जानकारी नभएको बताएका थिए । सो दिन कोइराला तनहुँको कार्यक्रममा थिए ।

त्यसयता महामन्त्री शर्मा र नेता पौडेल इतरसमूहसँग नियमित सम्पर्कमा छन् । भ्रातृ संस्था, संसदीय दल र पार्टीमा आफ्नो समूहको भूमिका बेवास्ता गरेको इतरको निष्कर्ष छ । केन्द्रीय समिति बैठकअघि यो समूहले महामन्त्री शर्मा र नेता पौडेलसहित एकै ठाउँमा रहेको सन्देश दिन चाहेको छ । १७ भदौको भेलापछिको अवस्थाबारे एक पदाधिकारी भन्छन्, 'यसले कांग्रेसमा हलचल ल्याएको छ । तर, परिणाम नै देखिने अवस्था आइसकेको छैन ।'



> केन्द्रीय समिति बैठकअघि कोइराला-गगन समूहले महामन्त्री शर्मा र नेता पौडेलसहितका नेता एकै ठाउँमा रहेको सन्देश दिन चाहेको छ

१० साउनको केन्द्रीय समिति बैठकपछि शेखरको सक्रियता

२ देखि १० साउनसम्म बसेको केन्द्रीय समिति बैठकमा इतरको भूमिका कमजोर बनाएको र महामन्त्री थापाको प्रतिरक्षा नगरेको आरोप लागेका कोइरालाले पछिल्लो समय सक्रियता बढाएका हुन् । बैठकअघि उनीमाथि देउवासँग निकट भएको आरोप थियो । तर, उनले कुनै प्रतिक्रिया दिएका थिएनन् ।

बैठकपछि कोइरालाले आफूमाथि लागेका आरोपको स्पष्टीकरण दिनुपर्‍यो । १८ साउनमा कोइरालाले सभापतिसँग नजिकिएको र महामन्त्री थापासँग टाढिएको विषयमा सत्यता नरहेको स्पष्टीकरण दिएका थिए । उनले त्यसवेला १४औं महाधिवेशनमा ४० प्रतिशत भोट पाएको र कसरी ६० देखि ७० प्रतिशत बनाउने भन्नेबारे सोच्नुपर्ने बताएका थिए ।

त्यसयता उनी आफ्नो समूह मिलाउन सक्रिय देखिन्छन् । इतरसमूहबाट सरकारमा मन्त्रीको नाम पठाउने अन्तिम समयमा जानकारी नदिई बुझाएको भन्दै महामन्त्री थापा कोइरालासँग रुष्ट थिए । इतरले पाएका तीन मन्त्रीको नाम कोइरालाले नै देउवालाई बुझाएका थिए । मन्त्री बनाउने समयमा तीन मन्त्री माग गरेकोमा दुई मात्रलाई देउवाले मन्त्री बनाएका थिए । पछिल्लो समय कोइराला जिल्ला जाँदा पनि महाधिवेशनकेन्द्रित 'मुभ' गरिरहेका छन् । त्यसक्रममा उनले दुवै पक्षका नेता कार्यकतासँग भेटघाट गर्ने गरेका छन् ।

■ बिपी साहित्य महोत्सवको समापन ३ असोजमा

बिपी साहित्य महोत्सवको समापन सत्रका कार्यक्रम ३ असोजका लागि तय भएका छन् । संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको असामयिक निधनका कारण २६ भदौको महोत्सवको अन्तिम दिनको कार्यक्रम स्थगित भएका थिए । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार संविधान दिवसको दिन महोत्सव यसअघि समापन सत्रका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

समापन सत्रको कार्यक्रममा प्राध्यापक केदारभक्त माथेमाको 'बिपीको समाजवादमा शिक्षा कस्तो हुन्थ्यो होला ?' विषयमा 'की नोट स्पिच', समावेशिता, सामाजिक रूपान्तरण र बिपी, समय र सबाल्टर्न, बिपीका आख्यानमा नारी र परिवारले बुझेका बिपी गरी चार सत्र रहनेछन् । यसअघि राखिएका सांगीतिक साँझ भने यसपटक समावेश नगरिएको कांग्रेसले जनाएको छ । कार्यक्रम बिहान साँढे दशदेखि साँझ पाँच बजेसम्म हुनेछ ।

२४ भदौमा ११०औं बिपी जन्मजयन्तीमा पहिलोपटक महोत्सवको आयोजना गरेको थियो । महोत्सव कांग्रेसको आयोजना, नेपाली लेखक संघको संयोजन र निरन्तर शनिबार, नेपाल सांस्कृतिक संघ र फाइन आर्टको सहयोगमा आयोजना भएको हो । १० साउनमा सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले बिपी साहित्य महोत्सव आयोजना गर्ने निर्णय गरेको थियो । संस्थापक नेता, प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको जन्मदिन २४ भदौलाई कांग्रेसले हरेक वर्ष बिपी जन्मजयन्तीका रूपमा मनाउँदै आएको छ ।

नारायणीमा डुबेर दुई बालकको मृत्यु

नवलपरासी/ पूर्वी नवलपरासीको गैंडाकोटस्थित नारायणी नदीमा डुबेर एकै परिवारका दुई बालकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार सोमबार दिउँसो नवलपुरको गैंडाकोट नगरपालिका-७ स्थित नारायणी नदीमा पौडी खेल्ने क्रममा डुबेर दुई बालकको मृत्यु भएको हो । मृत्यु हुनेमा गैंडाकोट-७ गैरी बस्ने सुमन कुमालका छोराहरू १४ वर्षीय सबिन कुमाल र नौवर्षीय संगम कुमाल रहेका छन् ।

वृद्धाको ज्यान गयो

ताप्लेजुङ/ लोप हुँदै गएको अरिंगालले टोकेर ताप्लेजुङमा एक वृद्धाको ज्यान गएको छ । जिल्लाको आठराई त्रिवेणी गाउँपालिका-४ चाँगेकी ७४ वर्षीया सुनमाया तामाङको अरिंगालको टोकाइबाट मृत्यु भएको हो । वडाध्यक्ष अर्जुन लिम्बूका अनुसार तामाङलाई शनिबार दिउँसो जंगलमा दाउरा खोज्न गएका वेला अरिंगालले टोकेको थियो । अरिंगालले टोकेर गम्भीर घाइते भएकी वृद्धालाई चाँगे स्वास्थ्यचौकीमा प्राथमिक उपचार गरिएको थियो ।

३० वर्षको प्रतीक्षापछि लालपुर्जा



हुम्लामा **नरजन तामाङ**

हुम्लाको ताजाकोट गाउँपालिका-३ मा रहेको मासपुरवासीले प्रक्रिया अघि बढेको ३० वर्षपछि जग्गाको लालपुर्जा पाएका छन् । १९ चैत ०५० मा मासपुर गाउँको जग्गा जिल्ला मालपोत कार्यालयको मोठमा दर्ता भएको थियो । तर, अहिलेसम्म जग्गाको लालपुर्जा हात परेको थिएन ।

२४ घरधुरी रहेको मासपुर गाउँका स्थानीय आफ्नै जग्गाको लालपुर्जा देख्न पाउँदा दंग परेका छन् । पहिले यो ठाउँ साबिकको मैला गाउँ विकास समिति-७ को बदेलचौरमा पर्थ्यो । उनीहरूले पञ्चायतकालदेखि जग्गाको तिरो तिर्दै आएका थिए । मासपुरका दल बुढाले वर्षौंको प्रतीक्षापछि आफ्नै जग्गाको लालपुर्जा पाउँदा ज्यादै खुसी लागेको बताए । उनले ०४५ देखि ०८० सम्म गरी एक हजार चार सय रुपैयाँ तिरो तिरेको जानकारी दिए ।

पटक-पटक नापी हुने, तर पुर्जा नआउने गर्दा निरीह हुँदै आएका अर्का स्थानीय केशबहादुर रोकाया यसपटक हातमै लालपुर्जा परेकोमा दंग छन् । 'पटक-पटक नापी हुँदा पनि जग्गाधनी पुर्जा नदिइएकाले आशा मरिसकेको थियो,' उनले नयाँ पत्रिकासँग भने, 'तर, गाउँमै अधिकार आएपछि हाम्रो सपना साकार भएको छ ।' उनले सिमकोट गाउँपालिकाको पहलमा ताजाकोटमै लालपुर्जाको प्रतिलिपि पाएको जानकारी दिए । तत्कालीन ताजाकोट गाउँपालिका अध्यक्ष बाग्दल मल्लको रोहबरमा मासपुरवासीलाई लालपुर्जा वितरण पहल भएको रोकायाले बताए ।

मासपुरका मुख्या रोकायाको लालपुर्जाको आशा गर्दागर्दै गत वर्ष ८० वर्षको उमेरमा मृत्यु भयो । ९० वर्षका दलवीर रोकाया पनि बितिसके । ३० वर्षदेखि उनीहरूले साँचेको सपना अब बाँचेकाहरूको हकमा साकार भएको छ । भौगोलिक रूपमा विकट मासपुर गाउँका स्थानीय अब जग्गाको वास्तविक धनी भएका छन् ।

धादिङका अधिकांश वधशाला मापदण्डविपरीत

अनुगमनमा पुगेका प्राविधिक भन्छन्- वधशालामा काटिए पनि मासु खानयोग्य छैन

धादिङमा **अर्जुन श्रेष्ठ**

धादिङका वधशाला मापदण्डविपरीत सञ्चालनमा रहेको पाइएको छ । त्यहाँ काटिएका मासु खानयोग्य नरहेको सरकारी अनुगमन टोलीको भनाइ छ । 'धादिङबेंसी र आसपासका वधशालामा काटिएका मासु ढुक्कले खान मिल्छ भन्न सकिँदैन,' नीलकण्ठ नगरपालिका उपभोक्ता हित संरक्षण समितिले गरेको अनुगमनमा पुगेका जिल्ला भेटेरेनरी अस्पतालका पशुविज्ञ डा. सन्दीप सिलवाललेे भने, 'पशु वधशाला तथा वधस्थल सञ्चालन मापदण्डअनुसार मासु काट्दा माक्स, एप्रोन, पन्जा, गमबुट अनिवार्य लगाउनुपर्छ । मासु काट्दा लगाउने र बाहिर लगाउने कपडा छुट्टै हुनुपर्छ । तर, यी सामान्य मापदण्ड पनि लागू गरिएका छैन ।'

सफा र स्वच्छ पानीले मासु धुनुपर्ने भए पनि खोलाको धमिलो पानी तानेरै धुने गरेको भेटिएको छ । यस्तै, मासु राखिएका स्टोर पनि सफा नपाइएको अनुगमन टोलीको भनाइ छ । नीलकण्ठ नगरपालिका-८ को कमेरेमा रहेको नमल फ्रेस हाउस र नीलकण्ठकै वडा नम्बर १२ मा रहेको लापाली मासु पसलको बिहीबार विज्ञसहितको टोलीले अनुगमन गर्दा यस्तो भेटिएको हो । नीलकण्ठ नगरपालिकाका उपमेयर एवं उपभोक्ता हित संरक्षण समितिका संयोजक दीपक विश्वकर्माले कमेरेको नमल फ्रेस हाउसवरिपरि पशु काटेर थुपारिएका कुहिएका छाला र हड्डीले दुर्गन्धित पाइएको जानकारी दिए । वधशालामा हुनुपर्ने न्यूनतम मापदण्ड नै लागू नगरेको भेटिएको उनले बताए ।



धादिङको नीलकण्ठ नगरपालिका-८ कमेरेमा सञ्चालित नमल फ्रेस हाउसमा पुगेको सरकारी अनुगमन टोली । तस्बिर : अर्जुन श्रेष्ठ/नयाँ पत्रिका

पशुवध गर्नुअघि बेहोस बनाउने र मार्नका लागि प्रयोग गर्ने उपकरण वधशालामा छैन । टाउकोमा घनले हानेर मार्ने पुरानै तरिका अपनाउने गरेको अनुगमन टोलीले भेटेको छ । मासु खानयोग्य हुन्छ कि हुँदैन भनेर काट्नुअघि पशुको स्वास्थ्य परीक्षण गर्नुपर्ने मापदण्ड छ । काटिसकेपछि त्यो मासु खानयोग्य छ कि छैन भन्ने पनि परीक्षण गर्नुपर्ने हुन्छ । तर, दुवै वधशालामा पशु र मासु परीक्षण गर्ने मान्छे र उपकरण नै छैन ।

वधशालाले लापरबाही तरिकाले काटिरहेको मासु ल्याएर पसलेहरूले बेच्ने गरेको नीलकण्ठ नगरपालिका प्रशासन शाखा प्रमुख लोकनाथ उपाध्यायले बताए । जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग, नगरपालिका, भेटेरेनरी अस्पताललगायतले वधशालालाई पटक-पटक सुधार गर्न निर्देशन दिने गरेका छन् । यद्यपि, विभिन्न बहाना बनाउँदै सञ्चालकहरूले वर्षौंदेखि आलटाल गरिरहेका छन् । यसपटक पनि अनुगमन टोलीले सरसफाइमा ध्यान दिन र भौतिक संरचनाका कुरा एक साताभित्र सुधार गरेर मापदण्डको दायरामा ल्याउन निर्देशन दिएको छ ।

अनुगमन टोलीले यसअघि मासु पसलहरूको पनि अनुगमन गरेको थियो । त्यसक्रममा धादिङबेंसीका अधिकांश मासु पसलहरू पनि मापदण्डविपरीत नै भेटिएका थिए ।



पौराणिक कथामा 'वानर सेना'

चलचित्र 'वानर सेना' असोज १९ गतेबाट प्रदर्शन हुने भएको छ। पौराणिक कथावस्तुमा अधारित यो चलचित्रलाई अर्पण गिरीले निर्देशन गरेका हुन्। चलचित्रमा आरजु प्रसाईं, किशोर खतिवडा, सुरवीर पण्डित, अर्जुन गुरुङ, किशनबाबु बस्नेत, राजन निरौला, कामेश्वर चौरासियालगायतको अभिनय छ। चलचित्रको पटकथा तथा संवाद पनि स्वयं निर्देशक गिरीले नै लेखेका हुन्।



ओस्कारका लागि 'हल्कारा' सिफारिस

ओस्कार अवार्डको ९६औं संस्करणका लागि नेपालको अन्तर्राष्ट्रिय फिचर फिल्म छनोट समितिले विक्रम सापकोटा निर्देशित फिल्म 'हल्कारा' सिफारिस गर्ने निर्णय गरेको छ। समितिको सोमबार बसेको बैठकले प्राप्त फिल्ममध्येबाट 'हल्कारा'लाई सिफारिस गरेको हो। ओस्कार अवार्ड मार्च १० मा अमेरिकाको लस एन्जलसको डल्बी थिएटरमा हुनेछ।

■ तिजको रौनक

पाँच लाख भक्तजनले गरे पशुपतिनाथको दर्शन





नयाँ पत्रिका

हिन्दू महिलाहरूको महान् चाड हरितालिका तिजका अवसरमा देशभरका शिवालयमा चहलपहल देखिएको छ। सोमबार झन्डै पाँच लाख भक्तजनले पशुपतिनाथको दर्शन गरेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। कोषका अनुसार बिहान ३ बजेदेखि राति ८ बजेसम्म व्रतालु भक्तजनले पशुपतिको दर्शन गरेका हुन्। 'व्यवस्थित र सौहार्द्रपूर्ण ढंगले तिज सम्पन्न भएको छ। गत वर्षहरूभन्दा यो वर्ष धेरै व्रतालु भक्तजनले पशुपतिनाथको दर्शन गर्नुभएको छ,' कोषका प्रवक्ता रेवतीरमण अधिकारीले भने। सोमबार पशुपतिमा दर्शन गर्न आउने व्रतालु भक्तजनका लागि चारवटा ठाउँबाट लाइनको व्यवस्था गरिएको थियो। कोषका अनुसार कोटेश्वर-तीनकुने-सिनामंगल क्षेत्रबाट आउने भक्तजनका लागि तिलगंगा पर्यटक टिकट काउन्टर क्षेत्रबाट प्रवेश गरी राममन्दिर-आर्यघाट क्षेत्र हुँदै पूर्वी ढोकाबाट पशुपतिनाथ मन्दिर प्रवेश गर्ने गरी लाइनको व्यवस्था भएको थियो। यो बाटोबाट आउने भक्तजनका लागि जुत्ता-चप्पल आर्यघाट जाने बागमती नदीमाथिका दुई पुल पार गरेपछिको मध्य क्षेत्रमा राख्ने व्यवस्था गरिएको थियो।

मित्रपार्क क्षेत्रबाट प्रवेश गर्न पाउने गरी दोस्रो लाइनको व्यवस्था गरिएको थियो। यो क्षेत्रबाट प्रवेश गर्ने भक्तजनको जुत्ता-चप्पल शंकराचार्य मठअघिको क्षेत्रमा राख्न सकिने व्यवस्था थियो। तेस्रो लाइन गौशाला-पिंगलस्थान-पञ्चदेवल क्षेत्रबाट सुरु हुने व्यवस्था थियो। यो क्षेत्रबाट प्रवेश गर्ने भक्तजनको जुत्ता-चप्पल बज्रघरअघिको क्षेत्रमा राखिने व्यवस्था गरिएको थियो।

चौथो लाइन गुह्येश्वरी-उमाकुण्ड-कैलाश दक्षिण भाग हुँदै अगाडि जाने व्यवस्था थियो। यो क्षेत्रबाट पशुपति प्रवेश गर्ने भक्तजनले जुत्ता-चप्पल गुरु मन्दिरअघिको खुला भागमा राख्न सकिने व्यवस्था थियो। कोषका अनुसार सोमबार बिहान ३ बजेदेखि पशुपति मन्दिरको चारवटै ढोका खुला भएको थियो। राति ७ बजे बागमती गंगा आरतीको समयसम्म भक्तजनले दर्शन गरेको कोषले जनाएको छ। त्यसैगरी, सोमबार देशभरका महादेवस्थलमा पूजाआराधना गरी हरितालिका तिज मनाइएको छ।



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

यस्तो हुन्छ वास्तु मिलेको घर



सुरेशचन्द्र रिजाल
महासचिव
दक्षिण एसियाली ज्योतिष महासंघ



कुनै पनि कर्म गर्नलाई तपाईंको ग्रह-नक्षत्र र राशि अनुकूल हुनुपर्छ वा वास्तुशास्त्रले साथ दिएको हुनुपर्छ। यदि तपाईंले वास्तु मिलाएर घर बनाउनुभएको छ भने कर्म गर्न सहयोग गर्छ। घरको वास्तु मिलेको छैन, तपाईंको ग्रह-नक्षत्र र राशि पनि खराब चलिरहेका छन् भने तपाईंले जति मिहिनेत गरे पनि कार्य सफल हुँदैन। यजुर्वेदको स्थापत्य अध्यायमा वास्तु शिल्पशास्त्रको व्याख्या गरिएको छ। अतः वास्तुशास्त्रलाई नै प्राचीन विज्ञान मानिन्छ। भू-धरातलदेखि वायुको बहावसम्मका कुरालाई वास्तुशास्त्रमा ध्यान दिइने भएकाले घर वा कुनै पनि संरचना बनाउँदा यसको अनुशरण गर्न आवश्यक छ। त्यसैले पछिल्लो समय वास्तुशास्त्रलाई महत्त्व दिन थालिएको छ। तपाईंको ग्रह-दशा अनुकूल नहुँदा पनि वास्तु मिलाएर घर बनाउन सक्यो भने अप्ट्यारो व्यवधानबाट बच्न सकिन्छ।

मूलढोका

पूर्वतिर बाटो भएको जग्गामा घर बनाउनु राम्रो मानिन्छ वा घरको मूलगेट पूर्वतिर हुनुपर्छ। सूर्यको किरणबाट सकारात्मक ऊर्जा आउने भएकाले पूर्व दिशा ढोकाका लागि उपयुक्त मानिएको हो। यसबाहेक, उत्तरतिर पनि मूलढोका बनाउन सकिन्छ। कतिपय कुरा भूगोल हेरेरसमेत निर्धारण गरिन्छ।

सुत्ने कोठा

बालबालिका वा बुद्धि विकास भइरहेका व्यक्तिका लागि पूर्वतिरको कोठा एकदमै शुभ मानिन्छ। श्रीमान्-श्रीमती र घरमूली सुत्ने कोठा जहिल्यै पनि दक्षिण-पश्चिमको दिशामा हुनुपर्छ।

पूजाकोठा

सकारात्मक ऊर्जाका लागि पूर्व दिशा उचित हुन्छ। त्यसैले पूर्वको कोठा वा कुनामा पूजाकोठा बनाउन सकिन्छ।

बैठक कोठा

बैठक कोठा सधैं पूर्वोत्तर (पूर्व-उत्तर) दिशामा हुनुपर्छ। यो खुलेको हुन आवश्यक छ। घरायसी सरसल्लाहदेखि ठुल्ठूला निर्णयसम्म बैठक कोठामा बसेर गरिने भएकाले पूर्वोत्तरको दिशा बैठक कोठाका लागि उपयुक्त हुन्छ।

पानीको स्रोत

खानेपानीको धारा, ट्यांकी, इनार आदिलाई पनि पूर्वोत्तर दिशामा बनाउन सकिन्छ।

शौचालय

पूर्व र उत्तर दिशातिरको कुनामा शौचालय बनाउनु उचित हुँदैन। यी दिशामा शौचालय बनाउँदा सूर्यको प्रभावसँगै नकारात्मक तत्त्व घरमा प्रवेश गर्ने सम्भावना हुन्छ। जसले परिवारको शारीरिकसँगै मानसिक स्वास्थ्यमा समेत असर गर्छ। पूर्व र उत्तर दिशामा शौचालय भएमा त्यो घरका सदस्यको मृत्यु हुने मान्यता छ।

भान्साघर

पूर्व र दक्षिणको बीचको दिशालाई आग्नेय दिशा भनिन्छ। यो दिशामा भान्साघर बनाउन सकिन्छ। तर, चुलो दक्षिणतिर फर्केको हुनुहुँदैन। त्यस्तै, घरमूलीले कहिल्यै पनि दक्षिणतिर फर्केर खाना खानुहुँदैन। यसबाहेक विद्युतीय वस्तु यस दिशामा राख्न राम्रो मानिन्छ।

संसारमा भएका पञ्चतत्त्व

पृथ्वी, जल, तेज, वायु र आकाशको प्रभाव यसरी सही तरिकाले पर्ने गरी बनाइएको घर नै वास्तुशास्त्रअनुसार उत्तम घर हो।

पार्टीमा जाँदा कस्ता पर्फ्युम लगाउने ?

पार्टी वा सभा-समारोहमा जाँदा मानिसहरू राम्रो डिजाइनका कपडामा मिठो बास्ना आउने पर्फ्युम लगाउन रुचाउँछन्। त्यस्तै, मानिसले उपहारमा पनि पर्फ्युम दिने चलन छ। तर, हामीले राम्रो गुणस्तरको पर्फ्युम छान्न जरुरी छ, जसको बास्ना मिठो होस् र लामो समय टिकोस्।

● अनलाइन मार्केटमा पनि अहिले धेरै पर्फ्युम पाइन्छन्। यी किन्दा पनि विश्वासिलो ठाउँबाट मात्रै लिनुपर्छ। यदि तपाईं प्रत्यक्ष रूपमा पसलमा जानुभएको छ भने हाई कपी पर्फ्युम छनोट गर्दा गुणस्तर चेक गरेर मात्रै छान्नु राम्रो हुन्छ। सफ्ट पर्फ्युम प्रयोग गर्ने वा हार्ड प्रयोग गर्ने भन्ने विषय मानिसको रोजाइमा भर पर्छ। भेनिला, चकलेट, साइट्रस, फ्लावर, अत्तरलगायत विभिन्न फ्रेगनेन्समा पर्फ्युम पाइन्छन्।



● नेचुरल इग्रिडियन्स भएका पर्फ्युम राम्रो मानिन्छ। अल्कोहलिक पर्फ्युमबाट टाढै रहँदा राम्रो हुन्छ। इडिपी र इडिटी गरी दुई प्रकारका पर्फ्युम पाइन्छन्। फ्रेगनेन्स लेभल हाई हुने भएकाले इडिपीयुक्त पर्फ्युम लामो समय टिक्छ। इडिटी थोरै समय टिक्छ।

● भिक्टोरिया सिक्रेट, कोको च्यानललगायत पर्फ्युम महिलाहरूको रोजाइमा पर्ने गरेको छ। यता, पुरुषको रोजाइमा डायो सौवाज, भर्साची इरोजलगायत ब्रान्ड पर्छन्। इडिपी होस् कि इडिटी, दुवै पर्फ्युमका ओरिजिनल ब्रान्ड दुई दिनसम्म कपडामा टिक्छ भने हाई कपी एक दिन टिक्छ।

मेरुदण्डको दुखाइ कम गर्न



डा. लक्ष्मण सिग्देल
अर्थोपेडिक सर्जन
भेरी अस्पताल

हिजोआज धेरै मानिस कम्मर, ढाड र गर्दन दुख्ने समस्याले पीडित भएको पाइन्छ। अस्वस्थकर जीवनशैली, बसाइको तरिका नमिल्दा, अत्यधिक तौल, मानसिक चिन्ता र काम गर्दा ढाडमा पर्ने असरले मेरुदण्ड दुखाइ हुने गर्छ। यसबाहेक चोटपटक, संक्रमण, हड्डीमा ट्युमर तथा क्षयरोगका कारण पनि स्पाइनमा समस्या आउन सक्छ। समग्रमा यसलाई मेरुदण्ड (स्पाइन)सम्बन्धी समस्या भनेर बुझ्नुपर्छ। सुरुमा यो समस्या सामान्य देखिए पनि यसले दीर्घकालीन असरसमेत गर्न सक्छ। त्यसैले यस्तो समस्या हुनबाट जोगिनुपर्ने हुन्छ।

■ कारण र रोकथाम

● घन्टौंसम्म टिभी, मोबाइल, ल्यापटप, कम्प्युटर हेर्ने मानिसमा मेरुदण्डसम्बन्धी समस्या देखिन्छ। आधुनिक उपकरण प्रयोग गरी घन्टौं निहुरिएर, सुतेर वा एउटै पोजिसनमा बसेर हेर्ने गरिन्छ, जसले गर्दा मेरुदण्डसम्बन्धी समस्या आएको देखिन्छ।

● एकातिर मात्र निहुरिएर बस्दा मेरुदण्डको माथिल्लो भागमा दुखाइ उत्पन्न हुन्छ। मेरुदण्डलाई बांगो बनाएर र झुकाएर काम गर्ने बानीले गर्दा मेरुदण्डमा दबाब पर्छ र च्यापिने हुन्छ। जुन भागमा बढी दबाब पर्‍यो, त्यही ठाउँको नसा च्यापिने खतरा हुन्छ।

● मेरुदण्डमा समस्या आउँदा कुप्रिँदै जाने हुन्छ। जसले गर्दा मुटु, फोक्सो र छातीमा समेत असर गर्छ। त्यसकारण मेरुदण्डमा समस्या आउन नदिन समयमै यसबारे सचेत हुन आवश्यक हुन्छ।

● गर्दनलाई असर पर्ने गरी गह्रौं तौल भएको सामान उठाउने गर्नुहुँदैन। यसले मेरुदण्डको हड्डीलाई हानि पुर्‍याउने खतरा हुन्छ।

● सुत्ने तरिकामा पनि निर्भर रहन्छ। दैनिक घोप्टो परेर सुत्दा मेरुदण्डलाई असर पर्छ। जसले पेटको बलले मेरुदण्ड, गर्दन र जोर्नीमा दुखाइ उत्पन्न गराउँछ।

● क्याल्सियमको कमीले पनि मेरुदण्डमा समस्या देखा पर्छ। जसले गर्दा क्याल्सियमजन्य खाद्य पदार्थ नियमित सेवन गर्नु आवश्यक छ।

फेमकुमारी-डोरनाथ ढुंगेल प्रतिष्ठानद्वारा स्रष्टालाई सम्मान

फेमकुमारी-डोरनाथ ढुंगेल साहित्य प्रतिष्ठानले आठजना स्रष्टालाई सम्मान गरेको छ। प्रतिष्ठानले भक्तपुरमा आयोजना गरेको साहित्यिक विमर्श एवं स्रष्टा सम्मान कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति डा. गंगाप्रसाद उप्रेतीले साहित्यको क्षेत्रमा लामो समयदेखि कलम चलाउँदै आएका स्रष्टाहरूलाई सम्मान प्रदान गरेका हुन्। कार्यक्रममा फेडोल उत्कृष्ट सिर्जना सम्मानबाट मातृका पोखरेल, जय छाङ्छा र नवराज रिजाल सम्मानित भए। त्यस्तै, आख्यानतर्फ लेखक एवं साहित्यकार रत्न प्रजापति, काव्यतर्फ प्रगतिशील लेखक संघ भक्तपुरका अध्यक्ष गणेश घिमिरे मार्मिक, कला साधनातर्फ चित्रकार गणेश जिसी, प्रोत्साहनतर्फ नमोद राउत र सपना केसी सम्मानित भएका हुन्।



डा. उप्रेतीले पुरस्कारले स्रष्टा तथा नवीनतम् कृति लेख्नेहरूलाई प्रोत्साहन मिल्ने बताए। कार्यक्रममा राममणि ढुंगेलद्वारा लिखित मुक्तकसंग्रह 'चेतना चित्कार'का बारेमा डा. फणिन्द्र निरौलाले र हाइकुसंग्रह 'शान्तिको गीत'को बारेमा डा. देवी नेपालले समालोचनासमेत गरेका थिए।

Government of Gandaki Province
Ministry of Agriculture and Land Management
Directorate of Agriculture Development
Nuts and Fruits in Hilly Areas Project (NAFHA)
Project Implementation Unit-Gandaki (PIU-Gandaki)
Pokhara, Nepal

Call for Expressions of Interest (EOI)
for
Farmer Group and Cooperative Facilitation

Contract ID: NAFHA/PIU-Gan/CS05-C
First Date of Publication: 19 September 2023

1. The Government of Nepal, Ministry of Agriculture and Livestock Development has received financing from the Asian Development Bank (ADB) towards the cost of Nuts and Fruits in Hilly Areas Project (NAFHA) and intends to apply a portion of the proceeds of this financing to eligible payments under the consulting services for which this invitation for Expression of Interest (EOI) is issued.
2. The main objective of the Farmer Group and Cooperative Facilitation (FGCF) is to assist NAFHA Project, PIU-Gandaki in farmer group and cooperative facilitation. The FGCF will support PIU-Gandaki in day-to-day activities such as: (i) Farmers facilitation including group and cooperative formation; (ii) capacity building of farmers and cooperatives; (iii) Support horticulture value chain development; (iv) Support farmers to access loans; (iv) project communication activities; (v) Monitoring; (vii) Safeguard compliance, and (vi) other relevant project activities so that the project achieves its objectives.
3. Eligible and qualified consulting firms are invited to express their interest in providing the required services. The detailed TOR and EOI form can be downloaded from www.csrn.adb.org. A consulting firm will be selected in accordance with the Quality and Cost Based Selection (QCBS) procedures set out in the Procurement Regulations for ADB Borrowers: Goods, Works, Non-consulting and Consulting Services (https://www.adb.org/documents/procurement-regulations-adb-borrowers). The EOIs will be evaluated based on the complete information provided by the firm/company.
4. Each project reference as mentioned in section E of the EOI form should be substantiated with a corresponding document. The substantiating document can be in the form of contract agreement/ completion certificate or any other document issued by the respective client.
5. Consultants may associate with other consultants to enhance their qualifications. However, consulting firms under a Joint Venture (JV) shall submit only one EOI, either as lead member or as a partner of a JV. An Agreement along with Power of Attorney in case of a JV will be required.
6. The EOI must be submitted online via ADBs Consultant Management System (CMS) on or before **18 October 2023**.
7. The consulting services contract award and signing will be subject to ADB's approval.
8. NAFHA, PIU-Gandaki, reserves the right to accept or reject any EOI without giving any notice.

For further information:
Nuts and Fruits in Hilly Areas Project (NAFHA)
Project Implementation Unit-Gandaki (PIU-Gandaki)
Phone: 977-061 570273, 570263; Email: piugandaki.nafha@gmail.com

हिमाल हेर्न आमा याङ्ग्री



नयाँ-नयाँ ठाउँ घुम्दा मस्तिष्कमा नयाँ सोच आउँछन्। तपाईंको शरीरलाई स्वस्थ राख्न पनि पदयात्रा जरुरी छ। हरियाली हेर्दै, चराचुरुंगीको सुमधुर आवाज सुन्दै हिँड्न तथा सुन्दर दृश्यहरू हेर्न मानिस लालायित हुन्छन्। भागदौडको दैनिकीबाट केही समयका लागि छुटकारा दिनका लागि पनि यो जरुरी छ। आमा याङ्ग्री धार्मिक र पर्यटकीय दुवै दृष्टिकोणले महत्त्वपूर्ण गन्तव्य हो। ३,७७१ मिटर उचाइमा रहेको यो पिक काठमाडौंबाट झन्डै ९० किलोमिटर उत्तर-पश्चिम दिशामा पर्छ। आमा याङ्ग्री ट्रेकलाई मनमोहक पदयात्राको रूपमा लिइन्छ।

यहाँबाट लाङटाङ हिमशृंखला, जुगल हिमशृंखला, गौरीशंकर हिमशृंखला, दोर्जे लाक्पा, गणेश हिमाल, ग्याल्जेन पिक, याङ्ग्री हिमाल, भेमाथाङ हिमाल, गान्छेन्पो हिमाललगायतका दुई दर्जनभन्दा बढी हिमालको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ। पदयात्रामा पर्यटकले ह्योल्मो कला-संस्कृति, भाषा, भेषभूषा र रहनसहनको पनि अवलोकन गर्न पाइन्छ।

हेलम्बु प्राकृतिक र भौगोलिक रूपमा आकर्षक र नजिकको सजिलो पदयात्रा हो। यसका अतिरिक्त धार्मिक महत्त्व बोकेका प्राचीन गुम्बा, स्तुपा, मनमोहक झरना र विभिन्न वनजंगल पनि अवलोकन गर्न सकिन्छ। हेलम्बु भेगमा पल्चोकी भगवती माई पनि ठूलो धार्मिक आस्था रहेको स्थल हो। आमा याङ्ग्री हेलम्बु हेरिटेज ट्रेल (तल्लो हेलम्बु ट्रेक), माथिल्लो हेलम्बु ट्रेक र गन्जला पास ट्रेकको रुटमा पनि पर्दछ। नयाँखाङ हिमाल (गन्जला चुली), आमा बार्डरिमा आरोहण गर्न जाँदा पनि यही बाटो हुँदै जान सकिन्छ।

बिपीको समाजवाद बिर्सेको कांग्रेसलाई प्रश्न

के कांग्रेसले बिपीले भनेझैं नीति तथा कार्यक्रम ल्याएर कार्यान्वयन गरेको छ त ? के अहिले हिँडिरहेको बाटोबाट समाजवादको गन्तव्यमा पुग्न सम्भव छ ?



● डा. कृष्णप्रसाद पौडेल

अग्रलेख

नेपाली कांग्रेस पार्टीका जन्मदाता, प्रजातान्त्रिक समाजवादका विचारक एवं नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्रीसमेत रहनुभई देश विकासको खाका कोर्दै सामाजिक न्याय, स्वतन्त्रता, मानवता र संसदीय शासन प्रणालीमा विश्वास गर्नुहुने बिपी कोइरालाको प्रजातान्त्रिक समाजवादको व्याख्या आज पनि उत्तिकै सान्दर्भिक र समयसापेक्ष अनुभूत हुन्छ । बिपी भन्नुहुन्थ्यो- सबै नेपालीको एउटा सानो घर होस् । गरी खान पुग्ने खेतबारी होस् । एउटा दुहुनो गाई होस् । छोराछोरी स्कुल पढ्न पाऊन् । सहजै स्वास्थ्य उपचार गर्न पाऊन् । यही हो नेपालको सन्दर्भमा समाजवाद । के आज बिपीको 'समाजवाद'को प्रतिबिम्ब नेपाली कांग्रेसको नीति र आदर्शमा पाइन्छ त ?

पार्टीलाई जीवन्त राख्ने नीतिले हो वा आदर्शले ? नेताको जीवनशैलीले हो वा कार्यशैलीले ? या नागरिकको जीवनसँग जोडिएका मुद्दामाथिको बहसले ? अथवा सरकारमा गएपछि तय गरिने कार्यक्रम तथा योजनाले ? अथवा बहस र पैरवीले मात्र ? यी प्रश्न आज सर्वत्र बहसको विषय बनेका छन् र बन्नु पनि पर्छ ।

पार्टीका मूल विचारक, व्याख्याता, कुशल संगठन र उत्प्रेरक व्यक्तित्वका धनी हुनुहुन्थ्यो बिपी कोइराला । जसले नेपालको राजनीतिक परिदृश्यलाई आकार दिन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । कोइरालाले मूलतः जीवनभर लोकतान्त्रिक समाजवादसँग जोडिएका सामाजिक न्याय, लोकतन्त्र र आर्थिक सुधारको वकालत गर्नुभएको थियो ।


नेपाली कांग्रेसको २०१२ सालमा वीरगन्जमा सम्पन्न पार्टीको छैटौँ महाधिवेशनले प्रजातान्त्रिक समाजवादप्रतिको प्रतिबद्धता विधिवत् रूपमा घोषणा गरेको थियो । बिपीलाई आधारभूत मानवीय मूल्य भनेको समानतामा आधारित सिद्धान्त हो र यो प्रजातान्त्रिक पद्धति र समाजवादबाट हासिल हुन्छ भन्ने दृढ विश्वास थियो ।

वीरगन्ज महाधिवेशनबाट पारित कांग्रेसको समाजवादी नीति ०१५ को पहिलो आमचुनावको घोषणापत्रमा स्पष्ट झल्किएको थियो । राजनीतिक परिवर्तनको पृष्ठभूमि र लोककल्याणकारी नीतिका कारण कांग्रेसले सो चुनावमा संसद् का १०९ स्थानमध्ये ७४ मा जित हासिल गरेको थियो । बिपीले समाजवादी सिद्धान्तलाई आफ्नो मुलुकअनुकूल व्याख्या र परिमार्जित गरेपछि पार्टीको नीतिमा समाजवादी विचारधाराप्रति स्पष्ट प्रतिबद्धता देखियो ।

२००७ सालको जनक्रान्तिको नेतृत्व गर्नुभएका कोइराला २०१५ सालको पहिलो आमनिर्वाचनमा कांग्रेसले दुईतिहाइ बहुमत प्राप्त गरेपछि नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्नुभयो । त्यसैवेलादेखि नै नेपालमा प्रजातान्त्रिक समाजवादको खोजीसँगै प्राप्ति र अभ्यास हुँदै आएको देखिएको छ । बिपी कोइरालाले लेखेको कांग्रेसको घोषणापत्रका केही अंश तल साभार गरिएको छ :

'नेपाली कांग्रेस समाजवादी संस्था हो । यसको अन्तिम लक्ष्य एउटा यस्तो आदर्श व्यवस्था स्थापित गर्नु हो, जहाँ मनुष्यले मनुष्यको शोषण गर्नेछैन । धन-दौलतका अभावमा उत्पन्न भएको साना-ठूलाको भेद नेपाली कांग्रेस समाप्त गर्न चाहन्छ । अरू पनि अनेकौँ थरीका सामाजिक अन्याय र असमानता देशमा व्याप्त छन् । ती सबै अन्याय र असमानतालाई समाप्त पारी पारस्परिक मेल, सद्भावना र सहकारिताका आदर्शबाट प्रेरित एउटा ठूलो राष्ट्रका रूपमा हाम्रो वर्तमान समाजलाई पुनर्गठित गर्नु नेपाली कांग्रेसको ध्येय हो । यसै बाटोबाट राष्ट्रको बढीभन्दा बढी उन्नति हुन सक्छ । नेपाली कांग्रेसको समाजवादी व्यवस्थाको बाटो छोटो छैन । यस अवस्थामा देशले निकै लामो र कष्टसाध्य उकालो बाटो छिचोल्नु छ । तत्कालीन हाम्रो समाजमा समाजवादी लक्ष्य प्राप्त गर्ने साधन उपलब्ध छैनन् । यी साधनलाई सुस्तरी प्राप्त गर्दै प्रजातान्त्रिक पद्धतिद्वारा हामीले समाजवादका महान् लक्ष्यतर्फ अग्रसर हुँदै जानु छ ।'

कोइरालाले कांग्रेसलाई राष्ट्रियता, प्रजातन्त्र र समाजवादजस्ता मूल नीतिमा डोऱ्याउँदै नेपालको भूराजनीतिक अवस्था, भौगोलिक संरचना, जनसंख्या, इतिहास, धर्म, संस्कृति, वैदेशिक सम्बन्ध, अर्थतन्त्र आदिलाई विभिन्न कोणबाट गहन अध्ययन र विश्लेषण गर्दै त्यहीअनुरूप नीति-निर्माण र कार्यान्वयनमा जोड दिएको पाइन्छ ।



बिपी कोइरालाले प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवादी सिद्धान्तमा प्रत्येक नागरिकलाई आर्थिक, राजनीतिक, धार्मिक, सामाजिक, पारिवारिक, सांस्कृतिक स्वतन्त्रताको कल्पना गरिएको छ । सबै नेपाली जनतालाई एक घर, एक टुक्रा खेत, एउटा दुहुनो गाई, औषधि उपचारको उचित व्यवस्था, बालबालिकालाई उचित शिक्षाको व्यवस्था गरेर मध्यम वर्गीय समाज निर्माण गर्नु प्रजातान्त्रिक सामाजवादको न्यूनतम आधार भन्ने कुरा नै बिपीको प्रजातान्त्रिक समाजवाद हो ।

> बिपी भन्नुहुन्थ्यो- सबै नेपालीको एउटा सानो घर होस् । गरी खान पुग्ने खेतबारी होस् । एउटा दुहुनो गाई होस् । छोराछोरी स्कुल पढ्न पाऊन् । सहजै स्वास्थ्य उपचार गर्न पाऊन् । यही हो नेपालको सन्दर्भमा समाजवाद । तर, के आज बिपीको 'समाजवाद'को प्रतिबिम्ब नेपाली कांग्रेसको नीति र आदर्शमा पाइन्छ त ?

नेपालको वर्तमान संविधानको प्रस्तावनामा भनिएको छ- 'लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने । नेपालको संविधानले नेपाललाई 'समाजवादउन्मुख राज्य' भनेको छ । संविधान पल्टाएर हेर्ने हो भने मौलिक हकअन्तर्गत महिला, दलितसहित विभिन्न सीमान्तकृत समुदायका लागि गरिएका विशेष व्यवस्था, शिक्षा, स्वास्थ्य, आवासको हक, भूमिको उत्पादकत्व वृद्धि एवं कृषिको आधुनिकीकरण, सार्वजनिक हितका लागि व्यक्तिको सम्पत्ति नियमन तथा अधिग्रहण र भाग-४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वजस्ता पक्षले नेपालमा समाजवादी राज्यव्यवस्था छ भन्ने धारणा दिन्छन् ।

बिपी कोइरालाले भनेको गरिबको एउटा सानो भए पनि घर होस् भन्ने कुरा संविधानको आवासको हकसँग सम्बन्धित छ । केटाकेटीले पढ्न पाऊन् भन्ने कुरा शिक्षाको अधिकारसँग जोडिएर आएको छ । उनले भनेको रोगीहरूले सिटामोल पाऊन् भन्ने कुरो स्वास्थ्य र उपचारको हकसँग सम्बन्धित छ । कुटिर उद्योगलाई संरक्षण र प्रगतिशील कर, क्रान्तिकारी भूमिसुधारजस्ता कुरा देशको आर्थिक पक्षसँग सम्बन्धित छन् । जसलाई बिपीले समाजवादका प्रमुख तत्त्वका रूपमा अघि सार्नुभएको थियो ।

२०१५ सालको घोषणापत्रमा स्पष्ट भनिएको थियो- नेपाली कांग्रेस शिक्षा, स्वास्थ्य एवम् यातायातको व्यवस्थाको सर्वप्रथम आवश्यकता सम्झिन्छ । अतः शिक्षा एवम् स्वास्थ्यको व्यापक व्यवस्था, यातायातको समुचित विकास एवम् सञ्चारको राम्रो प्रबन्ध गर्न नेपाली कांग्रेसले आफ्नो सम्पूर्ण तागत लगाउनेछ । गाउँको उन्नति नै देशको उन्नति हो । यस सत्यलाई कार्यान्वयन गर्न देशका प्रत्येक गाउँलाई सुसंगठित बनाउन एवम् सुधार्न नेपाली कांग्रेसले ठोस कदम लिनेछ । आज नेपाली कांग्रेसको नारा गाउँ सपार र गाउँ फर्क हुन गएको छ । बिपीका यिनै विचार र सिद्धान्तलाई कांग्रेसले राजनीति गर्ने आधारका रूपमा प्रयोग गर्दै आएको छ ।

के कांग्रेसले बिपीले भनेझैं नीति तथा कार्यक्रम ल्याएर कार्यान्वयन गरेको छ त ? साथै, आफूलाई राजनीतिक परिवर्तनको संवाहक मान्ने कांग्रेसले संविधानमा लेखिएका समाजवादी प्रावधान र प्रतिबद्धता लागू गर्न के-के पहल गऱ्यो त ? आज यो आमचासो र खोजीको विषय बनेको छ ।

समाजवादबारे कांग्रेसका नेता तथा कार्यकर्ता घन्टौँसम्म वकालत गर्छन् । नेताहरू उत्तिकै चर्को स्वरमा मञ्चमा भाषण पनि गर्छन् । कार्यकर्तालाई प्रशिक्षित पनि गर्छन् । तर, पार्टी अहिले कुन बाटो र दिशामा अघि बढिरहेको छ ? के अहिले बसिरहेको स्थान र हिँडिरहेको बाटोबाटै समाजवादको गन्तव्यमा पुग्न सम्भव छ ? यो सोचनीय विषय बनेको छ । नेता, कार्यकर्ताहरूले कसरी त्यो आधार तयार गर्ने हो ? त्यसका लागि नेताहरूको एकता, आदर्श, रणनीति र भिजन कस्तो छ ? कार्यकर्तासमेतको जीवन, व्यवहार समाजवादमा रूपान्तारित गर्न कस्तो हुन जरुरी छ ? यस्ता जरुरी सवालमा आजकाल समीक्षा, छलफल र बहस हुन नै छोडेको छ ।

बिपीले राजनीतिक व्यवस्थामा मात्र होइन, सर्वसाधारणको दैनिकी बदल्ने विषयमा समेत प्रजातान्त्रिक सोच राख्नुभएको थियो । बिपी भन्नुहुन्थ्यो- सिद्धान्त र विचार स्वीकार गरेर मात्रै हुँदैन, त्यसलाई व्यवहारमा उतार्न पनि सक्नुपर्छ । बिपीको त्यो सजाजवादी सोच न त कांग्रेस सरकारमा जाँदा नेताहरूले नै सम्झिएका छन्, न कांग्रेसको जीवनमै कहींकतै झल्किन्छ । तसर्थ, कांग्रेसले बिपीको समाजवादलाई बिपी जयन्ती र स्मृति दिवसमा गरिने बहसमा मात्र सीमित गरेको छ भन्दा अन्यथा नहोला ।

(डा. पौडेल कांग्रेसका युवा नेता हुन्)

---

३ प्रश्न

पूर्वपराष्ट्रमन्त्री **रमेशनाथ पाण्डे**लाई



■ नेपाल र राष्ट्रसंघ सम्बन्धको इतिहास के हो ?

राष्ट्रसंघ नेपालको राजनीतिक र कूटनीतिक अनुभवको साक्षी हो । पहिलो विश्वयुद्धमा विजयी पक्षबाट ९० हजार सेनाको योगदान र दक्षिण एसियाको एक्लो सार्वभौमसत्तासम्पन्न राष्ट्रको हैसियत थियो । दोस्रो विश्वयुद्धमा विजयी पक्षबाट ४ लाख सेनाको सहभागिता मात्रै थिएन । युद्धकालमा ब्रिटिस-इन्डियाको राजधानी दिल्लीको सुरक्षाका लागि थप आठ हजार नेपाली सेना पनि संलग्न थियो । तर, पाँच महाशक्तिमध्ये चारसँग दौत्य सम्बन्ध नभएको नेपाल दुवै विश्वसंस्थाको संस्थापक सदस्य बन्न सकेन । राष्ट्रसंघ स्थापनाको तीन वर्षपछि पाँचमध्ये तीन महाशक्तिसँग दौत्य सम्बन्ध कायम गरिसकेको नेपालले सदस्यताका लागि गरेको प्रयास पनि सोभियत संघको विरोधले असफल भयो । नेपाललाई राष्ट्रसंघको सदस्य बन्न नौ वर्ष कुर्नुपऱ्यो । यी अनुभवले नेपाललाई योगदानसँगै विश्व समुदायसँग सम्बन्धको संख्यात्मक र गुणात्मक महत्त्वमा सधैं हेक्का राख्नुपर्ने पाठ पढाएको छ ।

■ राष्ट्रसंघबारे नेपालको नीति र भूमिका के छ ?

'राष्ट्रसंघको एकमात्र विकल्प अझै शक्तिशाली राष्ट्रसंघ हो' भन्ने नेपालको नीति १९६७ सेप्टेम्बरमा घोषणा गरेदेखि कायमै छ । ६० र ८० को दशकमा नेपाल दुईपटक सुरक्षा परिषद्को सदस्य रह्यो । रंगभेद र उपनिवेशवाद उन्मुलन तथा समुद्रमुनिको साधनस्रोतमा भूपरिवेष्टित देशको हक स्थापित गराउन नेपालको भूमिका उल्लेखनीय थियो । शान्तिसेनामा नेपालको योगदान अग्रपंक्तिमा छ । सार्थक योगदानको शृंखलालाई निरन्तरता दिनुपर्छ ।

■ प्रधानमन्त्रीको सहभागितामा देशको अपेक्षा के छ ?

राष्ट्रसंघ निष्प्रभावी, क्षेत्रीय र विश्वशक्तिहरू हैकमवादी भएकाले सामरिक महत्त्वका राष्ट्रलाई खतरा बढेको छ । राष्ट्रसंघमा प्रधानमन्त्रीले साना देश असुरक्षित भएको विषयमा जोड दिनुपर्छ । मेरो अनुभवमा आन्तरिक खपतका लागि बोलिने विषयले राष्ट्रसंघमा श्रोता पाउँदैन । प्रधानमन्त्रीले सम्पर्क टुटेका देशसँगको द्विपक्षीय भेटमा जोड दिनुपर्छ । विश्वसमुदायसँग संख्यात्मक र गुणात्मक सम्बन्ध वृद्धि नेपालको प्राथमिकता हुनुपर्छ ।

प्रेरक प्रसंग

सफलताको सूत्र

एक बालकले पितासित प्रश्न गरे- बाबा, यो सफल जीवन भनेको के हो ? कस्तो जीवन सफल हुन्छ ? पुत्रको प्रश्नले पिता गम्भीर बने । एकैछिन सोचेर उनले एउटा चंगा र लट्ठाई साथमा लिएर पुत्रलाई एउटा चौरमा लगे । चौरमा पुगेपछि पिताले चंगा उडाउन सुरु गरे । एकैछिनमा चंगा निकै माथि पुग्यो । उडिरहेको चंगा चुपचाप हेरिरहेका पुत्रले पितासित भने- बाबा, यो धागोले गर्दा चंगा धेरै माथि जान सकेन । धागो चुँडालिदिऊँ न ! सायद धागो चुँडालिदिएपछि यो धेरै माथि पुग्छ होला । पितासित पुत्रको चाहनाअनुरूप चंगाको धागो चुँडालिदिए । धागो चुँडिएपछि चंगा केहीबेर हावामा लहरायो र भुइँमा खस्यो । यो देखेर पुत्र छक्क परे । पितासित उनलाई जीवन दर्शन सम्झाउँदै भने- बाबु, जिन्दगीमा हामी पनि यो चंगाजसरी नै सफलताको उच्च श्रेणीमा पुग्न सक्छौं । त्यहाँ पुगेपछि हामीलाई लाग्न थाल्छ कि कुनै न कुनै बन्धनले आफूलाई माथि जानबाट रोकिरहेको छ । जस्तो कि घर, परिवार, अनुशासन, माता, पिता, आफन्त, साथीसंगी आदि । थप सफलताको बिन्दुमा पुग्न हामी यी सबको बन्धन चुँडालेर स्वतन्त्र हुन खोज्छौं ।



वास्तवमा त्यो बन्धन नै हाम्रो जीवनको त्यो धागो हो, जसले हामीलाई जतिसुकै उचाइमा पुगे पनि सन्तुलन कायम राख्न सघाइरहेको हुन्छ । तर, जब हामीलाई लाग्न थाल्छ कि यो सब बन्धन चुँडालेर म अझै माथि पुग्न सक्छु, त्यतिखेर हाम्रो हविगत पनि यही चंगाको जस्तै हुनेछ । त्यसैले, तिमी जीवनमा जतिसुकै सफल भए पनि यो धागोसितको नाता कहिल्यै चुँडिन नदिनू ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

चाडपर्वका विकृति हटाऔं

हिन्दू महिलाको महत्त्वपूर्ण र महान् चाड तिज चलिरहेको छ । हिजो तिजको मुख्य दिन थियो भने आज ऋषिपञ्चमी पर्व मनाइँदै छ । तिजमा धुमधामसँग नाचगान र मिठोमसिनो खाने चलन छ । बिहे गरेर गएका छोरीचेली पनि माइतीघर फर्किएर रमाइलो गर्ने पर्व पनि हो यो तिज ।

तर, पछिल्ला केही वर्षयता तिजको नाममा केही तडकभडक र विकृति बढेका गुनासा सुन्ने गरिन्छ । तर, यस्तो तडकभडक र विकृति तिजमा मात्र होइन, अन्य चाडपर्वमा पनि भित्रिएको देखिन्छ । यस्ता तडकभडक र विकृतिले हुनेखाने वर्गलाई खासै असर नपारे पनि हुँदा खाने वर्गलाई भने चर्को मार पार्ने गरेको छ । सबै मिलेर यस्ता विकृति हटाऔं ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

खुसी हुने कि दुःखी ?

'एक महिनामै भित्रियो एक खर्ब १६ अब रेमिट्यान्स' शीर्षकको समाचार पढ्दा खुसी हुने कि दुःखी, अलमलमा परियो । खासमा यो आम्दानी स्वदेशमा कुनै उद्योगधन्दाले उत्पादन गरेको सामग्री निर्यात गरेर जम्मा भएको थियो भने पक्कै पनि खुसी हुनुपर्ने थियो । तर, यो रकम त देशका लागि अत्यावश्यक युवा जनशक्ति निर्यात गरेर प्राप्त भएको हो । त्यसैले, यसमा खुसी हुन सकिएन ।

● **अपूर्व सिजापति**
पुल्चोक, ललितपुर

अब फेरि यस्तो नहोस्

देशभरको एकसाथ ओपिडी सेवा बन्द हुँदा बिरामीले चर्को सास्ती व्यहोर्नुपऱ्यो । साँझ सरकारसँग सहमति भए पनि दिनभर सर्वसाधारणले पाएको सास्तीको क्षतिपूर्ति कसले र कसरी गर्न सक्ला ? चिकित्सक कुटिनु सर्वथा गलत हो, यो एउटा सनकको भरमा घटाइएको आपराधिक कृत्य हो । यसको भर्त्सना गरिनुपर्छ । दोषीलाई सजाय पनि दिनुपर्छ । तर, त्यसैका लागि यसरी ओपिडी सेवा बन्द हुनु गलत हो ।

● **सुनिता परियार**
महाराजगन्ज, काठमाडौं

कालोबजारी कसले रोक्ने सरकार ?

एक साताअघिसम्म एक किलो चिनी १०५ रुपैयाँमा पाइन्थ्यो । तर, अहिले त्यही चिनी १२५ देखि १४० सम्म पुगेको छ । पसलैपिच्छे मूल्य फरक छ । चिनीमा मात्र होइन, अधिकांश वस्तुमा मूल्य अनियन्त्रित रूपमा बढेको छ । तर, रोक्ने र अनुगमन गर्ने निकाय सक्रिय छैन । हरेक चाडबाड नजिक आउनासाथ यस्तै हुन्छ । त्यतिवेला देशमा सरकार नै छैन कि जस्तो लाग्ने गर्छ ।

जनतामाथि शोषण हुनु या महँगीको भार बोकाइनु भनेको सरकारको असफलता हो । के हाम्रो वर्तमान सरकार असफल भइसकेको हो ? होइन भने जनतामाथि यतिबिघ्न लुट मच्चिरहँदा पनि सरकार किन तमासे मात्र बनिरहेको छ ? किन उसले जनजीविकाका सवालमा हस्तक्षेप गर्न सकिरहेको छैन । के यो सरकार उद्योगी, व्यापारी र कालाबजारीसामु निरीह साबित भइसकेको हो ? चाडबाड आउनासाथ सरकार सुत्ने अनि काला व्यापारीहरू जाग्ने प्रवृत्ति हिजो पनि थियो र आज पनि यथावत् छ । के आफूलाई लोककल्याणकारी भन्न रुचाउने सरकारले जनतामाथि भइरहेको यो अत्याचारविरुद्ध खरो रूपमा उत्रिनुपर्दैन ?

के यो सरकारलाई अहिले बजारमा चिनी प्रतिकेजी १४० रुपैयाँसम्म पुगेको थाहा छैन ? चाडबाडमा चिनी धेरै खपत हुन्छ । त्यसका लागि पहिल्यैदेखि आयात गरेर गोदाम भर्नुपर्छ भन्ने थाहा छैन ? मूल्य नियन्त्रणका लागि बजार अनुगमन गर्नुपर्छ भन्ने थाहा छैन ? छ भने खोइ त तयारी ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

महासभामा भूराजनीतिक स्वार्थ प्रवेश गराउन उद्यत अमेरिका

अमेरिका एवं पश्चिमा मुलुक 'केन्द्र-परिधि'को प्रणालीलाई कायम राख्न उद्यत छन्, जहाँ विकासोन्मुख मुलुक बाह्य क्षेत्रमा सीमित हुनेछन्

देश/विदेश

७८ औं संयुक्त राष्ट्र संघको महासभा (युएनजिए) सोमबारदेखि सुरु भएको छ र २६ सेप्टेम्बरसम्म चल्नेछ । अघिल्ला महासभाभन्दा फरक यस वर्षको युएनजिएले 'दक्षिणी गोलार्ध'का राष्ट्रलाई बढी महत्त्व दिएको छ । महासभामा जलवायु, स्वास्थ्य सेवा र लगानीजस्ता विषयमा उच्चस्तरीय बैठक हुनेछन् । यी बैठक अफ्रिका, ल्याटिन अमेरिका र एसियाका विकासशील राष्ट्रको प्राथमिकतावरिपरि केन्द्रित हुनेछन् । दक्षिणी गोलार्धका मुलुकले पनि एकता र सहयोगको बलियो भावना देखाउँदै छन् र यी मुलुकले सक्रिय रूपमा युएनजिएका एजेन्डालाई आकार दिइरहेका छन् र प्रतिक्रिया पनि दिइरहेका छन् । यी मुलुकले मूलतः आयोजकको भूमिका निभाइरहेका छन् । एक अन्तर्राष्ट्रिय थिंक ट्यांकका प्रमुखका अनुसार 'यो वर्ष दक्षिणी गोलार्धका मुलुकले एजेन्डा तय गर्न नेतृत्व लिइरहेका छन् ।'

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले युएनजिएको यस वर्षको उच्चस्तरीय एक साताको महासभामा 'दिगो विकास लक्ष्यको उद्धार गर्न' सघाउने आशा राखेका छन् । 'उद्धार' शब्दले विश्वव्यापी विकासले सामना गरिरहेको वर्तमान कठिनाइलाई व्यक्त गर्छ र विकासशील एवं विकसित मुलुकबीचको अतुलनीय दरारलाई पनि प्रतिबिम्बित गर्छ । गुटेरेसले हालको अन्तर्राष्ट्रिय परिस्थितिमा भएको मौलिक परिवर्तन अर्थात् विकासोन्मुख मुलुकको सामूहिक वृद्धिले थप न्यायोचित र व्यावहारिक अन्तर्राष्ट्रिय व्यवस्थाको माग गरेको उल्लेख गरेका छन् । यसैबीच अमेरिका र पश्चिमालगायत स्थापित ठूला शक्तिले आफ्नो वर्चस्व कायम राख्न र गुटेरेसको आह्वानलाई बदनाम गर्न, आक्रमण गर्न र दबाउन हरसम्भव उपाय अपनाइरहेका छन् । यो अन्तरविरोध नै वर्तमान भूराजनीतिक विभाजनको गहिरो कारक हो ।

उदाहरणका लागि राष्ट्र महासभामा अन्तर्राष्ट्रिय समुदाय, विशेषतः विकासोन्मुख राष्ट्रका प्राथमिक सरोकार रहेको गरिबी निवारण, बढ्दो मुद्रास्फीतिलाई सम्बोधन गर्ने र जलवायु परिवर्तनका चुनौती सामना गर्नेजस्ता अन्य महत्त्वपूर्ण मुद्दामा केन्द्रित छन् । यी मुलुकले बहुराष्ट्र सम्मिलित साझेदारी छलफलमार्फत दिगो विकासलाई अगाडि बढाउने लक्ष्य राखेका छन् । शान्ति, समृद्धि, उन्नति र विश्वव्यापी दिगोपना समावेश गर्ने मुख्य विषयलाई राष्ट्रसंघ महासभाको प्राथमिक केन्द्रबिन्दुका रूपमा व्यापक रूपमा स्वीकार गरिएको छ । यसले यी मुलुकको गहिरो आकांक्षालाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्छ । यी मुलुकका लागि सबैभन्दा बढी चिन्ताको विषय भनेको युक्रेन संकटको सम्भावित पुनरुत्थान हो, अर्थात् यसलाई युएनजिएमा मुख्य मुद्दाका रुपमा उठान गर्न खोजिँदै छ, जसले अन्ततः विकासका विषयमा विषयान्तर गर्छ । यी मुलुक युद्धबारे हुने निरन्तर छलफल र अन्य राष्ट्रविरुद्ध खुला एवं गोप्य धम्कीबाट थकित भएका छन् । यी मुलुक कुनै मुलुकको पक्ष लिनुपर्ने कठिन परिस्थितिबाट आजित छन् । यसका बाबजुद अमेरिकाले दक्षिणी गोलार्धमा जोड दिँदै युक्रेन संकट र विकास सरोकारबीचको सम्बन्धलाई एकैसाथ बढाउने संकेत गरेको छ । अर्थात्, 'विश्वले एकको (युक्रेनको) समस्या समाधानविना अर्कोको (विकास सरोकारलाई) सम्बोधन गर्न सक्दैन' भनेर अमेरिकाले जोड दिएको छ । यसले अमेरिकाले विकासशील राष्ट्रको मागलाई मान्यता दिए पनि बहुपक्षीय मञ्चमा आफ्नै एजेन्डा अघि सार्न उद्यत् छ भन्ने देखाएको छ । यस्ता धेरै उदाहरण छन्, जसले स्पष्ट रूपमा बहुपक्षीय समारोहमा भूराजनीतिक विचार प्रवाह गर्न खोज्ने अभ्यासले विश्वव्यापी सहयोग प्रयासलाई क्षीण बनाएको छ । यस्ता परोक्ष हस्तक्षेपले विकासशील र विकसित राष्ट्र दुवैले सम्झौता खोज्ने, मेलमिलापलाई प्रोत्साहन गर्ने र सहयोग प्रवद्धन गर्ने अवसर गुमाएका छन् । यस्तो प्रवृत्तिले पहिले प्रभावकारी भनिएका बहुपक्षीय मञ्चको प्रभावकारितामा पनि उल्लेखनीय रूपमा अवरोध पुऱ्याएको छ । यो गम्भीर खेदजनक अवस्था हो । यो प्रक्रियामा अमेरिका र पश्चिमा राष्ट्रले लगातार आफ्नो प्रभावशाली मिडिया संयन्त्र प्रयोग गर्दै विकासोन्मुख मुलुकका वैध र जायज मागलाई नकारात्मक कोणबाट चित्रण गर्छन् ।



तस्बिर : भिसिजी

राष्ट्रसंघको महासभामा महत्त्वपूर्ण बैठकको शृंखला सुरु हुनुअघि जी ७७+ चीन शिखर सम्मेलन १५ देखि १६ सेप्टेम्बरसम्म क्युबाको हवानामा भएको थियो । यो भेलामा सहभागी प्रतिनिधिले सर्वसम्मतिले हवाना घोषणापत्र पारित गरेका थिए । घोषणापत्रमा 'बढ्दो विभेदकारी, अनुचित, अन्यायपूर्ण र शोषणकारी अन्तर्राष्ट्रिय व्यवस्थामा विकासको अधिकार'मा जोड दिइएको थियो । यो घोषणाले युएनजिएमा उच्चस्तरीय बैठकअघि विकासशील राष्ट्रको सामूहिक आवाजका रूपमा लिइन्छ र अमेरिका एवं पश्चिमा मुलुकले अन्तर्राष्ट्रिय समुदायभित्र प्रचलित व्यवहारलाई स्वीकार गर्दै थप विनम्रतापूर्वक यो मञ्चमा संलग्न हुन आवश्यक छ ।

(ग्लोबल टाइम्सको १७ सेप्टेम्बरको सम्पादकीय)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ओस्लो सम्झौताको सुस्त अवसान

हस्ताक्षर भएको ३० वर्षपछि सम्झौता अहिले कूटनीतिक छलको प्रमुख दृष्टान्त बनेको छ



● स्लोमो बेन- अमी

इजरायलका पूर्वविदेशमन्त्री अमी हाल टोलेडो इन्टरनेसनल सेन्टर फर पिसका उपाध्यक्ष छन् । उनी 'प्रोफेट्स विदआउट अनर : द २००० क्याम्प डेभिड समिट एन्ड द एन्ड अफ द टु-स्टेट सोल्युसन'का लेखक हुन् ।



ओस्लो सम्झौतामा हस्ताक्षरपछि तत्कालीन इजरायली प्रधानमन्त्री यितजाख रबिन (बायाँ) र प्यालेस्टिनी लिबरेसन अर्गनाइजेसनका पूर्वप्रमुख यासेर अराफात (दायाँ) । साथमा अमेरिकी पूर्वराष्ट्रपति बिल क्लिन्टन । नर्वेको ओस्लोमा भएको उक्त सम्झौतामा सन् १९९३ को सेप्टेम्बर १३ मा ह्वाइट हाउसमा हस्ताक्षर गरिएको थियो । फाइल तस्बिर : रोन एडमन्ड्स/एपी

शान्ति-प्रक्रिया अनिश्चिततामा परिएको हुन्छ । विशेष गरी द्वन्द्व वर्षौं लम्बिएको अवस्थामा र सम्झौताका पालना गर्ने पक्षहरूको मनसाय, इच्छा र क्षमता अस्पष्ट रहँदा त्यस्तो अनिश्चितता आउने गर्छ । प्रतिद्वन्द्वीलाई सहुलियत दिँदा आइपर्न सक्ने राजनीतिक हानिलाई मध्यनजर गर्दै कुनै एक वार्तारत पक्ष सम्झौतासम्म पुग्न अनिच्छुक देखिन सक्छ । यो कुरा 'प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसन (पिएलओ)' सँग भएको पहिलो ओस्लो सम्झौतालाई अनुमोदन गर्ने सन् १९९३ को इजरायली मन्त्रिपरिषद्को बैठकको भर्खरै सार्वजनिक भएको प्रोटोकलबाट पनि स्पष्ट हुन्छ । सो बैठकको रेकर्डले ओस्लो सम्झौताको भावी असफलताको संकेत सुरुमै देखिन्छ ।

त्यसवेलाका इजरायली प्रधानमन्त्री यित्जाक रबीनले पिएलओका प्रमुख यासेर अराफातले हमास र इस्लामिक जिहादको उदयलाई रोक्ने र सन् १९८७ देखि वेस्ट बैंक र गाजामा चलिरहेको इन्तिफादा (विद्रोह वा प्रतिरोधी अभियान) मत्थर हुने आशा व्यक्त गरेका छन् । तर, इजरायलको 'सहयोगी'को रूपमा देखिने डरले अराफातले सुरक्षा सब-कन्ट्राक्टर बन्न अस्वीकार गरे । रबीनका नियतिवादी विदेशमन्त्री सिमोन पेरेजले 'पूरै पिएलओको गतिविधि' धराशयी हुने र त्यसको ठाउँ 'इरानजस्तो हमास'ले लिन सक्ने चेतावनी दिन थाले । यसबीच, इजरायलको राष्ट्रिय सैन्य दस्ता इजरायल डिफेन्स फोर्सका चिफ अफ जनरल स्टाफ एहुद बराकले ओस्लो सम्झौतामा 'स्विस चिजमा भन्दा बढी प्वाल' भएको टिप्पणी गरेका थिए ।

यद्यपि, सन् १९९३ मा हस्ताक्षर भएको ओस्लो सम्झौताले त्यतिबेला ऐतिहासिक परिवर्तनको प्रतिनिधित्व गरेको थियो । सम्झौता एक शताब्दीभन्दा बढी समयदेखि एउटै भूमिको स्वामित्वको नियन्त्रणका लागि लडिरहेका दुई राष्ट्रिय आन्दोलनको आपसी मान्यताको प्रतीक बन्यो । साथमा सम्झौताले सन् १९६७ देखि इजरायलले कब्जा रहेको वेस्ट बैंकका केही भाग र गाजापट्टीमा प्यालेस्टिनी स्वायत्तता स्थापना गर्ने अन्तरिम सम्झौताको रूपमा पनि काम गऱ्यो । साथमा यसले इजरायल-प्यालेस्टाइन द्वन्द्वको मूल मुद्दाहरू सिमाना, जेरुसेलमको हैसियत के रहने भन्ने प्रश्न र सन् १९४८ को युद्धमा घर छाडेर शरणार्थी हुन बाध्य प्यालेस्टिनीहरूको दुर्दशालाई सम्बोधन गर्ने एक मार्गचित्र प्रदान गऱ्यो ।

तर, हस्ताक्षर भएको ३० वर्षपछि र रबीन-पेरेस-अराफातले सो सम्झौताका लागि नोबेल शान्ति पुरस्कार पाएको २९ वर्षपछि ओस्लो सम्झौता अहिले कूटनीतिक छलको प्रमुख दृष्टान्त बनेको छ । इजरायलको वेस्ट बैंक क्षेत्रको भूमि कब्जा र बसोवास विस्तारको कारण स्वतन्त्र प्यालेस्टाइन राज्यको स्थापनाको सम्भावना टर्दै जान थालेको छ । (सन् १९९३ मा वेस्ट बैंकमा बसोवास गर्ने इजरायली बासिन्दाको संख्या एक लाख १५ हजार रहेकोमा अहिले यो बढेर करिब सात लाख पुगेको छ) । जोर्डन नदी र भूमध्यसागरबीचको सम्पूर्ण क्षेत्र अब प्रभावकारी रूपमा एकल राज्य बनेको छ, जहाँ पृथकीकरण गरिएका प्यालेस्टिनीलाई संस्थागत रूपमा आधारभूत मानवअधिकारबाट वञ्चित गरिँदै छ ।

जेरुसेलमको पूर्वी भागलाई कुनै समय प्यालेस्टाइनको भावी राजधानीको रूपमा परिकल्पना गरिएको थियो । तर, अब त्यसको सम्भावना लगभग समाप्त भएको छ । सन् १९६७ को युद्धपछि जेरुसेलमको १० हजार एकड इजरायली नियन्त्रणमा आएकोमा अहिले इजरायली कब्जामा रहेको जेरुसेलमको क्षेत्रफल करिब ३२ हजार एकडमा विस्तार भएको छ । यो सघन जनसंख्या भएको सहरमा बस्ने यहुदी र अरबहरूका लागि छुट्टाछुट्टै कानुनी प्रणाली लागू छ । एक स्वतन्त्र प्यालेस्टाइन राज्य अन्तर्राष्ट्रिय सरोकारवालाका लागि रुचाइएको समाधान भएपछि अहिले हिँडेको मार्गबाट त्यस्तो राज्य सपना बन्दै गएको छ ।

बुझ्नुपर्ने कुरा ओस्लो सम्झौता राजनीतिक उद्देश्यलाई साकार बनाउनभन्दा पनि तत्कालीन निराशाको एक निकास दिने मनसायबाट प्रेरित थियो । तत्कालीन सिरियाली राष्ट्रपति हाफिज अल-असदसँग शान्ति-सम्झौता हासिल गर्न असफल भएपछि इजरायली प्रधानमन्त्री रबीनले केही अघिसम्म अकल्पनीय रूपमा अराफातसँग हात मिलाउन तयार भएका थिए । दुइटा शान्ति-प्रक्रियालाई एकैसाथ व्यवस्थापन गर्ने राजनीतिक लागत महँगो हुने ठानेर उनले त्यस्तो कदम उठाएका थिए । अराफात आफैं पनि उनका इजरायली समकक्षीजस्तै निराश थिए । आराफातले शीतयुद्धको अन्त्यको भूराजनीतिक प्रभावलाई गलत अर्थ लगाउँदा गम्भीर परिणाम भोगिसकेका थिए ।

> इजरायल र प्यालेस्टाइनबीचको ओस्लो सम्झौताले एकपटक ऐतिहासिक कोसेढुंगाको प्रतिनिधित्व गऱ्यो । सम्झौता एक शताब्दीभन्दा बढी समयदेखि एउटै भूमिमा लडिरहेका दुई राष्ट्रिय आन्दोलनको आपसी मान्यताको प्रतीक थियो । तर, ३० वर्षपछि फर्केर हेर्दा सो शान्ति-सम्झौताले प्रारम्भमै आफ्नो मृत्युको बिउ रोपेको देखिन्छ ।

सन् १९९० मा इराकका राष्ट्रपति सद्दाम हुसेनले कुवेतमाथि गरेको आक्रमणलाई समर्थन गरेपछि अराफातसँग अन्य धनी खाडी मुलुकका पिएलओ समर्थक चिढिएका थिए । यसले पिएलओले पाइरहेको विशाल आर्थिक सहयोग र अन्तर्राष्ट्रिय सहानुभूति गुम्न पुग्यो । हुसेनलाई समर्थन गर्ने अराफातको गलत मूल्यांकन दोस्रो विश्वयुद्धमा नाजी जर्मनीलाई साथ दिने जेरुसेलमका ग्रान्ड मुफ्ती हज अमिन अल-हुसेनीको निर्णयजस्तो साबित भयो । यसबाहेक, पिएलओको स्थापनापछिको सबैभन्दा गम्भीर प्यालेस्टाइन विद्रोह अभियान 'पहिलो इन्तिफादा' न त सो संगठनले सुरु गरेको थियो, न त उसले त्यसलाई नेतृत्व नै दिन सक्यो । अराफातलाई प्यालेस्टिनी राष्ट्रिय आन्दोलनमाथि पुनः नियन्त्रण कायम गर्न अत्यन्तै आवश्यक थियो । र, उनी आफ्नो संगठनको प्रभाव रहेको क्षेत्रमा जुनसुकै मूल्यमा त्यसलाई स्थापित गर्न कटिबद्ध थिए ।

यही तात्कालिक कमजोरीका कारण पिएलओ प्यालेस्टाइनीहरूले आत्मनिर्णयको अधिकार प्रयोग गर्न सक्ने आश्वासनबिनै वेस्ट बैंक र गाजाको सीमित आधारमा चित्त बुझाउन तयार भएको थियो । पिएलओले कमजोरीको स्थितिबाट सम्झौता गरेको कुरा ओस्लो सम्झौतामा पश्चिम किनारामा इजरायली बस्ती भत्काउने त परको कुरा तिनको विस्तार रोक्न प्रतिबद्धतासमेत समावेश नगरिनुले पनि प्रतिबिम्बित गर्छ । यस पृष्ठभूमिमा ओस्लो सम्झौतापछि प्यालेस्टिनी आतंकवाद र कठोर इजरायली प्रतिशोधको दुश्चक्रले जरा गाड्यो । प्यालेस्टाइनीमाथि सामूहिक सजाय, आर्थिक पतन र इजरायली बस्तीहरूको विस्तार थोपरियो । यो प्रवृत्ति रबीन सत्तामा रहेकै समयमा पनि जारी रहेको थियो ।

सन् १९९५ नोभेम्बरमा एक उग्रवादी यहुदीले रबीनको हत्या गरिदिए । ती उग्रवादीले रबीनलाई 'इजरायली भूमि बेच्ने' देशद्रोहीको रूपमा व्याख्या गरेका थिए । हत्याअघि नै रबीन देशव्यापी आत्मघाती बमविस्फोटको शृंखलाबाट राजनीतिक रूपमा कमजोर भइसकेका थिए । ओस्लो सम्झौताले इजरायल-प्यालेस्टाइन द्वन्द्वको अन्तिम समाधानको प्रकृतिबारे 'रचनात्मक अस्पष्टता' कायम राखेर आफ्नै अवसानको बिउ रोपेको थियो । यो सम्झौता जेलिएको थियो । यसमा कब्जा गर्ने र कब्जामा रहेकाबीचको शक्ति असन्तुलन प्रतिबिम्बित भएको छ । यसले बढाएका अपेक्षा विरोधाभाषी राष्ट्रिय कथ्य र घरेलु राजनीतिक यथार्थसँग टक्कर खाने निश्चित थियो ।

अन्तिम शान्ति-सम्झौताका लागि वार्ता सुरु हुँदासम्म कुनै पनि इजरायली शान्ति प्रस्तावहरू (यहाँसम्म कि प्रधानमन्त्रीहरू एहुद बराक र एहुद ओल्मर्टले सन् २००० र सन् २००८ मा तयार पारेको विस्तृत दस्ताबेजसमेत)ले प्यालेस्टिनीको अवास्तविक अपेक्षालाई पूरा गर्न सकेनन् । यसबाहेक, सम्झौताका प्रस्ताव र तिनको अस्वीकारोक्तिले इजरायलको विस्तारवादी उग्र-दक्षिणपन्थी खेमाको उदयका लागि मार्ग तयार गऱ्यो । प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको वर्तमान फासीवादी स्वरूपको गठबन्धन त्यसैको एक परिणाम हो ।

सन् २०२० को अब्राहम सम्झौताअन्तर्गत इजरायल र चार अरब देशबीच (संयुक्त अरब इमिरेट्स, बहराइन, मोरक्को र सुडान) कूटनीतिक सम्बन्ध स्थापना ओस्लो सम्झौताको असफलताको प्रमाण हो । ओस्लो प्रक्रियाका क्रममा प्यालेस्टिनीसँग इजरायलको सम्बन्ध सहज बनेपछि बाँकी अरब मुलुकसँग सम्बन्धको बाटो खुल्नेछ भन्ने विश्वास थियो । तर, भूराजनीतिक अवस्था हाबी हुँदा इजरायल र साउदी अरेबिया कूटनीतिक सामान्यीकरणको नजिक पुगेको देखिन्छ । र, अरब-इजरायली द्वन्द्व विगतको अवशेषजस्तो देखिँदै गर्दा प्यालेस्टाइनमाथिको इजरायली कब्जामै छ ।

अब्राहम सम्झौताको मुख्य वास्तुकार अमेरिकाले हाल जारी क्षेत्रीय पुनर्गठनलाई प्यालेस्टिनीमाथिको दुर्व्यवहार कम गर्न प्रयोग गर्नुपर्छ । इजरायल र साउदी अरेबियाबीच कुनै पनि प्रकारका सम्बन्ध सामान्यीकरणमा प्यालेस्टाइन विषयमा अर्थपूर्ण प्रगतिको सर्त राख्नुपर्छ । तर, नेतान्याहुको वर्तमान विस्तारवादी गठबन्धनलाई भंग गर्न असफल परिदृश्य कुनै चतुर राजनीतिक रणनीतिकारको चालमा मात्र सीमित हुनेछ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

पाँच बन्दी छुटाउन अमेरिकाले इरानलाई बुझायो ६ अर्ब डलर

तेहरान/ इरानी कारागारमा रहेका पाँचजना अमेरिकी नागरिकको रिहाईका निम्ति वासिंटनले तेहरानलाई ६ अर्ब अमेरिकी डलर प्रदान गरेको छ । अमेरिका-इरान कैदी आदानप्रदान सम्झौताअन्तर्गत कतारी बैंकहरूमा उक्त रकम जम्मा गरिएको हो ।

अमेरिकी बन्दीहरूलाई इरानबाट बाहिर निकाल्न तेहरानमा तयारी अवस्थामा एउटा विमान राखिएको एएफपीले जनाएको छ । अमेरिकी निर्देशनमा दक्षिण कोरियाले उक्त रकम तेहरानलाई निकासा दिएको हो । दक्षिण कोरियालाई इन्धन बेचेको भुक्तानी अमेरिकी निर्देशनमा तेहरानले पाएको थिएन । आणविक वार्ताबाट इरान पछि हटेपछि ट्रम्प प्रशासनले तेहरानमाथि प्रतिबन्ध लगाउँदै दक्षिण कोरियाले भुक्तानी दिनुपर्ने रकम रोक्का गरेको थियो । वासिंटन र तेहरानबीच कूटनीतिक सम्बन्ध नभएकाले मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको कतारले दुवै पक्षलाई रकम जम्मा भएको जानकारी दिएको छ ।

भुक्तानीसँगै तेहरान र वासिंटनबीच बन्दी आदानप्रदान सम्झौताअन्तर्गत इरानमा थुनामा रहेका पाँच अमेरिकीसँगै अमेरिकामा हिरासतमा रहेका पाँच इरानीलाई पनि थुनामुक्त गरिनेछ । पाँच अमेरिकी नागरिक र दुईजना उनीहरूका आफन्तलाई दोहा ल्याउन कतारी जेट इरानमा तयारी अवस्थामा रहेको कतारी अधिकारीले बताएका छन् ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०६/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण सांवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

टाँडी शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१. तारा प्रसाद दुवाडी ना.प्र.नं. ८७८/०४४ जारी मिति २०५१/०५/२८ जि.प्र.का. चितवन बाबुको नाम : लक्ष्मी प्रसाद दुवाडी बाजेको नाम : लक्ष्मी कान्त दुवाडी स्थायी ठेगाना : रत्ननगर - २, चितवन **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**शारदा सुवेदी** ना.प्र.नं. १०२८२/०४४ जारी मिति २०५०/०३/२३ जि.प्र.का. चितवन बाबुको नाम : खडा नन्द शर्मा (सुवेदी) पतिको नाम : तारा प्रसाद दुवाडी ससुराको नाम : लक्ष्मी प्रसाद दुवाडी स्थायी ठेगाना : भरतपुर न.पा.- १२, चितवन

ऋणीको विवरण

२. प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश, भरतपुर, चितवनमा प्रा.फ.द.नं. ९४०/०७७/०७८ मिति २०७७/०९/१९ मा दर्ता कायम भएको **लक्ष्मी माछा पालन**
फर्म दर्ता ठेगाना : रत्ननगर - ८, चितवन
स्थायी लेखा नं. १०४०३१५८६ मिति २०७६/११/२२
प्रोप्राइटर : जीत राम महतो
ना.प्र.नं. ११०७ जारी मिति २०४४/१२/०८ जि.प्र.का. चितवन
बाबुको नाम : सोभन महतो
बाजेको नाम : मखन महतो
स्थायी ठेगाना : रत्ननगर - ६, चितवन
कर्जा शिर्षक : डिमाण्ड कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

बलिराम महतो ना.प्र.नं. ३५१०२०/२०३९ जारी मिति २०६८/०६/३० जि.प्र.का. चितवन बाबुको नाम : जीत राम महतो बाजेको नाम : सोभन महतो स्थायी ठेगाना : रत्ननगर - ५, चितवन	**छनुई थरुनी** ना.प्र.नं. ११८२ जारी मिति २०४४/१२/०८ जि.प्र.का. चितवन बाबुको नाम : नाथु राम महतो पतिको नाम : जीत राम महतो ससुराको नाम : सोभन महतो स्थायी ठेगाना : रत्ननगर - ६, चितवन

लम्की शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१. प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा प्रा.फ.नं. १३४४३ अन्तर्गत मिति २०७७/०४/३२ मा दर्ता कायम भएको **पारस गारमेन्टस** फर्म दर्ता ठेगाना : जानकी गा.पा.-५, कैलाली स्थायी लेखा नं. ६१३५८७२६४ मिति २०७७/०५/२१ **प्रोप्राइटर : निरुता चौधरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा**	**अशोक कुमार चौधरी** ना.प्र.नं. २२१७५ जारी मिति २०६२/१२/२३ जि.प्र.का. कैलाली बाबुको नाम : विसराम द. थारु बाजेको नाम : हितवा ड. थारु स्थायी ठेगाना : पथरैया-३, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
२. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १३५६३/०६५/६६ अन्तर्गत मिति २०६६/०३/१४ मा दर्ता कायम भएको **पारस फेन्सी स्टोर** फर्म दर्ता ठेगाना : बलिया-८, कैलाली स्थायी लेखा नं. ३०३५६९१०१ मिति २०६६/०३/१८ **प्रोप्राइटर : अशोक कुमार चौधरी** **कर्जा शिर्षक : अल्पकालिन कर्जा**	**निरुता चौधरी** ना.प्र.नं. ६७२०३७/८८०८ जारी मिति २०६५/१०/१२ ई.प्र.शा. टिकापुर, कैलाली बाबुको नाम : राम बहादुर चौधरी पतिको नाम : अशोक कुमार चौधरी ससुराको नाम : विसराम द. थारु स्थायी ठेगाना : पथरैया-३, कैलाली

थापाथली शाखा, काठमाडौं

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १५४३८३/०७३/०७४ अन्तर्गत मिति २०७३/०५/०६ मा दर्ता कायम भएको **इकवेटेड भेन्चर्स प्रा.लि.**
फर्म दर्ता ठेगाना : का.म.न.पा. वडा नं. ३३, डिल्लीबजार, काठमाण्डौं
स्थायी लेखा नं. ६०४३१०४४६ मिति २०७३/०५/१४
संचालक : राजेश सिटौला
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

राजेश सिटौला ना.प्र.नं. २३०६७ जारी मिति २०६२/०४/१२ जि.प्र.का. मोरङ, उर्लाबारी बाबुको नाम : खगेन्द्र प्रसाद सिटौला बाजेको नाम : चन्द्र प्रसाद सिटौला स्थायी ठेगाना : शनिश्चरे-३, मोरङ	**रमेश भण्डारी** ना.प्र.नं. १२३९४ जारी मिति २०५४/०२/२० जि.प्र.का. काठमाडौं बाबुको नाम : डिल्लीराम शर्मा भण्डारी बाजेको नाम : हुतासन भण्डारी स्थायी ठेगाना : काठमाडौं म.न.पा -३३, काठमाडौं
संगिता पोखेल ना.प्र.नं. ७६६/४०१०१० जारी मिति २०६४/०६/३० जि.प्र.का. अर्घाखाँची बाबुको नाम : कमल प्रसाद पोखेल पतिको नाम : प्रशान्त पौडेल ससुराको नाम : घनश्याम पौडेल स्थायी ठेगाना : डिभर्ना-४, अर्घाखाँची	**हरि वैरागी दाहाल** ना.प्र.नं. ५१८/७०२० जारी मिति २०३५/१२/१७ जि.प्र.का. संखुवासभा बाबुको नाम : यज्ञदत्त दाहाल बाजेको नाम : लक्ष्मी नारायण दाहाल स्थायी ठेगाना : मादीवितां-४, संखुवासभा

व्यक्तिगत जमानत दिनेको विवरण

लक्ष्मी आचार्य
ना.प्र.नं. १८ जारी मिति २०४१/०४/०३ जि.प्र.का. मोरङ
बाबुको नाम : नरपती आचार्य
पतिको नाम : हरि वैरागी दाहाल
ससुराको नाम : यज्ञदत्त दाहाल
स्थायी ठेगाना : इन्द्रपुर-२, मोरङ

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

इतिहासमा आज

सेप्टेम्बर १९



● **सन् १९४४** : सोभियत युनियन, बेलायत, फिनल्यान्डबीच शान्ति-सम्झौता भयो । शान्तिवार्तापछि सोभियत युनियन र फिनल्यान्डबीचको तीन वर्ष लामो युद्ध समाप्त भएको थियो । यी दुई देशबीच सन् १९४१ देखि सन् १९४४ सम्म युद्ध भएको थियो ।

● **सन् १९७३** : कार्ल १६औं गुस्ताफ आफ्ना हजुरबुबा गुस्ताफ छैटौं एडोल्फको उत्तराधिकारी बनेका थिए । सन् १८० मा स्विडेनमा राजउत्तराधिकारीसम्बन्धी कानुन संशोधन भएको थियो । जसअनुसार महिला वा पुरुष, जो भए पनि राजपरिवारको पहिलो सन्तान राजवंशको उत्तराधिकारी हुन सक्ने नियम ल्याएको थियो । स्विडेन संवैधानिक राजतन्त्रामक देश हो ।

● **सन् १९८३** : सेन्ट किट्स नेभिसले बेलायतबाट स्वतन्त्रता पाएको थियो ।

● **२००६** : सन् २००६ मा थाइल्यान्डको सेनाले निर्वाचित सरकार कु गरेको थियो । जनरल सन्थी बुनयारटग्लिनप्रति भक्त सेनाले जननिर्वाचित प्रधानमन्त्री थाक्सिन सिनावात्रालाई बर्खास्त गरी संसद् र संविधान विघटन गरेको थियो ।

● **सन् २०१०** : गल्फ अफ मेक्सिकोमा तेल भण्डारण गरेको केन्द्रमा ठूलो विस्फोट भएको थियो । सन् २०१० मा आयल रिग डिपवाटर हरिजनमा विस्फोट हुँदा ११ जनाको मृत्यु भएको थियो । विस्फोटअघि सो केन्द्रबाट पाँच महिनासम्म चुहिएको थियो । सन् २०१० को सेप्टेम्बर १९ मा सो केन्द्र सिल गरिएको थियो ।

विश्व संक्षेप

१० प्रतिशत जापानी नागरिक ८० वर्षमाथिका

टोकियो/ जापानका १० प्रतिशतभन्दा बढी मानिस ८० वर्ष वा सोभन्दा बढी उमेर काटेका रहेको नयाँ आधिकारिक तथ्यांकले देखाएको छ । सरकारले सार्वजनिक गरेको तथ्यांकले हरेक दशमध्ये एकजना ८० वा सोभन्दा बढी उमेर समूहको रहेको देखाएको हो । जापानको ६५ वर्ष वा सोभन्दा बढी उमेरको जनसंख्याको हिस्सा अघिल्लो वर्षको २९.० प्रतिशतबाट बढेर २९.१ प्रतिशत पुगेको छ । 'जापानमा विश्वमा सबैभन्दा बढी वृद्धवृद्धा रहेका छन्' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । युवाहरूले अस्थिर रोजगारी र आर्थिक कठिनाइका कारण विवाह र बच्चा जन्माउन ढिलाइ गरिरहेका कारण दशकौंदेखि जापानको जनसंख्या घट्दै गएको छ र पहिलेको जनशक्ति वृद्ध हुँदै गएको छ । फलस्वरूप, जापानमा वृद्धवृद्धाको हेरचाहका लागि बढ्दो खर्च देखिएको छ ।

मन्त्रालयका अनुसार जापानमा सन् १९४६ देखि सन् १९६४ ताका जन्मिएका (ब्याबी बुमर) १२ करोड ४४ लाख मानिस ७५ वर्ष वा सोभन्दा बढी उमेर समूहका छन् । करिब एक करोड २५ लाख ९० हजार मानिस ८० वर्ष वा सोभन्दा बढी उमेरका छन् भने दुई करोड मानिस ७५ वर्ष वा सोभन्दा बढी उमेरका छन् । फलस्वरूप, जापान वृद्ध श्रमशक्तिमा निर्भर मुलुक भएको छ । जापानमा ९० लाखभन्दा बढी वृद्धवृद्धाले काम गरिरहेका छन्, जुन श्रमशक्तिको १३.६ प्रतिशत वा सातमध्ये एकजना कामदार हुन् ।

चीन र रुसबीच उच्च तहमा सुरक्षा वार्ता हुने

बेइजिङ/ चीन र रुसबीच उच्च तहमा सुरक्षा वार्ता हुने भएको छ । सुरक्षा वार्ताका लागि चीनका विदेशमन्त्री वाङ यीले सोमबारदेखि रुसको चारदिने भ्रमण सुरु गरेका छन् । चीन र रुस रणनीतिक सहयोगी हुन् । दुवै देशले बारम्बार आफ्नो 'सीमाहीन' साझेदारी र आर्थिक तथा सैन्य सहयोगको चर्चा गर्दै आएका छन् । गत वर्षको फेब्रुअरीमा रुसले युक्रेनमाथि गरेको आक्रमणपछि चीनले त्यसको आलोचना गर्न अस्वीकार गरेको थियो । चीनको विदेश मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै रुसी सुरक्षा परिषद्का सचिव निकोलाई पात्रुसेभको निमन्त्रणामा वाङले रणनीतिक सुरक्षा परामर्श गर्ने जनाएको छ ।

'युक्रेनसँग सम्बन्धित मुद्दाहरूका साथै एसिया-प्रशान्त क्षेत्रमा स्थिरता र सुरक्षा सुनिश्चित गर्ने तरिकाहरूमा विस्तृत विचार आदानप्रदान हुनेछ,' चीनको विदेश मन्त्रालयका एक प्रवक्ताले भने । यसअघिको रुसी विदेश मन्त्रालयले वाङले आफ्ना समकक्षी सर्गेई लाभरोभसँग भेटवार्ता गर्ने र दुवैले 'अन्तर्राष्ट्रिय परिदृश्यमा सहकार्यलाई मजबुत बनाउने प्रयासमा ध्यान केन्द्रित गर्ने' योजना बनाएको बताएको थियो । चीनले युक्रेन युद्धमा आफूलाई एक तटस्थ पक्षको रूपमा स्थापित गर्न खोजेको छ र मस्कोलाई एक महत्वपूर्ण कूटनीतिक र वित्तीय आधार प्रदान गरेको छ । तर, उसले रुसमा प्रत्यक्ष सैन्य संलग्नता वा घातक हातहतियार पठाउन भने रोकेको छ ।

कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा राखिनेबारे कृषि विकास बैंक लि., शाखा कार्यालय, सिन्धुलीको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८०।०६।०२ गते)

कृषि विकास बैंक लिमिटेड, शाखा सिन्धुलीबाट तपशिलबमोजिमका व्यक्तिहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, ब्याजलगायतका बुझाउनु पर्ने रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनुपर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालो सूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि, २०७७ तथा प्रचलित ऐन, नियमबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्ने तथा अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपशिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	दर्ता नं./मिति	दर्ता भएको कार्यालय	पान नं	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम
१.	आन्त्रिका स्टोर्स	क.न.पा.- ७	२२८७।०७३।०७४, २०७३।१०।११	नेपाल सरकार, वाणिज्य विभाग	६०५६७१८४१	व्यापार	९,५०,०००।-	१,२६,८४०।८१	१०,७६,८४०।८१

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
आशिष लाल साह	गोनरपुरा- ४, महोत्तरी	३६६९२६१४	जि.प्र.का., महोत्तरी, २०६०।१०।०५	सोने लाल साह सुडी	महाविर साह

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
ममता देवी साह	बेंगडावर - ३, धनुषा	-०१-७ । ०७७८२	जि.प्र.का., धनुषा, २०७०।०९।२४	देवेन्द्र साह सुडी/आशिष लाल साह	सोने लाल साह

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	दर्ता नं./मिति	दर्ता भएको कार्यालय	पान नं	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तको ब्याज	जम्मा तिर्नुपर्ने रकम
२.	राना बाख्रा पालन फर्म	तीनपाटन - ४ सिन्धुली	४७७६।०७६।०७७ २०७६।१२।०५	घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुली	६१३२४३८४३	बाख्रापालन	१०,००,०००।-	१,३०,७११।४२	११,३०,७११।४२

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
तेज कुमारी राना	जरायोटार - ६ सिन्धुली	२०३०३८।३७५	जि.प्र.का., सिन्धुली, २०६३।११।०९	बाबु- डीलबहादुर थापा, पति- बलबहादुर राना	भक्तबहादुर राना

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
बलबहादुर राना	जरायोटार - ६ सिन्धुली	९६३४	जि. प्र.का., सिन्धुली, २०५५।०३।०५	भक्तबहादुर राना	रनकेशर राना
भोजबहादुर राना	तीनपाटन - ६ सिन्धुली	२०-०१-७६-०६९५५	जि.प्र.का., सिन्धुली, २०७६।०९।१७	बलबहादुर राना	भक्तबहादुर राना
भक्तबहादुर राना	बलाजोर - ६ सिन्धुली	१३०७	जि.प्र.का., सिन्धुली, २०४०।०१।२१	रनकेशर राना	परवल राना

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	दर्ता नं./मिति	दर्ता भएको कार्यालय	पान नं	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम
३.	करण इम्पोरियम	क.न.पा.-६, सिन्धुली	४१८७।०७७।७८ २०७७ ।१०।२७	घरेलु तथा साना उद्योग कार्यालय	६०७८८४७३९	व्यापार	२७,५०,०००।-	४,६७,४२६।०३	३२,१७,४२६।०३

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
भरत ठाकुर	हर्षाही -२, सिन्धुली	१७१७२	जि.प्र.का., सिन्धुली, २०५७।०४।०६	बुधन ठाकुर हजाम	अच्छे ठाकुर

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
जगदिल्ला देवी ठाकुर	हर्षाही -२ सिन्धुली	२०३०४८।८१८	जि.प्र.का., सिन्धुली, २०६३।१२।२६	रामदेव ठाकुर, भरत ठाकुर	बुधन ठाकुर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	दर्ता नं./मिति	दर्ता भएको कार्यालय	पान नं	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम
४.	मनमाया बाख्रा पालन फर्म	तीनपाटन -६, सिन्धुली	४४८३।०७६।०७७ २०७६।०९।१३	घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुली	६१२७३५२९५	बाख्रापालन	९,२४,४००।९८	१९,३०९।१०	९,४३,७०९।१०

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ ससुरा
मनमाया बस्नेत	बालाजोर -३ सिन्धुली	३६।३६६७३	जि.प्र.का., सिन्धुली, २०६१।०१।३०	गणेश प्रसाद न्यौपाने/चेतबहादुर बस्नेत	टेकबहादुर बस्नेत

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
मिरा राउत	पोखरी -४, सिन्धुली	२०१००६।७०४०	जि.प्र.का., सिन्धुली, २०७०।०१।१२	रणबहादुर राउत	चेतबहादुर बस्नेत
सुमिना थापा	शक्तिखोर -४, चितवन	६१०।३५	जि.प्र.का., चितवन, २०७०।०१।२४	कुलबहादुर थापा क्षेत्री	चेतबहादुर बस्नेत
रुद्रबहादुर बस्नेत	बालाजोर -३, सिन्धुली	२०३०३९।७	जि.प्र.का., सिन्धुली, २०७३।०२।१६	चेतबहादुर बस्नेत	टेकबहादुर बस्नेत

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	दर्ता नं./मिति	दर्ता भएको कार्यालय	पान नं	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम
५.	सन्जय पोल्ट्री फर्म	रानीचुरी -६, सिन्धुली	२३४२।०७२।०७३ २०७२।११।२७	घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुली	६०२६३७३७२	कुखुरापालन	२५,०९,०४७।२६	२,५४,९७३।२०	२७,६४,०२०।४६

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
मदनकुमार बस्नेत	रानीचुरी -६, सिन्धुली	१८५७ ।२२२६५	जि.प्र.का., सिन्धुली, २०५८।१०।२३	चुनबहादुर बस्नेत	मानध्वज बस्नेत

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
प्रमिला कुमारी बस्नेत	रानीचुरी -६, सिन्धुली	२०३०५२।१०६	जि.प्र.का., सिन्धुली, २०६३।१०।२०	श्री बहादुर बुढाथोकी/मदनकुमार बस्नेत	चुनबहादुर बस्नेत

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं, जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम रु.
६.	दिलबहादुर लुंगेली मगर	सिध्देश्वर -७, सिन्धुली	४२२।१११४९ सिन्धुली, २०४४।०९।०८	रुद्रबहादुर लुङ्गेली	लालबहादुर लुङ्गेली	घरायसी	१०,००,०००।-	२,३२,०४२।९७	१२,३२,०४२।९७

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
कृष्णबहादुर लुङ्गेली	कमलामाई नगरपालिका -७, सिन्धुली	४९३४०	जि.प्र.का., सिन्धुली, २०६३।०३।०५	दिलबहादुर लुङ्गेली	रुद्रबहादुर लुङ्गेली
भक्तकुमारी लुङ्गेली मगर	कमलामाई नगरपालिका -७, सिन्धुली	१९३।१०८०९	जि.प्र.का., सिन्धुली, २०५५।०९।०८	धनबहादुर रानामगर/दिलबहादुर लुङ्गेली मगर	रुद्रबहादुर लुङ्गेली

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम
७.	पूर्णबहादुर रोक्का	सिध्देश्वर -७, सिन्धुली	९७६७।६३१६, सिन्धुली २०४४।०२।२७	सइन ध्वज रोक्का	लालबहादुर रोक्का	सरल कृषि कर्जा	१९,००,०००।-	२,३५,२५९।६०	२१,३५,२५९।६०

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
बोधनबहादुर रोक्का	कमलामाई नगरपालिका -७, सिन्धुली	२०-०१-०७४-०३७०४	जि.प्र.का., सिन्धुली, २०७६।१०।१२	पूर्णबहादुर रोक्का	सइन ध्वज रोक्का
जानुका रोक्का	कमलामाई नगरपालिका -७, सिन्धुली	२०३०५४।१०३२	जि.प्र.का., सिन्धुली, २०६३।११।२४	भिमबहादुर खुलाल/पूर्णबहादुर रोक्का	सइन ध्वज राक्का

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं, जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम
८.	इगबहादुर ज्ञान्द्रस	रातामाटा -५, सिन्धुली	८४२६।१०२९६, सिन्धुली ,२०४४।१२।२५	मंगले	मनविर	घरायसी	८,७१,४४८।२६	१,०६,२८१।९१	९,७७,७३०।१७

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
मनकुमारी ज्ञान्द्रस	कपिलाकोट -४, सिन्धुली	२०३०३०।८०९	जि.प्र.का., सिन्धुली, २०६३।१२।०६	बाबु- मेहनबहादुर गुर्मछान, पति- इगबहादुर ज्ञान्द्रस	मंगले

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं, जारी गरेको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम
९.	चेतकुमारी काफले, खडका	कमलामाई नगरपालिका- १०	२०१०३२।१०९८७, जि.प्र.का., सिन्धुली २०६४।०२।१३	रंगनाथ काफ्ले दुर्गा ब. खडका	रत्न ब. खडका	विभिन्न	३१,९५,८७७।१०	१,९८,५६३।३२	३३,९४,४४०।४२

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
दुर्गाबहादुर खडका	रानीचुरी -५, सिन्धुली	३५७०४	जि.प्र.का., सिन्धुली, २०६०।१२।१५	रत्नबहादुर खड्का	गणेशबहादुर खड्का

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं, जारी गरेको जिल्ला र मिति	पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	सावाँ रकम रु.	२०८०।०३ मसान्तसम्मको ब्याज र अन्य	जम्मा तिर्नुपर्ने रकम
१०.	पूर्णबहादुर थापा मगर	गागल्टार-९ रामेछाप।	१५७, जि.प्र.का., सिन्धुली २०३१।०३।०३	भक्तबहादुर थापा मगर	कालु	घरायसी	९,५०,०००।-	१,४५,३२९।९१	१०,९५,३२९।९१

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं

अमेरिकन सर्टिफाइड चिकित्सकले सञ्चालनमा ल्याए 'क्याम्स'



काठमाडौं/ अमेरिकन सर्टिफाइड विशेषज्ञ चिकित्सकहरूले काठमाडौंको नयाँ बानेश्वरमा विशेषज्ञ क्लिनिक सञ्चालनमा ल्याएका छन्। निःशुल्क स्वास्थ्य शिविर आयोजना गरी सेन्टर फर अमेरिकन मेडिकल स्पेसलिस्ट (क्याम्स)को औपचारिक शुभारम्भ भएको हो। अमेरिकाबाट फर्किएका क्लिनिकका वरिष्ठ संक्रामक रोग विशेषज्ञ प्रा.डा. जनक कोइराला र क्लिनिकका पहिलो विदेशी बिरामी मार्किन लोगेनले संयुक्त रूपमा पानसमा बत्ती बालेर उद्घाटन गरेका हुन्।

अमेरिकामै डिग्री हासिल गरेका र ट्रेन भएर नेपाल फर्किएका विशेषज्ञ चिकित्सकहरूले अमेरिकामा सिकेको सीप र ज्ञान अमेरिकी उपचार शैलीमा नेपालीलाई दिने उद्देश्यले क्लिनिक सञ्चालनमा ल्याएका हुन्। क्लिनिकमा संक्रामक रोग विशेषज्ञ डा. प्रभात अधिकारी, कोलोरेक्टल सर्जन डा. सत्यदीप भट्टाचार्य, मलिक्युलर माइक्रोबायोलोजिस्ट डा. गुणराज ढुंगाना, वरिष्ठ संक्रामक रोग विशेषज्ञ प्रा.डा. जनक कोइराला, मेडिकल अंकोलोजिस्ट एन्ड हेमाटोलोजिस्ट डा. प्रकाश थपलिया, बालरोग विशेषज्ञ डा. संगीता बस्नेतलगायतले सेवा दिनेछन्। अमेरिकाबाटै फर्किएकी नर्सिङ प्राक्टिसनर डा. पुनम केसी पनि नर्सिङ निर्देशकका रूपमा टिममा जोडिएकी छिन्।

यसबाहेक अन्य क्याम्स एसोसिएटसमेत गरेर झन्डै १८ जना विशेषज्ञको टिमले क्याम्सबाट सेवा दिने क्याम्सका प्रबन्ध निर्देशक डा. गुणराज ढुंगानाले जानकारी दिए। क्याम्स ०६९ वैशाखमा लाजिम्पाटबाट सुरु भए पनि ठूलो स्केलमा भने शनिबारबाट सञ्चालनमा ल्याइएको हो।

'स्वदेशमै अमेरिकी स्ट्यान्डर्डको स्वास्थ्य उपचार दिने र अमेरिकाबाट फर्केका साथीहरूलाई स्पेस दिने हिसाबले हामीले यो क्लिनिक खोलेका हौं,' डा. ढुंगानाले भने, 'हामीले प्रोटोकल नै एकजना बिरामीलाई कम्तीमा आधा घन्टा समय दिने बनाएका छौं। कसैको एक घन्टा पनि जान सक्छ।'

क्याम्सले अहिले संक्रामक रोग, हेमाटो अंकोलोजी, ट्रपिकल मेडिसिन एन्ड ट्राभल मेडिसिन, कार्डियोलोजी, जनरल एन्ड कोलोरेक्टल सर्जरी, न्युरोलोजी, युरोलोजी, पेडियाट्रिक्स, गाइनोकोलोजी, इन्डोक्राइनोलोजी, अर्थोपेडिक्सलगायतका विशेषज्ञ सेवा दिनेछ।

यसैगरी, एड्भान्स मलिक्युलर ल्याबरोटरी, प्रयोगशाला, एक्सरे, फार्मेसी, रेडियोलोजी, अल्ट्रासाउन्ड सेवाहरू क्लिनिकमा उपलब्ध छन्।

सामसङ मोबाइल च्याप्पै, स्कुटर झ्याप्पै अफर



काठमाडौं/ सामसङ नेपालले 'सामसङ मोबाइल च्याप्पै, स्कुटर झ्याप्पै !' अफर सुरु गर्ने भएको छ। कुनै पनि सामसङ मोबाइल वा ट्याब्लेट खरिद गर्दा हरेक दिन उपहारस्वरूप दुई लाख ३३ हजार नौ सय मूल्यबराबरको टिभिएस एनटर्क १२५ सिसी जित्ने अवसर पाउनेछन्। अफरअनुसार जम्मा २५ दिनमा २५ जना विजेताले उक्त उपहार प्राप्त गर्न सक्नेछन्। योजना ५ असोजबाट सुरु भएर ३ कात्तिकसम्म कायम रहनेछ। यद्यपि, ग्राहकले असोज २ गतेदेखि नै यस योजनामा सहभागी बन्न सक्नुहुनेछ।

मुस्ताङमा स्याउ टिप्न सुरु

मुस्ताङ/ हिमालपारिको जिल्ला भनेर चिनिने मुस्ताङमा आजदेखि स्याउ टिप्न सुरु गरिएको छ। मुस्ताङको मार्फा, टुकुचे, कागबेनी, मुक्तिनाथ, झोङ, छुसाङ, चैलेलगायतका ठाउँका स्याउ बर्गैंचामा लटरम्मै स्याउ फलेका छन्। स्याउको राजधानीसमेत भनिने मार्फा र टुकुचेका बर्गैंचा स्याउले रातामाय भएका छन्।

पाँच गाउँपालिका रहेको मुस्ताङका विभिन्न ठाउँमा लगाइएका स्याउ पाकेपछि किसानले टिप्ने र बजार पठाउने तयारी सुरु गरेका हुन्। मुस्ताङमा सोमबारदेखि स्याउ टिप्न सुरु गरिएको स्थानीय सुशीलबाबु थकालीले जानकारी दिए। विगतका वर्षहरूमा भदौ दोस्रो सातादेखि नै स्याउ टिप्ने गरिएकामा गुणस्तर कम भएको गुनासो आएपछि यस वर्ष बोटमा नै राम्रोसँग पकाएर असोज लागेपछि मात्र टिप्न सुरु गरिएको मार्फाका स्याउ किसान दीप लालचनले बताए। अहिले स्याउ खरिद गर्न स्थानीय व्यापारीसहित बाहिरी जिल्लाका व्यापारी स्याउ बर्गैंचामा पुगेका किसानले बताएका छन्। मुस्ताङका किसानले फलाएका स्याउ खरिद गर्न व्यापारीले स्याउको बर्गैंचा नै ठेक्कामा लिन्छन्। धादिङ, काठमाडौंलगायतका ठाउँबाट व्यापारी स्याउ खरिद गर्न मुस्ताङ पुगेका हुन्। मुस्ताङको स्याउ खरिद गर्न छिमेकी जिल्ला म्याग्दीसहित पोखरा, चितवनलगायत ठाउँबाट पनि व्यापारी पुग्ने गरेका कृषक लालचनको भनाइ छ। उनका अनुसार अहिले स्याउ खरिद गर्न पुगेका व्यापारी र कामदारले स्याउको बर्गैंचा कुरेर बसिरहेका छन्।

मुस्ताङमा १२ सयभन्दा बढी हेक्टरमा व्यावसायिक स्याउखेती गरिएको छ भने वार्षिक झन्डै ६ हजार मेट्रिक टन स्याउ उत्पादन हुँदै आएको छ। मुस्ताङमा गोल्डेन, रोयल र रेड डेलिसियस, रिचारेड तथा फुजी डेलिसियस जातका स्याउको उत्पादन हुँदै आएको छ। केही समयदेखि उच्च घनत्वको इटालियन जातको स्याउसमेत लगाइएको छ। रासस

हात्ती रोक्न कागती खेती

झापा/ दैनिक हुल बाँधेर आउने जंगली हात्तीले धानबाली नष्ट गर्न थालेपछि वैकल्पिक खेतीका रूपमा कागती खेती सुरु गरिएको छ। मेचीनगर नगरपालिका-४ बाहुनडाँगीका अधिकांश किसानले विकल्पमा कागती खेती सुरु गरेका हुन्। कम लगानी गर्दा पनि बढी आम्दानी हुने र हात्तीले नष्ट नगर्ने हुँदा कागती खेतीतर्फ किसान आकर्षित भएका हुन्। बाहुनडाँगीमा पाँच कठ्ठादेखि तीन बिघा क्षेत्रफलमा धानको साटो व्यावसायिक कागती खेती भइरहेको वडाध्यक्ष अर्जुन कार्कीले बताए।

उनका अनुसार वडा ४ मा मात्र व्यावसायिक रूपमा कागती खेती गर्ने किसान २५ भन्दा बढी छन्। उनले विगत चार वर्षअघि किसानलाई निःशुल्क रूपमा कागतीको बिरुवा नै वितरण गरिरहेको बताए। 'आठ वर्षअघि विश्व बैंकको लगानीमा हात्ती रोक्ने विद्युतीय घेराबारा १२ किलोमिटर गर्ने र १२ किलोमिटर कागती रोपेर जैविक फेन्सिङ गर्ने भन्ने योजना थियो,' उनले भने, 'तर, बैंकसँग कागती रोप्नेभन्दा ढुंगामुढा लगाउन सस्तो पर्ने भएपछि कागती खेती भएन।' वडा ४ मगरडाँडाका सन्तोष अधिकारीले कागती बेचेर वार्षिक २५ लाख रुपैयाँ आम्दानी गरेको बताए। धानखेतीबाट भन्दा कागती खेतीबाट प्रतिबिघा पाँच लाख बढी नाफा भएको उनको भनाइ छ। रासस

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २ असोज ०८०

दुई महिनामा दुई अर्ब बढ्यो पुँजीगत खर्च, २१ अर्ब घट्यो चालू खर्च

दुई महिनामा कुल बजेटको ७.४९ प्रतिशत खर्च, राजस्व संकलनमा देखिएन सुधार

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८०/८१ को पहिलो दुई महिनामा सरकारले २ दशमलव ७ प्रतिशत पुँजीगत खर्च गरेको छ। गत आर्थिक वर्षको पहिलो दुई महिनामा यस्तो खर्च एक दशमलव ५४ प्रतिशत मात्रै भएको थियो। मात्रात्मक हिसाबले हेर्ने हो भने पनि पुँजीगत खर्च बढेको देखिन्छ।

महालेखा नियन्त्रकको कार्यालयअनुसार भदौ मसान्तसम्ममा आठ अर्ब १६ करोड ३९ लाख रुपैयाँ पुँजीगत खर्च भएको छ। गत आवको यही अवधिमा पुँजीगत खर्च पाँच अर्ब ८६ करोड पाँच लाख थियो। गत वर्षको तुलनामा चालू आवमा दुई अर्ब ३० करोड ३४ लाख रुपैयाँले पुँजीगत खर्च बढेको हो। सरकारले चालू आर्थिक वर्षका लागि पुँजीगततर्फको बजेटमा कटौती गरेको छ। गत आर्थिक वर्षमा तीन खर्ब ८० अर्ब ३८ करोड रुपैयाँ पुँजीगत खर्च छुट्याइएकोमा चालू आवमा तीन खर्ब दुई अर्ब मात्रै विनियोजन गरिएको छ। यो वर्ष झन्डै ७८ अर्ब ३१ करोड रुपैयाँले पुँजीगत खर्च कटौती भएको हो।

■ घट्यो चालू खर्च

चालू आवको दुई महिनामा ८७ अर्ब ६६ करोड ३५ लाख रुपैयाँ चालू खर्च भएको छ। यो गत आवको पहिलो दुई महिनाको तुलनामा २१ अर्ब ६ करोड रुपैयाँ कम हो। गत आवको यो अवधिमा एक खर्ब आठ अर्ब ७३ करोड रुपैयाँको चालू खर्च भएको थियो।

कुल चालू बजेटको तुलनामा चालू आवको खर्च ७.६८ प्रतिशत हो। गत आवको भदौसम्ममा यस्तो खर्च ९.१९ प्रतिशत थियो। त्यसो त सरकारले चालू आवको चालू बजेटमा पनि कटौती गरेको थियो। गत आवमा चालूतर्फ ११ खर्ब ८३ अर्ब २३ करोड रुपैयाँ खर्च छुट्याएको सरकारले यस आवमा ११ खर्ब ४१ अर्ब ७८ करोड मात्रै विनियोजन गरेको छ।

वैदेशिक ऋणको साँवा तथा ब्याजको किस्ता तिर्नमा समेत यसपालि बढी रकम खर्च भएको छ। गत आर्थिक वर्षको दुई महिनामा १९ अर्ब ७४ करोड मात्रै वित्तीय व्यवस्थातर्फ खर्च भएकोमा यसपालि ३५ अर्ब ३१ करोड खर्च भएको छ। समग्रतामा दुई महिनामा कुल बजेटको ७.४९ प्रतिशत खर्च भएको छ। अर्थात् १७ खर्ब ५१ अर्ब ३१ करोडको कुल बजेटमध्ये एक खर्ब ३१ अर्ब खर्च भएको हो।

■ राजस्वमा आउन सकेन सुधार

दुई महिना बितिसक्दा पनि राजस्व संकलनमा भने सुधार आउन सकेको छैन। गत आर्थिक वर्षको पहिलो दुई महिनाको तुलनामा राजस्व संकलन घटेको तथ्यांकले देखाएको छ। महालेखा नियन्त्रकको कार्यालयअनुसार चालू आर्थिक वर्षको पहिलो दुई महिनामा एक खर्ब ४१ अर्ब सात करोड ७१ लाख राजस्व संकलन भएको छ। यो कुल लक्षित राजस्वको ९.९२ प्रतिशत मात्रै हो। गत आर्थिक वर्षको पहिलो दुई महिनामा राजस्व लक्ष्यको १० प्रतिशत नाघिसकेको थियो।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बजारमा आर्थिक गतिविधि बढ्न नसक्दा राजस्व संकलन प्रभावित भएको अर्थ मन्त्रालयको राजस्व महाशाखा प्रमुख रितेश शाक्यले बताए। अर्थ मन्त्रालयले राजस्व गिरावटको सन्दर्भमा विभाग प्रमुखहरूलाई बोलाएर छलफलसमेत गरेको थियो। छलफलमा सबै विभागीय प्रमुखहरूले आर्थिक गतिविधि बढ्न नसक्नुलाई नै प्रमुख कारण बताएको शाक्यको भनाइ छ। उनले भने, 'हामीले राजस्व गिरावटको सन्दर्भमा राजस्वसम्बन्धी विभागका प्रमुखहरूसँग छलफल गर्दा आर्थिक गतिविधि बढ्न नसकेको कारण औंल्याउनुभयो। मंगलबार कार्यालयका प्रमुखहरूसँग बोलाएर छलफल गर्दै छौं।'

दसैं-तिहारकेन्द्रित व्यापारका लागि व्यवसायीले सामान अर्डर गर्ने भएकाले असोजमा राजस्व बढ्ने अर्थ मन्त्रालयको अनुमान छ। उनले यो महिना राजस्व संकलनका हिसाबले महत्त्वपूर्ण मानिएको बताए। उनले भने, 'यो महिना राजस्व संकलनका हिसाबले मेजर मानिएको छ। त्यसैले यो महिनाको राजस्व संकलन हेरेपछि मात्रै स्पष्ट चित्र देखापर्नेछ।'

गत वर्ष बाह्य क्षेत्रमा चाप परेसँगै माग घटाउने नेपाल राष्ट्र बैंकको नीतिका कारण आयातमा संकुचन आएसँगै राजस्व संकलन घट्दै गइरहेको थियो। तर, पछिल्लो समय बाह्य क्षेत्र सन्तुलनमा आए पनि राजस्व संकलनमा भने सुधार आउन सकेको छैन।

लगानीयोग्य पुँजी पर्याप्त भए पनि बैंक तथा वित्तीय संस्थाहरूले कर्जा लगानी विस्तार गर्न नसक्दा राजस्व संकलनमा टेवा पुग्न सकिरहेको देखिँदैन। यद्यपि, आउँदो दसैं-तिहारका लागि व्यापारीहरूले कारोबार बढाउने भएकाले राजस्व संकलनमा वृद्धि हुने अपेक्षा गरिएको छ।

■ आन्तरिक राजस्व लक्ष्यको ७८.७५ प्रतिशत मात्रै

आन्तरिक राजस्व विभागले भदौ मसान्तसम्ममा लक्ष्यको ७८.७५ प्रतिशत मात्रै राजस्व संकलन गरेको छ। दुई महिनामा ८४ अर्ब पाँच करोड राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा ६६ अर्ब १९ करोड रुपैयाँ मात्रै संकलन गर्न सकेको विभागले जानकारी दिएको छ। विभागले गत वर्षभन्दा २.५४ प्रतिशत कम राजस्व संकलन गरेको हो।

गत वर्ष भदौ मसान्तसम्म विभागले ७५ अर्ब ६० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो। जसअनुसार ६७ अर्ब ९१ करोड रुपैयाँ मात्रै संकलन गरेको थियो। चालू आवको भदौ महिनामा मात्रै विभागले ३५ अर्ब पाँच करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको २५ अर्ब ६९ करोड रुपैयाँ मात्रै संकलन गर्न सकेको छ। जुन लक्ष्यको ७३.२९ प्रतिशत मात्रै हो।

■ बढ्न थाल्यो भन्सार राजस्व

भन्सार विभागले गत आर्थिक वर्षको तुलनामा ५३ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ। चालू आवको पहिलो महिनामा गत आवको साउनको भन्दा ४७ करोड बढी राजस्व उठाएको थियो। विभागले भदौमा भने गत आवको तुलनामा ६ अर्ब रुपैयाँ मात्रै बढी राजस्व उठाएको छ।

तर, लक्ष्यको तुलनामा भने भन्सार राजस्व कम उठेको छ। साउनमा लक्ष्यको ८२ प्रतिशत राजस्व संकलन गर्न सकेको विभागले भदौमा लक्ष्यको ७१ प्रतिशत मात्रै राजस्व उठाएको छ। विभागले भदौ मसान्तसम्म लक्ष्यभन्दा २४.५ प्रतिशत कम राजस्व उठाएको छ।

विभागले भदौसम्ममा ८९ अर्ब १० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो। जसमा ६७ अर्ब ९५ करोड रुपैयाँ मात्रै राजस्व संकलन गरेको छ। जुन लक्ष्यको ७५.५ प्रतिशत हो। गत वर्ष भदौसम्ममा भन्सार विभागले ९० अर्ब २८ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो। तर, ६७ अर्ब ४२ करोड रुपैयाँ मात्रै संकलन गरेको थियो।

लम्पी स्किनपीडित किसानको राहत प्रस्ताव अर्थ मन्त्रालयमै अड्कियो

भोजराज भण्डारी/नयाँ पत्रिका

लम्पी स्किनबाट क्षति पुगेका किसानलाई राहत दिन सरकारले बेवास्ता गरेको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयले झन्डै दुई महिनाअघि पठाएको पीडित किसानलाई राहत दिइने राहत प्रस्ताव फाइल अर्थ मन्त्रालयमै अड्किएको छ। लम्पी स्किन रोगका कारण क्षति व्यहोरेका किसानलाई राहत उपलब्ध गराउन मापदण्ड बनाएर बजेट निकासी प्रस्ताव पठाएको दुई महिना पुग्दा पनि अर्थ मन्त्रालयले चासो नदिएको कृषि मन्त्रालयका प्रवक्ता सबनम सिवाकोटीले बताइन्। उनले भनिन्, 'हामीले राहतसहितको मापदण्ड बनाएर पठाएको धेरै भइसक्यो, तर अर्थ मन्त्रालयबाट अझै स्रोतको सुनिश्चितता भएको छैन, सायद ठूलो रकम उठ्ने देखेर पनि हुन सक्छ। यो विषयमा थप जानकारी मलाई आएको छैन।'

कृषि मन्त्रालयले पठाएको मापदण्डअनुसार पीडित किसानलाई राहत दिन कम्तीमा २६ करोड खर्च हुने देखिएको छ। मन्त्रालयले लम्पी स्किन रोगबाट पीडित किसानलाई क्षतिअनुसार पाँच हजार २० हजार रुपैयाँसम्म क्षतिपूर्ति दिने प्रस्ताव पठाएको छ। पशुसेवा विभागका प्रवक्ता चन्द्रप्रसाद ढकाललले पनि लम्पी स्किनपीडित किसानलाई दिइने राहतको विषयमा कृषि मन्त्रालयलाई जानकारी गराएको बताए। तर, पछिल्लो उपलब्धिको विषयमा आफूलाई जानकारी नभएको उनको भनाइ छ। कृषि मन्त्रालयले प्रस्ताव पठाएको जानकारी भए पनि यो विषयमा आफू अपडेट नभएको अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले बताए। उनले भने, 'राहत वितरण प्रस्ताव त आएको हो, पछिल्लो समय के भएको छ ? मलाई त्यति थाहा भएन, प्रक्रियामै हुन सक्छ।'

कृषि मन्त्रालयले किसानलाई मरेको पशुको संख्या, पशुको प्रकारलगायतका आधारमा राहत उपलब्ध गराउन मापदण्ड बनाएको छ। दुधालु गाई-भैंसीको मूल्य, पशुको उमेर, जातलगायतका आधारमा राहत वितरण गरिने प्रस्तावित मापदण्डमा उल्लेख छ। राहत वितरण सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको समन्वयमा गरिने गरी मापदण्ड उल्लेख छ।

राहत वितरणमा ढिलाइ भएपछि किसानका संगठनहरूले दबाब दिन थालेका छन्। अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता भएर मन्त्रिपरिषद्बाट पास भएपछि मात्रै राहत वितरणको काम अघि बढ्ने कृषि मन्त्रालयको भनाइ छ। तर, अहिलेको गतिले काम भए किसानलाई राहत पाउन अझै केही महिना लाग्न सक्ने कृषि मन्त्रालयका एक अधिकारीले बताए।

कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेतले राहत दिने नाममा सरकारले किसानलाई अल्झाउने काम मात्रै गरेको आक्रोश पोखे। 'राहत दिने हो भने दिनुपऱ्यो, किसानको दुहुनो गाई, लैनो भैंसी मरेका छन्, गोठ रित्तिएको छ, अवस्था हेरर राहतको काम तुरुन्त सुरु गर्नुपऱ्यो,' उनले भने, 'अन्यथा सम्पूर्ण किसान संगठन मिलेर आन्दोलन गर्नेछौं।'

■ नियन्त्रणउन्मुख लम्पी स्किन

संक्रमण रोगविरुद्ध खोप लगाउने पशुको संख्या बढ्दै जाँदा रोग नियन्त्रण उन्मुख देखिएको छ। पशु सेवा विभागका अनुसार हाल सक्रिय संक्रमितको पशुको संख्या ७३ हजार ६ सयमा झरेको छ। यसअघि २९ साउनमा सक्रिय पशुको संख्या एक लाख ७५ हजार रहेको थियो। संक्रमण उच्च रहेको समय ३ असारमा दुई लाख ४४ हजार दुई सय पशु सक्रिय संक्रमित थिए।

सरकारले खोप लगाउन सुरु गरेपछि नौ लाख १९ हजार पशुमा खोप लगाइएको छ। खोप उपलब्ध भएपछि निको हुने पशुको संख्या १३ लाख ९३ हजार पुगेको विभागका प्रवक्ता चन्द्रप्रसाद ढकाललले बताए। २९ साउनमा निको हुने पशुको संख्या १० लाख ८२ हजार थियो। त्यस्तै, हालसम्म १५ लाख १९ हजार पशुमा लम्पी स्किन संक्रमण पुष्टि भएको विभागको तथ्यांक छ। संक्रमणबाट ५२ हजार पाँच सय ४८ पशु मरेका छन्। २९ साउनमा ४७ हजार ६ सय पशु मरेका थिए। अहिले स्थानीयस्तरमै खोप अभियान चलेको र वर्षायाम पनि सकिन लागेकाले संक्रमण दर विस्तारै ओरालो लागेको विभागका प्रवक्ता ढकाललले बताए।

■ **कोशी प्रदेश** : कोशी प्रदेशमा लम्पी स्किनबाट सक्रिय पशुको संख्या १३ हजार पाँच सय २६ रहेको छ। यसअघि २९ साउनमा सक्रिय पशुको संख्या १७ हजारभन्दा बढी थियो। विभागका अनुसार हालसम्म खोप लगाउने पशुको संख्या दुई लाख २५ हजार नौ सय ४२ पुगेको छ। रोगका कारण नौ हजार चार सय २१ पशु मरेका छन्। कोशी प्रदेशले खोप खरिदका लागि ५० लाख रुपैयाँ र आकस्मिक रोग नियन्त्रणका लागि हरेक जिल्लामा दुईदेखि तीन लाख र मन्त्रालयमा ६० लाख बजेट विनियोजन गरेको छ।

■ **मधेश प्रदेश** : हाल मधेश प्रदेशमा सक्रिय पशुको संख्या नौ हजार ६ सय ७१ रहेको छ। हालसम्म एक लाख ३२ हजारभन्दा बढी पशु संक्रमित हुँदा ३५ हजारभन्दा बढी पशु मरेका छन्। एक लाख २३ हजार पशु निको भएको विभागको भनाइ छ। मधेश प्रदेशले खोप खरिद गर्न ५० लाख रुपैयाँ र आकस्मिक रोग नियन्त्रणका लागि हरेक जिल्लामा पाँच लाख बजेट विनियोजन गरेको छ।

■ **बागमती प्रदेश** : बागमती प्रदेशमा हाल दुई लाख ४८ हजार पशु संक्रमित भएका छन् भने यसमध्ये निको हुने पशुको संख्या दुई लाख २१ हजारभन्दा बढी पुगेको छ। हाल सक्रिय पशुको संख्या करिब २१ हजार छन्।

लम्पी स्किनको विवरण

प्रदेश	सक्रिय संक्रमित पशुको संख्या	निको भएका पशुको संख्या	खोप लगाइएका पशुको संख्या	मरेका पशुको संख्या
कोशी	१३५२६	२६३८९५	२२५९४२	९४२१
मधेश	९६७१	११९२७२	२००९०५	३५८२
बागमती	२१३६४	२२१५०७	२३०२०१	६०१३
गण्डकी	७२२९	५९३६५	१७०८५१	३२४७
लुम्बिनी	९६५१	१७५९१२	६७१७५	५६४६
कर्णाली	९२४५	२२४१७६	१९१२८	१०२४९
सुदूरपश्चिम	२९५०	३२९४६८	५२१४	१४३९०
जम्मा	७३६३६	१३९३५९५	९१९४१६	५२५४८

तथ्यांक स्रोत : पशु सेवा विभाग

बागमतीले खोप खरिदका लागि ६५ लाख रुपैयाँ र आकस्मिक रोग नियन्त्रणका लागि हरेक जिल्लामा पाँचदेखि नौ लाख बजेट विनियोजन गरेको छ।

■ **गण्डकी प्रदेश** : गण्डकी प्रदेशमा हालसम्म ६९ हजारभन्दा बढी पशुमा संक्रमण पुष्टि भएको छ। यसमध्ये ५९ हजार पशु निको भएको विभागले जनाएको छ। यस प्रदेशमा हाल सक्रिय पशुको संख्या सात हजार दुई सय रहेको छ। गण्डकी प्रदेशले खोप खरिदका लागि एक करोड बजेट विनियोजन गरेको छ।

■ **लुम्बिनी प्रदेश** : लुम्बिनी प्रदेशमा लम्पी स्किनको संक्रीय संक्रमित पशुको संख्या नौ हजार ६ सय रहेको छ। यस प्रदेशमा हालसम्म एक लाख ९१ हजार पशुमा संक्रमण पुष्टि भएकोमा एक लाख ७५ हजार निको भएका छन्। हाल ६७ हजारभन्दा बढी पशुलाई खोप लगाइएको छ।

■ **कर्णाली प्रदेश** : कर्णाली प्रदेशमा हालसम्म दुई लाख ४३ हजार पशुमा लम्पी स्किन संक्रमण पुष्टि भएको छ। त्यसमध्ये दुई लाख २४ हजार पशु निको भएका छन्। अहिले सक्रिय पशुको संख्या नौ हजार दुई सय रहेको छ। खोप लगाउने पशुको संख्या १९ हजारभन्दा बढी रहेको छ।

■ **सुदूरपश्चिम प्रदेश** : यस प्रदेशमा हालसम्म सबैभन्दा बढी तीन लाख ४६ हजार पशुमा संक्रमण पुष्टि भएको छ। यसमध्ये तीन लाख २९ हजारभन्दा बढी पशु निको भएका छन्। यस प्रदेशमा खोप लगाउने पशुको संख्या पाँच हजार दुई सय २९ रहेको छ। यस प्रदेशमा सक्रिय पशुको संख्या २९ सय ५० रहेको छ।

'दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह समयमै बन्छ'

कञ्चनपुरमा **मोहन विष्ट**

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तले नेपालको कञ्चनपुरको दोधारा-चाँदनी नगरपालिकामा बन्ने सुक्खा बन्दरगाह बनाउन भारतको सहयोग रहने बताएका छन्।

सोमबार बिहान दोधारा-चाँदनीमा बन्ने सुक्खा बन्दरगाह क्षेत्रको स्थलगत अनुगमन गर्दै राजदूत श्रीवास्तले समयमै बन्ने विश्वास व्यक्त गरेका छन। राजदूत श्रीवास्तले सुक्खा बन्दरगाह निर्माणमा भारतले सहयोग गर्ने बताउँदै उक्त सुक्खा बन्दरगाह निर्माण भए दुवै देशलाई फाइदा हुने बताए। पूर्वमन्त्री एवं नेपाली काग्रेसका प्रमुख सचेतक रमेश लेखकले सुक्खा बन्दरगाह निर्माणको कार्यविधि बनिसकेकाले काम शीघ्र हुने बताए।

कञ्चनपुर उद्योग वाणिज्य संघका अध्यक्ष पीताम्बर जोशीले नेपाल-भारत दुवै देशको व्यापार वृद्धिका लागि सुक्खा बन्दरगाह बनाउन आवश्यक रहेको बताए।

लेखकले अब दोधारा-चाँदनीको सुक्खा बन्दरगाह निर्माण कार्य अघि बढिसकेको बताए। दोधारा-चाँदनी नगरका मेयर किशोर लिम्बूले समयमै सुक्खा बन्दरगाह निर्माण गराउन केन्द्रीय सरकार गम्भीर हुनुपर्ने बताए। महाकाली नदीमा चार लेनको पक्की पुल निर्माण कार्य अन्तिम चरणमा रहेका वेला बन्दरगाह निर्माण कार्यसमेत शीघ्र गर्नुपर्नेमा जोड दिए। जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहोराले समेत सुक्खा बन्दरगाह निर्माण कार्य समयमै गर्नुपर्ने बताए।

कपिलवस्तुमा उद्योग-व्यवसाय दर्ता घट्यो, बन्द हुनेको संख्या बढ्यो

गएको आर्थिक वर्षमा एक सय १४ उद्योग र फर्म बन्द भए, दर्ता भने पाँच वर्षयताकै न्यून

कपिलवस्तुमा **डिलाराम भुसाल**

आर्थिक मन्दीको प्रभाव कपिलवस्तुका घरेलु तथा साना उद्योगमा पनि परेको छ। जिल्लामा व्यवसायी विस्थापित हुने क्रम बढ्दै गएपछि एक वर्षको अवधिमा एक सय १४ उद्योग तथा फर्म बन्द भएका छन्। जिल्लामा एक वर्षमै ७८ साना उद्योग र ३६ वाणिज्य फर्म बन्द भएको बताएको हो।

घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुका अनुसार गत आव ०७९/८० मा उत्पादनमूलक २१, कृषि तथा वन ३१, सेवामूलक २६ वटा गरी कुल ७८ साना उद्योग बन्द भएका छन्। त्यस्तै, वाणिज्यतर्फका किराना पसल आठ, हार्डवेयर ११, जुत्ता-पसल दुई, कपडा पसल नौ, कस्मेटिक एक, गिफ्ट हाउस दुई, इ-मोबाइल कम्प्युटर एक, मदिरा पसल दुई, विविध गरी ३६ वटा पसल बन्द भएको कार्यालयले जनाएको छ।

कोभिड तथा रसिया-युक्रेन युद्धका कारण निम्तिएको विश्वव्यापी आर्थिक मन्दीले सबै क्षेत्रमा प्रभाव पारेको छ। पछिल्ला तीन आर्थिक वर्षयता उद्योग-व्यवसाय बन्द हुने क्रम बढेको छ। आर्थिक वर्ष ०७६/७७ मा ७५, आर्थिक वर्ष ०७७/७८ मा ७७ र आर्थिक वर्ष ०७८/७९ मा ९० वटा साना उद्योग बन्द भएको कार्यालयले जनाएको छ। त्यस्तै, वाणिज्य फर्मअन्तर्गत आर्थिक वर्ष ०७६/७७ मा एक सय ७८, आर्थिक वर्ष ०७७/७८ मा एक सय नौ र आर्थिक वर्ष ०७८/७९ मा ७६ वटा बन्द भएको हो।

बन्द हुने बढ्दा, खुल्ने झनै घटे

कोरोनाकालपछि असहज स्थिति बन्दै गएपछि उद्योगधन्दा खुल्ने क्रम भने घटेको छ। गत वर्ष आर्थिक स्थिति असहज बनेपछि साना उद्योग र वाणिज्य फर्म भने नवीकरण नभएर बन्द भएको घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुका प्रमुख प्रेमबहादुर गौतमले बताए। कपिलवस्तुमा पाँच वर्षयता पाँच हजार पाँच सय ६७ साना उद्योग थपिएको उनले बताए। तर, पछिल्ला वर्षहरूमा उद्योग थपिने क्रम घटेको हो। आर्थिक वर्ष ०७९/८० मा ६ सय ५८ उद्योग दर्ता भएका छन्। जुन पछिल्लो पाँच वर्षयताकै सबैभन्दा कम हो। आर्थिक वर्ष ०७८/७९ मा एक हजार चार सय १७, ०७७/७८ मा एक हजार दुई सय ९१ र आर्थिक वर्ष ०७६/७७ मा एक हजार ४७ उद्योग दर्ता भएका थिए।

कोरोनाकालपछि उद्योग र व्यापारिक फर्मको संख्या घट्नु चिन्ताको विषय भएको उद्योग व्यापार संघ कपिलवस्तुका अध्यक्ष खिमानन्द पौडेल (कपिल)ले बताए। चार वर्षयता जिल्लामा उद्योगधन्दा खुल्नेक्रम घट्दै गएको उनले बताए। व्यवसायमा निरन्तर घाटा लागेपछि उद्योगी-व्यवसायीले आफ्नो फर्म बन्द गर्न बाध्य भएको पौडेलको भनाइ छ।

तीनवटै अन्तर्राष्ट्रिय विमानस्थलमा चरा धपाउने उपकरण जडान गरिँदै

नयाँ पत्रिका

देशभित्र सञ्चालित तीनवटै अन्तर्राष्ट्रिय विमानस्थलमा चरा धपाउने उपकरण जडान गरिने भएको छ। जहाज उडान तथा अवतरणका क्रममा पटक-पटक 'बर्ड हिट' भएपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले उडान सुरक्षा बढाउन 'बर्ड स्केरिङ डिभाइस' खरिद तथा जडान गर्ने भएको हो।

क्यानले चालू आर्थिक वर्षको बजेटमा त्रिभुवन, गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पूर्वाधार विकास तथा सुरक्षा अभिवृद्धिमा जोड दिएको हो। चरा ठोक्किँदा जहाजको इन्जिनमा आगलागी हुनेसम्मका घटना भइरहेका छन्। चालू आवको वार्षिक नीति, बजेट तथा कार्यक्रममा तीनवटा अन्तर्राष्ट्रिय विमानस्थलमा पूर्वाधार निर्माणदेखि सुरक्षा उपकरण जडानसम्मलाई जोड दिइएको छ।

त्रिभुवन विमानस्थलको धावनमार्गको उत्तरतर्फको एप्रोन, पूर्वतर्फको ह्यांगर तथा दक्षिणतर्फको प्यारलल ट्याक्सी वे निर्माणले निरन्तरता पाउने भएको छ। त्रिभुवन विमानस्थल क्षेत्रलाई सुरक्षित बनाउन आउटर पेरिफेरी सेक्युरिटी फेन्स निर्माण गरिने भएको छ। विमानस्थलको कार्गोतर्फ कार्गो स्क्यानर मेसिन, फ्ल्याप गेट, कार्गो एक्सरे मेसिन खरिद तथा जडान गर्ने क्यानले जनाएको छ।



विमानस्थलको आन्तरिक तथा अन्तर्राष्ट्रिय टर्मिनल भवनमा ड्युल-भ्यु ह्यान्ड ब्यागेज एन्ड होल्ड ब्यागेज एक्सरे मेसिन र वाक थ्रो मेटल डिटेक्टर (डब्लुटिएमडी) पनि जडान गर्ने बजेट, नीति तथा कार्यक्रममा उल्लेख छ।

यस्तै, अन्तर्राष्ट्रिय टर्मिनल भवनमा बडी स्क्यानर मेसिन जडान गर्ने र नयाँ आन्तरिक टर्मिनल भवनको आगमन क्षेत्रमा ब्यागेज ह्यान्डलिङ सिस्टम (बिएचएस) जडान गर्ने पनि योजना छ। त्रिभुवन विमानस्थलको एप्रोन नम्बर चार तथा ११ सुदृढीकरण गर्ने, विमानस्थलमा विद्युतीय चार्जिङ स्टेसन निर्माण गर्ने बताइएको छ।


■ यस्तो बनाइँदै गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

२ जेठ ०७९ देखि सञ्चालनमा आएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा ट्याक्सी वे रिनोभेसन तथा लिंक रोड निर्माण कार्यलाई निरन्तरता दिइने क्यानको नीति, बजेट तथा कार्यक्रममा उल्लेख छ। विमानस्थलको आन्तरिक टर्मिनल भवनमा आगमन कक्ष निर्माण गर्ने, विमानस्थलमा ड्युल भ्यु ह्यान्ड ब्यागेज एक्सरे मेसिन तथा वाक थ्रो मेटल डिटेक्टर सिस्टम पनि जडान गरिने भएको छ।

विमानस्थलको आन्तरिक टर्मिनलतर्फ ब्यागेज ह्यान्डलिङ सिस्टम जडान गरिनुका साथै विमानस्थलमा विद्युतीय आपूर्ति सुधार कार्य तथा अनलाइन युपिएस, लाइन एक्सटेन्सन तथा पावर सप्लाई स्विचओभर कार्यका लागि उपकरण खरिद गरी जडान गर्ने नीति, बजेट तथा कार्यक्रममा उल्लेख छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हाइड्रोलिक बुम मेसिन खरिद तथा जडान गर्ने पनि क्यानले जनाएको छ।

रजत जयन्तीको
हार्दिक बधाई तथा शुभकामना





आज सेप्टेम्बर १९, २०२३ मिराबेल रिसोर्ट होटेल धुलिखेल सञ्चालनको २५ वर्षको यात्रा पूरा गरी अगाडि बढिरहेको शुभअवसरमा सम्पूर्ण कर्मचारी परिवार, व्यवस्थापक, सञ्चालकज्यूहरु तथा ग्राहक वर्गमा हार्दिक बधाई ज्ञापन गर्दछु । भविष्यमा उत्तरोत्तर सफलताको पनि हार्दिक शुकामना व्यक्त गर्दछु ।

श्याममोहन श्रेष्ठ
संस्थापक अध्यक्ष
मिराबेल रिसोर्ट होटेल, धुलिखेल

टाटा टियागो इभी पाँच सयभन्दा बढी बुकिङ

नयाँ पत्रिका

यसपटकको १५औँ नाडा अटो सोमा टाटा टियागो इभीको बुकिङ सबभन्दा धेरै भएको छ। नेपाली बजारमा सार्वजनिक गरिएको २१ लाख ९९ हजार रुपैयाँ मूल्य भएको टियागो इभी पाँच सयभन्दा धेरै बुकिङ भएको कम्पनीले जनाएको छ। साथै, नाडा अटो सोमा नै लन्च गरिएको टाटा नेक्सन इभी एक्स जेड प्लस र टाटा पन्चको बुकिङ पनि उल्लेखनीय रहेको बताइएको छ।

सिप्रदीका प्यासेन्जर भेहिकल बिजनेस युनिटका प्रमुख सावन्त जंगले नाडा अटो सोमा सर्वसाधारण अटो पारखीले टाटा मोटर्सका गाडीप्रति देखाएको उत्साहले आफूलाई थप ऊर्जा थपेको बताए। साथै, गाडीप्रति चासो देखाएर बुकिङसमेत गरेका ग्राहकको चाहनाअनुसार आफूहरू गाडी ल्याउन सफल भएको उनको भनाइ छ।



अत्याधुनिक जिपट्रन प्रविधियुक्त टियागो इभीमा कार्यकुशलता, प्रविधि, विश्वास, चार्जिङ र आरामदायी यात्राजस्ता विशेषता छन्। ऋुज कन्ट्रोलसहितको टियागो इभीमा अत्याधुनिक टेलिम्याटिक्स, कन्ट्र्यास्ट रुफ, पूर्ण स्वचालित क्लाइमेट कन्ट्रोल, प्रोजेक्टर, अटो हेडल्याम्पलगायका विशेषता रहेको कम्पनीले जनाएको छ।

यस्तै, अर्को गाडी नेक्सन इभी एक्स जेट प्लसको ब्याट्री क्षमता ४०.५ किलोवाट र रेन्ज चार सय ५३ किलोमिटर छ। टियागो इभी जस्ता अत्याधुनिक जिपट्रन प्रविधि भएको यस एसयुभीको बनावट आकर्षक रहेको कम्पनीको दाबी छ।

त्यसैगरी, टाटाको 'न्यु फरेभ' रेन्जअन्तर्गतको टाटा पन्चका चार आधारस्तम्भ हुन्, आकर्षक डिजाइन, विशेष कार्यक्षमता, फराकिलो इन्टेरिएर र पूर्ण सुरक्षा रहेको पनि कम्पनीले जनाएको छ।

'थ्रेटकन थ्रेटकन २०२३' सम्पन्न

काठमाडौं/ ह्याकरहरूको सम्मेलन 'थ्रेटकन थ्रेटकन २०२३' सम्पन्न भएको छ। साइबर सुरक्षाफर्म थ्रेटनिक्सले २५-२७ भदौसम्म गरेको उक्त कार्यक्रममा ह्याकरसम्बन्धी वर्कसप सम्मेलन तथा विभिन्न कार्यक्रम भएका थिए। जसमध्ये 'क्याम्चर द फ्ल्याग' प्रतियोगिता (सिटिएफ) पनि एक हो।



उक्त प्रतियोगितामा विभिन्न कलेज तथा आइटी कम्पनीहरूलाई प्रतिनिधित्व गर्दै कुल ३८ समूहको सहभागी रहेको थियो। जसमध्ये उत्कृष्ट पाँच समूह (पहिलोदेखि पाँचौं)मा सफ्टवेरिका कलेजका विद्यार्थी परेका हुन्। प्रथम हुने समूहले १० हजार रुपैयाँ नगद पुरस्कार र १६ सय डलर (करिब दुई लाख १४ हजार रुपैयाँ)बराबरको ओएसिपी प्रमाणपत्र (पिइएन दुई सय कोर्स, ल्याबमा ९० दिनको पहुँच र परीक्षा) प्राप्त गर्न सफल भएका छन्।

दोस्रो हुने समूहले साढे सात हजार रुपैयाँ नगदसहित दुई सय तीन डलर (करिब २७ हजार)बराबरको प्रतिष्ठित ह्याक दी बक्स (एचटिबी)को एक वर्षसम्म भिआइपी पहुँच र ६ महिनाका लागि एक सय ६८ डलर (करिब २२ हजार रुपैयाँ)बराबरका दुईवटा भिआइपी सब्सक्रिप्सन हात पारे। उसैगरी, तेस्रो हुने समूहले पाँच हजार नगद पाए। साथै, ह्याक दी बक्सको एक वर्षसम्म भिआइपी पहुँच र ६ महिनाका लागि ८४ डलर (करिब ११ हजार रुपैयाँ)बराबरको एउटा भिआइपी सब्सक्रिप्सन पाएका हुन्। वार्षिक रूपमा आयोजना हुने यो कार्यक्रम साइबर सुरक्षा र ह्याकिङमा रुचि राख्नेहरूको रुचिको केन्द्र बनेको बताइएको छ। नेपालमा साइबर सुरक्षासम्बन्धी यस्ता प्रतियोगिता आयोजना गर्नाले युवालाई यस क्षेत्रमा आउन र विशेषज्ञता हासिल गर्न सहयोग पुग्ने र उनीहरूलाई समस्या समाधान गर्ने सीप सिकाउने, साइबर सुरक्षासम्बन्धी बुझाइ विकास गर्ने, साइबर सुरक्षा चुनौतीका लागि तयारी गराउने बताइएको छ।

एनसेलको 'हरेक दिन सरप्राइज सबैलाई स्योर प्राइज'



काठमाडौं/ एनसेलको १८औँ वार्षिकोत्सवको अवसरमा प्रत्येक ग्राहकले अब लगातार २८ दिनसम्म हरेक दिन स्योर प्राइज गिफ्ट पाउने भएका छन्। साथै, साप्ताहिक रूपमा बोनस ब्यालेन्स र बम्पर पुरस्कारको रूपमा स्कुटर पनि प्राप्त गर्ने कम्पनीले जनाएको छ। ग्राहकलाई प्रदान गरिने उपहारहरूमा निःशुल्क डिजिटल सेवा सदस्यता, एनसेल नेटवर्कमा फोन, एसएमएसका साथै डेटा चलाउन मिल्ने ब्यालेन्स, डेटा, एनसेल अन नेट टक टाइम र एसएमएस रहेका छन्। स्योर प्राइज उपहारस्वरूप प्राप्त हुने सेवा-सुविधा २४ घन्टाका लागि मान्य रहन्छ।

२८ दिनसम्म सञ्चालनमा रहने यस योजना अवधिमा एक हजारजना ग्राहकले हरेक हप्ता सरप्राइजस्वरूप सयको बोनस ब्यालेन्स प्राप्त गर्नेछन्। योजनाको अन्त्यमा सातजनाले बम्पर पुरस्कारका रूपमा एक-एकवटा स्कुटर जित्नेछन्।

साप्ताहिक र बम्पर पुरस्कारहरू प्राप्त गर्नका लागि ग्राहकले हप्तामा कम्तीमा एकपटक एस्ट्रिक्स१७११७ह्यास डायल गरेको हुनुपर्छ।

सिर्जनशीलतामा नयाँ आयाम थप्दै टेक-ट्रिक्स सम्पन्न



काठमाडौं/ आइटी शिक्षामा विद्यार्थीले आफूसँग भएको क्षमता प्रदर्शन गर्न पाउने टेक-ट्रिक्स-२०२३ सम्पन्न भएको छ। न्यु समिट कलेज र टेक-ट्रिक्स नेपालले यसको संयुक्त आयोजना गरेका हुन्।

विभिन्न विधामा सञ्चालित प्रतियोगिताका विजेतालाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको छ। जसअन्तर्गत आइटी क्विजमा सेन्ट लरेन्स कलेज विजयी भएको थियो भने द्वितीय स्थान क्याथफोर्ड कलेजले प्राप्त गरेको थियो। यसैगरी, क्यास रोयल सञ्जय गौतमले जितेका थिए भने सुजन गौतम दोस्रो भएका थिए। पब्जीका विजेता भने केएफए कलेजका शुभम चित्रकारको समूह भएको थियो भने सुनील गिरीको टिम हाइप उपविजेता बन्दा टप फ्रागरको उपाधि विशेष खड्कालाई गएको थियो। साथै, फिफा-०२३ विजेता जगदीश पाण्डे भएका थिए भने उपविजेता समीर गुरुङ भएको आयोजकले जनाएको छ।

तीन दिवसीय प्रतियोगिताको मुख्य आकर्षण ह्याकथन सेन्ट जेभियर्सले जितेको थियो भने उपविजेता सगरमाथा कलेज भएको हो। यस्तै, तेस्रो स्थान न्यु समिट कलेजले पाएको हो। विज्ञ परामर्शदाताको प्रत्यक्ष निगरानी र परामर्शमा ३० घन्टा अवधिमा बनाइएको परियोजनालाई निर्णायकको भूमिकामा रहेका विभिन्न विषयविज्ञ विश्वकाजी श्रेष्ठ, रोशन खत्री, अभिषेक कोइराला, इआर प्रबिन चौहानको निर्णयका आधारमा विजेता घोषणा गरिएको थियो।

चोकोफनको 'अन्ली चोकोफन' अभियान



काठमाडौं/ सुजल कन्फेक्सनरी कम्पनी सुजल फुड्सले चोकोफनको नयाँ विज्ञापन अभियान 'अन्ली चोकोफन' सुरु गरेको छ।

नयाँ विज्ञापन अभियानमार्फत बालबालिकाको रमाइलो पलमा चोकोफनको साथले थप खुसी र आनन्द मिल्ने कम्पनीले जनाएको छ। विज्ञापन अभियानको प्रवर्द्धन टेलिभिजन, रेडियो, डिजिटल मिडिया तथा सामाजिक सञ्जालमार्फत प्रवाह गरिएको बताइएको छ।

बालबालिकाले यस विज्ञापनलाई आफ्नो वास्तविक बाल्यकालसँग चित्रण गर्नेछ। टेलिभिजन विज्ञापनमा बालबालिका एक-अर्कासँग रमाइलो गरिरहेको, चोकोफनको उत्कृष्ट स्वादमा मग्न भएको देखाइएको छ। चोकोफन चार दशकदेखि कन्फेक्सनरी उत्पादन गर्दै आएको सुजल फुड्सको लोकप्रिय उत्पादन भएको कम्पनीले बताएको छ।

पोखरामा यतीको रात्रि उडान सुरु



कास्की/ यती एयरलाइन्सले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा रात्रि उडान सुरु गरेको छ। यतीले आइतबारदेखि काठमाडौं-पोखरा-काठमाडौं रुटमा रात्रि उडान सुरु गरेको हो।

काठमाडौंबाट साँझ ५:३० बजे उडान नं एनवाइटी ६८३ बाट पोखराका लागि उडेको विमान पोखरामा अवतरणपछि साँझ ६:२० बजे उडान नं एनवाइटी ६८४ मार्फत काठमाडौंका लागि उडान गरेको कम्पनीका प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिए। पाँचवटा एटिआर ७२ जहाज रहेको यतीले हाल पोखरामा दैनिक ६ उडान गरिरहेको छ। रात्रि उडान गर्ने यात्रुको संख्या बढ्दै गएमा उडान संख्यासमेत बढाउँदै लैजाने उनले बताएका छ।

१७ पुसमा ०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेको विमानस्थलमा ११ फागुनमा इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) लागू भएपछि अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडानका लागि तयार भएको थियो। विमानस्थलमा १८ फागुन ०७९ देखि रात्रिकालीन उडान सुरु भएको थियो।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय कुश्मा, पर्वतबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) **दिन भित्र** यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नुहुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालो सूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीको नाम : गौडेल किराना स्टोर्स दर्ता गर्ने कार्यालय : उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग दर्ता नं. २३७४७/०७८/०७९, दर्ता मिति : २०७८/०५/११ पान नं. ६१३१७८२८८ ठेगाना : पोखरा म.न.पा.वडा नं.-१०, कास्की **प्रोप्राइटर/जमानीकर्ताको नाम : सम्झना शर्मा** बुबाको नाम : धनन्जय शर्मा पतिको नाम : मुक्तिनाथ गौडेल ससुराको नाम : काशीनाथ गौडेल ठेगाना : तित्याङ-०९, बाग्लुङ्ग हालको ठेगाना : पोखरा म.न.पा.वडा नं. -१०, कास्की ना.प्र.नं. : ५०३००५/१५९, जारी मितिः२०६३/११/०४ जारी गर्ने कार्यालय : जि.प्र.का. बाग्लुङ्ग **कर्जा शिर्षक : एस.एम.ई.अधिविकर्ष कर्जा र माग कर्जा** **कर्जा लिएको शाखा : कुश्मा, पर्वत**	**क) नाम : मुक्तिनाथ गौडेल** बुबाको नाम : काशीनाथ गौडेल बाजेको नाम : मधुसुधन गौडेल ठेगाना : मुडीकुवा–०४, पर्वत हाल : पोखरा म.न.पा.वडा नं. -१०, कास्की ना.प्र.नं. : ५१ ६५९३ जारी मिति : २०५१/१०/०१ जारी गर्ने कार्यालय : जि.प्र.का. पर्वत **ख) नाम : परशुराम सुबेदी** बाबुको नामः नेत्र प्रसाद सुवेदी बाजेको नामः पुर्णाखर सुवेदी ठेगाना : खानीगाउँ–०४, पर्वत हाल : फलेवास-०६, पर्वत ना.प्र.नं. : २८८९५ जारी मिति : २०५७/०४/१५ जारी गर्ने कार्यालय : जि.प्र.का. पर्वत
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय पर्वतमा श्री मुक्तिनाथ गौडेलको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला पर्वत, मुडिकुवा -०१ स्थित कित्ता नं. ४८८, ३४०, ८९ र मुडिकुवा-०२ स्थित कित्ता नं. १४२२ को क्षेत्रफल क्रमशः ७६७.०८, ७०५.४८, ५४०.५४ र ६०४.१३ व.मी. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

गैह बैंकिङ्ग सम्पत्ति बिक्रीको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ दिने जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८०/०६/०२ गते नयाँ पत्रिका दैनिक

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा संस्थाको कर्जा असुली विनियमावलीले दिएको अधिकार प्रयोग गरी यस संस्थाको नाममा दर्ता स्वामित्व रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिङ्ग अचल सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि बिक्री गर्नुपर्ने भएकोले इच्छुक सर्वसाधरणबाट अचल सम्पत्ति के-कति रकममा बोल-कबोल गर्ने हो सो रकम समेत खोली यस सूचना प्रकाशित मितिले **७ दिन भित्र** यस संस्थाको प्रधान कार्यालय, कमलादी काठमाडौमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

गैह बैंकिङ्ग सम्पत्ति स्वरुप रहेको घर/जग्गा विवरणः

क्र.सं.	जिल्ला	नगरपालिका/गा.वि.स.	वडा नं.	कि. नं.	क्षेत्रफल
१	रुपन्देही	आनन्दवन	९	१९६	४८६.७९ वर्ग मिटरको जग्गा।
२	रुपन्देही	पटखौली	६	१२६९	०-३-१ को जग्गा
३	रुपन्देही	सिक्टहान	७/घ	१०० र ९९	०-०-७.५ र ०-०-७.५ को जग्गा
४	रुपन्देही	सिक्टहान	७/घ र ७/घ	८५ र १०४	०-०-१५ र ०-१-० को जग्गा
५	रुपन्देही	करहिया	५	११८१	०-०-१० को जग्गा
६	रुपन्देही	परौहा	२/क	१३४६	०-०-११-० को जग्गा र घर समेत
७	रुपन्देही	पडमरी	३	१०२६	०-१-० को जग्गा।
८	रुपन्देही	बुटवल न.पा.	६	४८२	२१२ वर्ग मिटरको जग्गा
९	रुपन्देही	मानमतेरिया	८	६५२, ६५६, ६५८, ६६० र ५२	४२१६.५० वर्ग मिटरको जग्गा।
१०	कपिलवस्तु	पटना	४/ख	७८८ र ७९०	०-०-४-३, ०-०-२-३ को जग्गा र सोमा बनेको घर समेत
११	कपिलवस्तु	हथौसा	३	३४	२६९.३० वर्ग मिटरको जग्गा
१२	कपिलवस्तु	हथौसा	९/क	२२३, ९६८ र ६०४	०-१-१५, ०-०-१५/०-१-५ को जग्गा
१३	कपिलवस्तु	गजेहण	२/क	१७८४	०-०-१२ को जग्गा र घर समेत
१४	कपिलवस्तु	मोतिपुर	५	१३०८	०-३-३ को जग्गा र सो मा बनेको घर समेत।
१५	पर्सा	भिखमपुर	३	९२	०.७७९० वर्ग मिटरको जग्गा
१६	काठमाण्डौ	का.म.न.पा.	१४	११८	१४५.२० वर्ग मिटरको जग्गा
१७	काठमाण्डौ	का.म.न.पा.	२२	६२१ र ६२२	०-०-१-३ र ०-०-१-२ को जग्गा र सोमा बनेको घर समेत
१८	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	परासी	३	१४८२	०-१-०-० को घर जग्गा
१९	नवलपरासी	रामग्राम	४	३१	३२८.८० वर्ग मिटरको जग्गा र सोमा बनेको घर समेत
२०	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	प्रतापपुर	७/ग	६८, १८७ र १८८	०-०-१३-०, ०-६-६-०, ०-३-१०-० को जग्गा
२१	नवलपरासी	बडहरा दुबौलिया	७	६, १०५१, १०५९ र १०६०	०-०-१८.२५ (३०९ वर्ग मिटर) ०-०-१५, ०-४-१५/०-१४-० को जग्गा।
२२	नवलपरासी	माकर	४	१२३३ / १२३२	०-०-३-३ र ०-०-३-३ को जग्गा र सोमा बनेको घर समेत
२३	नवलपरासी	सुनौल	९	१८	१४० वर्ग मिटरको जग्गा र सोमा बनेको घर समेत
२४	कैलाली	नारायणपुर	८	११३४	०-३-५ को घर जग्गा
२५	कैलाली	पथरैया	९	३७, १६५ र ६७७	१३५.४३, ४४०.१६, ६७७.२८ वर्ग मिटरको जग्गा
२६	कैलाली	पथरैया	२	१००५ र १००७	०-१-१-०, २-७-५-० को जग्गा
२७	कैलाली	टिकापुर न.पा.	९	१९२२ र १९२३	३३८.६३ र ३३८.६३ वर्ग मिटरको जग्गा र घर समेत
२८	तनहुँ	पुर्कोट	१/क	५०० र ५०१	०-१-१-२, ४-११-२-३ को जग्गा
२९	सिन्धुपाल्चोक	सागाँचोक	३	१९५, १४४४, १४४७, ४८९ र १४४६	०-१५-३-२, १-३-२-०, ०-७-३-२, ३-२-१-१, ०-६-२-० को जग्गा
३०	मुनसरी	इटहरी	८	२३६	०-१-१०-० को जग्गा
३१	स्याङ्जा	वालिङ्ग	२	३५३८ र ३५४०	०-६-१-२/०-१-२-२ को जग्गा
३२	बर्दिया	महमदपुर	४	९१७, ९१२, ९१३	५४०.०, ११२५.०, ११२५.० वर्ग मिटरको जग्गा
३३	काभ्रे	नामीका स्थान सांगा	४/क	२६६९	११९.२२ वर्ग मिटरको जग्गा
३४	भक्तपुर	सुडाल	६/ग	३०५ र ३०९	०-१३-१-० र २-८-३-० को जग्गा।
३५	बाँके	बागेश्वरी	९	३५३	७९८.१८ वर्ग मिटरको जग्गा
			९	१३५६	२४६४.५९ वर्ग मिटरको जग्गा
३६	पाल्पा	रामपुर	४	२७३१	३१३.९९ वर्ग मिटरको जग्गा
		गल्घा	८	६७९	१२२८.१३ वर्ग मिटरको जग्गा

शर्त बन्देजहरुः

१. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।
२. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशत धरौटी बापतको रकम यस संस्थाको प्रधान कार्यालयमा रहेको (Payable Auction Deposit A/C no. 917105010080) खातामा खोलपत्रदाताको नामबाट जम्मा गरी सोको सक्कल जम्मा भौचर, संस्थाको नाममा जारी गरेको (Good for payment) चेक वा बैक तथा वित्तीय संस्थाले यस संस्थाको नाममा जारी गरेको चैक जमानत (Bid Bond) बोलपत्र साथ पेश गर्नुपर्नेछ। सो धरौटी बापत जम्मा गरिएको रकममा कुनै पनि ब्याज गणना हुने छैन।
३. सो शिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको ३:०० बजे यस संस्थाको प्रधान कार्यालय कमलादी, काठमाडौमा सरकारी प्रतिनीधि, गन्यमान्य व्यक्तिहरुको रोहबरमा खोलिनेछ। बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोहि स्थान र समयमा बोलपत्र खोलिने छ। बोलपत्र खोलिने दिन बोलपत्रदाताहरु उपस्थित हुनुपर्नेछ तर बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन।
४. यस कम्पनीको नाममा दर्ता श्रेष्ता कायम रहेको चल अचल सम्पत्ति बढि बोलकबोल गर्ने शिलबन्दी बोलपत्र दातालाई बिक्री गर्ने निर्णय गरेमा त्यसको सूचना पाएको मितिले १५ दिन भित्र बाँकी रकम यस कम्पनीमा जम्मा गरी आफुले कबुल गरेको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्नेछ। उक्त अवधि भित्र बाँकी रकम जम्मा नगरेमा घरौटि बापत जम्मा गरेको रकम स्वतः जफत हुनेछ। यसमा पछि कुनै उजुर लाग्ने छैन।
५. रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्द हुनेछ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित हुनेछ।
७. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलि पल्ट निरन्तर लिलामको कार्य जारी रहनेछ।
८. स्वीकृत भएको बोलपत्रदाताको नाममा चल: अचल सम्पत्ति रजिष्ट्रेशन दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर/सरकारी दै-दस्तुर आदि स्वयं बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
९. बोलपत्रदाताले बोलपत्र फाराम रु १,०००/- तिरी (फिर्ता नहुने गरी) यस संस्थाको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ तथा उक्त बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा कार्यालय समय भित्र पेश गर्नुपर्नेछ।

शिलबन्दी खोलिने मिति : २०८०/०६/०९ गते मंगलबार
स्थान : प्रधान कार्यालय, कमलादी, काठमाण्डौं
समय : दिनको ठिक ३:०० बजे।

BFC BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्था

प्रधान कार्यालय
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोनः ०१-४५४२४६१/६२/६३

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८०/०६/०२

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको (साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लिमिटेड, कोटिहवा रुपन्देही) शाखा कार्यालय कोटिहवा, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सिटिजन्स वन जोन वन प्रडक्ट कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति वि.सं. २०७९/११/०६ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कोटिहवा, रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स वन जोन वन प्रडक्ट कर्जा

ऋणीको नाम र ठेगाना
नाम : किशोर मल्ल
बाबु : गंगा बहादुर मल्ल
बाजे : तेज बहादुर मल्ल
ठेगाना : चिल्हीया -७, रुपन्देही
हाल : सियारी गा.पा. वडा नं.-०१, रुपन्देही
ना.प्र.नं. : २/१७४५३
जारी मिति. : २०५७/०५/२६
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : देवी कुमारी मल्ल
बाबु : धन बहादुर क्षेत्री
पति : किशोर मल्ल
ससुरा : गंगा बहादुर मल्ल
ठेगाना : चिल्हीया -७, रुपन्देही
हाल : सियारी गा.पा. वडा नं. -०१, रुपन्देही
ना.प्र.नं. : ३७३०१९/९९
जारी मिति. : २०७०/०२/१४
जि.प्र.का. : रुपन्देही

२. नाम : दिपक मल्ल
बाबु : रैत बहादुर मल्ल
बाजे : धन बहादुर मल्ल
ठेगाना : चिल्हीया -७, रुपन्देही
हाल : सियारी गा.पा. वडा नं. -०१, रुपन्देही
ना.प्र.नं. : २/३६८१
जारी मिति : २०५२/०३/२१
जि.प्र.का. : रुपन्देही

धितो राखिएको सम्पतिको विवरणः
धितो सुरक्षण धनीको नामः किशोर मल्ल

जिल्ला	रुपन्देही
न.पा./गा.वि.स.	चिल्हीया
वडा नं	८
नक्सा सिट नं.	८
कि.नं.	२५
क्षेत्रफल (वि.क.धु)	०-६-४
कैफियत	सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु र सो को लिगलगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत य

■ सुदूरपश्चिम प्रदेश सभा बिजनेसविहीन

आठ महिनामा बनेन एउटा पनि कानुन

आठ महिनामा सांसदहरूले तलब र २२ वटा बैठक भत्ताबापत सवा तीन करोड रुपैयाँ बुझेका छन्, तर कानुन बनाउने मुख्य जिम्मेवारी भए पनि एउटै कानुन बन्न सकेन

धनगढीमा **तेजराज भट्ट**



सुदूरपश्चिम प्रदेश सभा बिजनेसविहीन बनेको छ। निर्वाचनपछि प्रदेश सभा सुरु भएको साढे आठ महिनामा २२ वटा बैठक बसेका छन्, तर सदनको मुख्य काम कानुन बनाउने विषय भने ओझेलमा परेको छ।

दोस्रो प्रदेश सभा सुरु भएयता सरकारले प्रदेश सभामा एउटा विधेयक पनि दर्ता गरेको छैन। विधेयक नहुँदा प्रदेश सभा ठप्प छ। सदनका विषयगत समितिले नेतृत्व पाएका छैनन्। निर्वाचनपछि दोस्रो प्रदेश सभाको पहिलो बैठक गत १८ पुसमा बसेको थियो। संसद् सचिवालयका अनुसार सांसदको आठ महिनाको तलब सुविधा र यस अवधिमा बसेका २२ वटा बैठक भत्तामा मात्रै करिब सवा तीन करोड रुपैयाँ भएको छ, तर कानुन बनाउने थलो सदनबाट साढे आठ महिनामा एउटै कानुन बन्न सकेको छैन।

'बिजनेस नहुँदा सदन चलाउन सकिएको छैन, बैठक बस्न सकेका छैनन्,' सभामुख भीमबहादुर भण्डारीले भने, 'सदनलाई बिजनेस दिन प्रदेश सरकारलाई बारम्बार आग्रह गरेका छौं।' सदनलाई कामविहीन बनाएको भन्दै उनी सरकारसँग असन्तुष्ट छन्। सदनलाई बिजनेस नदिएकोमा सांसदहरू पनि सरकारप्रति असन्तुष्टि व्यक्त गर्न थालेका छन्।

गत ३० असारको राति बजेट पारित गरेपछि ४ भदौमा बसेको बैठकले प्रदेश सभा नियमावली संशोधनका लागि समिति गठन गरेको थियो। त्यसयता प्रदेश सभा बैठक बसेको छैन। एउटा विधेयकमा सामान्य केही शब्द संशोधन गर्नेबाहेक सदनमा विधेयकमाथि छलफल नै नभएको सभामुख भण्डारीले बताए। सदन कामविहीन बनाइँदा संघीयताविरुद्ध उठ्ने गरेका प्रश्नलाई बल मिलेको उनको भनाइ छ।

सभामुख, उपसभामुख चयन, मुख्यमन्त्रीलाई विश्वासको मत दिने र बजेटमाथिको छलफल तथा पारित गर्ने प्रयोजनका लागि मात्र बैठक बसेको सचिवालयले जनाएको छ। सरकारबाट विधेयक नआएकाले विधेयकमाथि छलफलको प्रयोजनका लागि एउटा पनि बैठक नबसेको सभामुख भण्डारीले बताए।

सरकारको बेवास्ताले सदन आफ्नो मूल कामबाट विमुख भएको पूर्वमुख्यमन्त्री एवं प्रमुख प्रतिपक्षी एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले बताए। सदन नचल्दा जनजीविकाका विषय उठाउन नपाएको रावलले बताए।

सरकारले सदनलाई कामविहीन बनायो



● **भीमबहादुर भण्डारी**, सभामुख

बिजनेस दिन प्रदेश सरकारलाई बारम्बार आग्रह गरेका छौं, तर एउटै बिजनेस दिएको छैन। बिजनेस नहुँदा सदन चलाउन सकिएको छैन, बैठक बस्न सकेका छैनन् भने एउटै कानुन बन्न सकेको छैन।

'विधायिकाको मुख्य काम कानुन बनाउने हो, तर सदन चलाउन सरकार अनिच्छुक हुँदा सदन यो कामबाट विमुख भएको छ, सदनले आफ्नो काम गर्न सकेको छैन,' उनले भने, 'मुख्यमन्त्रीले सदनलाई छलेर सरकार चलाउन खोजेका छन्।'

गत ३० असारमा बजेट पारित गरेपछि ४ भदौमा बसेको बैठकले प्रदेश सभा नियमावली संशोधनका लागि समिति गठन गरेको थियो। त्यसपछि अर्को बैठक बसेको छैन। सत्तारूढ माओवादीका सांसद शिवसिंह ओलीले लामो समय सदनलाई बन्धकजस्तै बनाइँदा सांसदहरूले जनजीविकाका कुराहरू सदनमा उठाउन नपाएको बताए। 'पहाडी जिल्लामा खाद्यान्न संकट भएको कुरा आएको छ, बाढीपहिरोले नागरिक पीडित बनेका छन्, बालीनालीमा क्षति भएको छ,' उनले भने, 'यी विषय सदनमा उठाउन नपाउँदा जनतामा जनप्रतिनिधि हराए कि भन्ने पर्न थालेको छ।' एक वर्ष पुग्न लाग्दासमेत सदनले एउटा पनि कानुन बनाउन नसक्नुले प्रदेश संरचनाप्रति नै प्रश्न उठ्ने ठाउँ पाएको उनको भनाइ छ। केही दिनअघि भएको माओवादी संसदीय दलको बैठकमा पनि सांसदहरूले सदन चलाउनुपर्ने आवाज उठाएका थिए।

सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज भट्टले दुईवटा विधेयक प्रदेश सभामा पेस गर्ने तयारी रहेको जानकारी दिएका छन्। संघीय निजामती ऐनलगायत कतिपय ऐन नआउँदा प्रदेश सरकारलाई ऐन बनाउन समस्या भएको उनले बताए। 'निजामती ऐन नआउँदा पनि प्रदेशमा गाह्रो भइरहेको छ। सरकार गठनमा समय लागेकाले पनि सदनलाई बिजनेस दिनेमा समस्या भएको हो,' भट्टले भने। कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाह गत २६ माघमा मुख्यमन्त्री नियुक्त भएका थिए।

विषयगत समिति बढाउन जुटेन सहमति

सत्तारूढ दलबीच नेतृत्वमा भागबन्डा नमिल्दा प्रदेश सभाका चारवटा विषयगत समिति नेतृत्वविहीन छन्। सत्तापक्षमा समितिको नेतृत्व भागबन्डा मिलाउन समिति संख्या ६ पुऱ्याउने सहमति यसअघि भएको थियो। त्यसका लागि प्रदेश सभा नियमावली संशोधनको मस्यौदा तयार गर्न गत ४ भदौको बैठकले समिति गठन गरेको थियो। तर, समितिमा रहेका सत्तापक्षकै सदस्य समिति बढाउने पक्षमा नदेखिएपछि समितिले निर्धारित अवधिमा प्रतिवेदन बुझाउन सकेन।

प्रतिपक्षी एमाले र राप्रपासँगै माओवादी समिति बढाउन नहुने पक्षमा रहेको तथा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीका प्रतिनिधि मस्यौदा समितिको बैठकमै सहभागी नभएको बताइएको छ। सत्तापक्षमै सहमति नभएपछि प्रतिवेदन बुझाउन नसकिएको मस्यौदा समितिका संयोजक कांग्रेस सांसद विक्रमसिंह धामीले बताए।

चौथोपटक समितिको म्याद थपका लागि आग्रह गरिने उनले बताए। समितिलाई १५ भदौसम्म प्रतिवेदन बुझाउन भनिएको थियो। ६ वटा समितिको कार्यविभाजनसहित प्रतिवेदन तयार पारिएको र समय थप भए सहमतिका खोजेर प्रतिवेदन बुझाइने धामीले बताए।

प्रदेश सभामा विधायन तथा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास गरी चारवटा विषयगत समिति छन्। केन्द्रमा शीर्ष तहमा एक मन्त्री, एक राज्यमन्त्रीसहित दुईवटा विषयगत समितिको सभापति दिने सहमति भएपछि नागरिक उन्मुक्ति प्रदेश सरकारमा सहभागी भएको थियो। त्यसका लागि विषयगत समिति बढाउन लागिएको हो।

दलका नेताले फिर्ता गरेनन् गाडी

सार्वजनिक लेखा समितिको निर्देशनअनुसार प्रदेश सभा सचिवालयले गाडी फिर्ताका लागि पत्र पठाए पनि सत्तापक्षीय दलका नेताले सचिवालयबाट लिएको गाडी सुविधा फिर्ता गरेका छैनन्। सार्वजनिक लेखा समितिले ऐनविपरीत सत्तापक्षीय दलका नेताले लिँदै आएको गाडी तीन दिनभित्र फिर्ता लिन प्रदेश सभा सचिवालयलाई निर्देशन दिएको थियो।

समितिको निर्देशनपछि सचिवालयले २४ भदौमा पत्र पठाए माओवादी संसदीय दलका नेता खगराज भट्ट, एकीकृत समाजवादी दलका नेता दीर्घ सोडारी र नागरिक उन्मुक्ति दलका नेता घनश्याम चौधरीलाई गाडी फिर्ता गर्न आग्रह गरेको थियो। तर, अहिलेसम्म नागरिक उन्मुक्ति चौधरीले मात्र गाडी बुझाएको संसद् सचिवालयका सूचना अधिकारी युवराज जैशीले जानकारी दिए। संसदीय समितिको निर्देशन उल्लेख गरेर गाडी फिर्ताका लागि पत्र पठाइएको उनले बताए। त्यस्तै, विषयत समितिमा ज्येष्ठ सदस्यको हैसियतले लिएको गाडी सुविधा पनि फिर्ता माग्न समितिले सचिवालयलाई निर्देशन दिएको थियो।

प्रदेश सभाका सदस्य तथा पदाधिकारीको सेवा-सुविधासम्बन्धी ऐनमा सत्तापक्षका दलका नेता, प्रमुख सचेतक र विपक्षी दलका नेतालाई मात्र गाडी सुविधा दिने उल्लेख छ।

चारित्रिक प्रमाणपत्रसम्बन्धी नयाँ निर्देशिका

एक वर्षसम्म सजाय हुने अपराध गरेकाले पनि प्रमाणपत्र पाउने

अनलाईन प्रहरी चारीत्रिक प्रमाणपत्र दर्ता प्रणाली

काठमाडौं/ एक वर्षसम्म कैद सजाय पाएका व्यक्तिले पनि अब प्रहरी चारित्रिक प्रमाणपत्र पाउने भएका छन्। गृह मन्त्रालयले बनाएको 'प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका २०८०'मा यस्तो व्यवस्था गरिएको छ।

सोमबार राजपत्रमा प्रकाशित भएसँगै लागू भएको निर्देशिकाले प्रमाणपत्र वितरणमा उदार व्यवस्था गरेको हो। 'अदालत वा कुनै अर्धन्यायिक निकायबाट सुरु कारबाही र किनारा हुने फौजदारी मुद्दामा एक वर्ष वा सोभन्दा कम सजाय भई भुक्तान भएको' व्यक्तिलाई कसुर उल्लेख नगरी प्रहरी चारित्रिक प्रमाणपत्र पाउने प्रावधान निर्देशिकामा छ।

सामान्य प्रकृतिका अपराधमा संलग्न भएका व्यक्तिले चारित्रिक प्रमाणपत्र नपाउँदा विदेश जानेलगायतका अवसरबाट वञ्चित भएका धेरै घटना आएपछि यससम्बन्धी व्यवस्था हेरफेर गरिएको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए।

त्यस्तै, सरकारी कार्य सम्पादनको क्रममा कुनै कसुर मा सजाय पाई सेवामै रहेको व्यक्ति, जरिवाना मात्र भएको अवस्थामा त्यो असुल भइसकेको व्यक्तिले पनि प्रहरी रिपोर्ट पाउनेछन्। त्यस्तै, सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१(३) बमो जिमको कसुरमा सजाय भएको व्यक्तिले पनि प्रमाणपत्र पाउनेछन्। सवारी दुर्घटनामा कसैको ज्यान गएको, तर चालकको लापरबाही नदेखिएको अवस्थामा एक वर्षसम्म कैद सजाय हुने प्रावधान सो दफामा छ। यस्तो मुद्दामा दोषी ठहर भए पनि प्रहरीको प्रमाणपत्र पाउने भएका छन्।

त्यस्तै, सरकारले मुद्दा फिर्ता लिएको तथा अदालतबाट सफाइ पाई माथिल्लो अदालतमा विचाराधीन रहेकाले पनि चारित्रिक प्रमाणपत्र कसुर उल्लेख नगरी पाउने भएका छन्। नयाँ निर्देशिकामा अनलाइन आवेदन दिएको पाँच कार्यदिनभित्रै प्रमाणपत्र पाउने व्यवस्था उल्लेख छ।

सेना र दुई प्रहरीका...

पृष्ठ १ बाट क्रमशः

रहेको बताए। कोषको विवरण सार्वजनिक गर्ने क्रममा उनले भने, 'कोषले मुलुकभर विभिन्न २० क्षेत्रमा लगानी गरेको छ। जसमा कोषको लगानी ६ अर्ब ५५ करोड रुपैयाँ छ। यसमध्ये स्वास्थ्य विज्ञान संस्थान र मिलिटरी अस्पतालमा सबैभन्दा धेरै लगानी छ।'

त्यस्तै, शिक्षाअन्तर्गत सेनाले कृषि विज्ञान संस्थानमा २२ करोड २६ लाख ८८ हजार लगानी गरेको छ। सेनाले चितवनमा पनि सैनिक आवासीय महाविद्यालय सञ्चालनमा ल्याएको छ। यसको आवास खरिदका लागि मात्रै कोषको १७ करोड ५२ लाख ६७ हजार रुपैयाँ खर्च भएको छ। त्यसबाहेक शुद्ध खानेपानी तथा अक्सिजन प्लान्टमा पनि लगानी गरेको छ। प्लान्टबाट सेनाका लागि आवश्यक खानेपानी र अक्सिजन उत्पादन हुँदै आएको छ।

विस्फोटक पदार्थ तथा गोली उत्पादनमा पनि सेनाको लगानी छ। विशेषगरी सुनाचुरी इमल्सन प्लान्टबाट सेनाका लागि आवश्यक गोली र सिभिल एक्सप्लोसिभ प्लान्टबाट भौतिक निर्माणका लागि आवश्यक विस्फोटक पदार्थ उत्पादन हुँदै आएको छ। कोषमार्फत सुनाचुरी इमल्सन प्लान्टमा सेनाको २६ करोड ९० लाख १३ हजार र सिभिल एक्सप्लोसिभ प्लान्टमा ३३ करोड ३० लाख ६६ हजार लगानी छ। यो कुल लगानीको ९.१८ प्रतिशत हो।

कोषका निर्देशक सहायक रथी केसीले भने, 'मकवानपुरको सुनाचुरीस्थित इमल्सन प्लान्टबाट विस्फोटक पदार्थ उत्पादन हुँदै आएको छ। मुलुकमा सञ्चालित विकास आयोजनाका लागि आवश्यक विस्फोटक पदार्थ सोही प्लान्टबाट उत्पादन हुँदै आएका छन्। यसले मुलुकलाई विस्फोटक पदार्थमा आत्मनिर्भर बनाएको छ।'

सेनाको लगानी रहेको अर्को क्षेत्र पेट्रोलपम्प हो। पछिल्ला दिन सेनाले यस क्षेत्रमा मात्रै ११ करोड ५५ लाख २६ हजार रुपैयाँ लगानी गरेको छ। यो कुल लगानीको १.७६ प्रतिशत हो। विशेषगरी सेनाले पछिल्लोपटक इटहरी, बुटवल, तनहुँ र काठमाडौंको सीतापाइलमा पेट्रोलपम्प राखेको छ।

यसबाहेक जग्गा खरिद तथा भवन निर्माण, टक्सार भवन निर्माण, वृद्धाश्रम, सुपथ मूल्य पसल, गेस्टहाउस निर्माण तथा जुत्ता उत्पादन कारखानमा पनि लगानी गर्दै आएको छ। यी क्षेत्रमा मात्रै सेनाको एक अर्ब ३८ करोड ७९ लाख ६४ हजार लगानी छ। यो कुल लगानीको २१.१७ प्रतिशत हो। जसमध्ये इचंगुनारायणमा गरिएको जग्गा खरिद तथा भवन निर्माणमा मात्रै कोषमार्फत सेनाले ४२ करोड २२ लाख ६३ हजार रुपैयाँ लगानी गरेको छ।

यससँगै सुपथ मूल्य पसलमा १३ करोड ९३ लाख चार हजार, जुत्ता उत्पादन परियोजनामा १३ करोड ५५ लाख दुई हजार, जेपी प्रतिष्ठानस्थित वृद्धाश्रममा दुई करोड ९८ लाख ५० हजार, बुटवलस्थित टक्सार भवन निर्माणमा सात करोड ७६ लाख ८२ हजार र नेपाली सेना कल्याणकारी बोर्डमा ५७ लाख ३३ लाख ६३ हजार लगानी रहेको छ। लगानी उठ्ने गाह्रो रहेको क्षेत्रलाई सेनाले जोखिमयुक्त ठानेको छ।

१४ प्रकारका...

पृष्ठ १ बाट क्रमशः

गर्न प्रेस विज्ञप्तिमार्फत अनुरोध गरेको छ।

विभागले एन्टिबायोटिक औषधि बनाउन ल्याएका कच्चा पदार्थहरू पनि विभागमा पेस गर्न निर्देशन दिएको छ। १८ भदौमा यस्ता प्रकारका एन्टिबायोटिक औषधि प्रयोग नगर्ने निर्णय भएकोले सो समययता सूचीमा उल्लेख गरिएका औषधिहरू प्रयोग नगर्न स्वास्थ्य संस्था, उत्पादक, वितरक, उपभोक्तालगायत सबैलाई निर्देशन जारी गरिएको छ। साथै, निर्णय भएको ६ महिनाभित्र त्यस्ता प्रकारका औषधि उत्पादनका लागि लिएको अनुमतिको विवरण विभागमा पेस गर्न उत्पादक र वितरकलाई निर्देशक दिइएको छ। डब्लुएचओले प्रयोगमा नल्याउन भन्दै सन् २०२१ मा जारी गरेका १०३ एन्टिबायोटिक अधिकांश मुलुकले रोकिसकेका छन्।

विभागका महानिर्देशक नारायणप्रसाद ढकालले डब्लुएचओले प्रयोग नगर्न सिफारिस गरेकामध्ये नेपालमा १४ प्रकारका मात्रै औषधि उत्पादन र वितरण हुने गरेको बताए। 'डब्लुएचओले प्रयोग नगर्न सिफारिस गरेकामध्ये नेपालमा १४ प्रकारका मात्रै एन्टिबायोटिक औषधि पाइन्छन्, ती औषधिहरू पनि एक्लाएक्लै प्रयोग गरिएको थिएन,' उनले भने, 'हामीले १८ भदौदेखि नै औषधि उत्पादन नगर्न र वितरण नगर्न सरोकारवालाहरूलाई निर्देशन दिइसकेका छौं।'

संक्रमणकालीन...

पृष्ठ १ बाट क्रमशः

न्युयोर्कस्थित मुख्यालयमा भएको भेटमा नेपालको शान्ति प्रक्रियाको बाँकी काम, जलवायु परिवर्तन, एलडिसी, विकास, आपसी सहकार्य र साझेदारीलगायतका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। संयुक्त राष्ट्रसंघका ७८औं महासभामा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अमेरिका गएका प्रधानमन्त्री प्रचण्डले पनि महासचिव गुटेर्ससँग उत्साहजनक छलफल भएको ट्विटरमा उल्लेख गरेका छन्।

महासचिव गुटेर्ससले राष्ट्रसंघीय शान्ति स्थापनालगायतका कार्यमा नेपालको महत्त्वपूर्ण योगदान रहेको भन्दै धन्यवाद व्यक्त गरेका छन्। महासचिवका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा जलवायु परिवर्तन, भूपरिवेष्ठित विकासशील देशहरूले सामना गर्नुपरेका समस्याहरूलगायतका पारस्परिक चासोका विषयमा पनि छलफल भएको छ। कम विकसित अवस्थाबाट सन् २०२६ देखि विकासशील मुलुकमा नेपालको स्तरोन्नतिका विषयमा पनि छलफल भएको छ। प्रचण्डले ४ असोजमा महासभालाई सम्बोधन गर्ने कार्यक्रम छ। उनले अल्पविकसित राष्ट्रको अध्यक्षको हैसियतले विभिन्न साइडलाइन बैठकमा सहभागिता जनाउने कार्यक्रम रहेको छ।

विदेशका नेपालीलाई मतदानको अवसर

प्रधानमन्त्री प्रचण्डले विदेशमा रहेका नेपालीहरूलाई मतदानको व्यवस्था गरिने बताएका छन्। नेपाली समयअनुसार सोमबार बिहान न्युयोर्कमा पत्रकारहरूसँगको भेटमा प्रधानमन्त्रीले विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानको व्यवस्था मिलाउन निर्वाचन आयोगलाई निर्देशन दिएको जानकारी दिए। उनले कसैलाई पनि मतदानको अधिकारबाट वञ्चित हुन नदिने स्पष्ट पारेका छन्। प्रधानमन्त्री प्रचण्डले सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि जस्तोसुकै कदम चाल्न पनि तयार रहेको पनि बताए।

चीन भ्रमणमा जम्बो टोली जाँदै

संयुक्त राष्ट्रसंघीय कार्यक्रम सकेर ५ असोजमा चीन जान लागेका प्रधानमन्त्री प्रचण्डको भ्रमणदल जम्बो हुने भएको छ। हालसम्म सरकारी प्रतिनिधिमण्डलमा ३७ जना र उद्योगी व्यवसायीलगायत बेइजिङ जानेको संख्या ५३ पुगेको छ। सरकारी प्रतिनिधिमण्डलमा सहभागी हुने टोली ५ असोजमा बेइजिङ र व्यवसायीहरू ६ असोजमा बेइजिङ जाने कार्यक्रम छ।

भ्रमणदलमा न्युयोर्कबाट प्रधानमन्त्रीसँगै परराष्ट्रमन्त्री एनपी साउद सहभागी हुनेछन् भने काठमाडौंबाट भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र ऊर्जा तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत सहभागी हुनेछन्। प्रधानमन्त्री प्रचण्डको भ्रमणमा सुरक्षा परिषद्का सुरक्षा सल्लाहकार शंकरदास बैरागी, मुख्यसचिव डा. बैकुण्ठ अर्याल, परराष्ट्रसचिव भरतराज पौड्याल, वाणिज्यसचिव मधुकुमार मरासिनी सहभागी हुनेछन्।

राष्ट्रिय सुरक्षा सल्लाहकार बैरागी र मुख्यसचिव अर्यालको नाम न्युयोर्क जाने सूचीमा थियो, तर त्यहाँ उनीहरूको उपस्थितिको औचित्य नभएपछि प्रधानमन्त्रीको निर्देशनमा नाम काटिएको थियो। उनीहरूको उपस्थिति बेइजिङमा पनि आवश्यक नभएको कूटनीतिक अधिकारीहरूले बताए।भ्रमणदलका सरकारी सदस्य तथा सरकारी सञ्चारमाध्यमका दुईजना प्रतिनिधिलाई मात्र नभएर व्यवसायीले पनि रातो पासपोर्ट पाएका छन्। तर, व्यवसायीहरूको खर्च भने सरकारले नभएर उनीहरू आफैंले व्यहोर्ने लागेका छन्।

विगतका प्रतिबद्धता...

पृष्ठ १ बाट क्रमशः

बताएका छन्। '२०२१ को तुलनामा २०२२ मा एलडिसीहरूमा विदेशी प्रत्यक्ष लगानीको प्रवाह लगभग ३० प्रतिशतले घटेको छ,' प्रधानमन्त्रीले भने, 'पूर्वाधार, नवीकरणीय ऊर्जा, खानेपानी तथा सरसफाइ, खाद्य सुरक्षा, स्वास्थ्य र शिक्षामा लगानीलाई ठूलो धक्का लागेको छ। कम विकसित मुलुकहरूको औसत बाह्य ऋण २०११ मा ४१ प्रतिशतबाट बढेर २०२२ मा ५४ प्रतिशत पुगेको छ। यी देशहरूले सामना गर्नुपर्ने ऋणको उच्च लागतले दिगो विकास लक्ष्य प्राप्तिका लागि लगानीलाई अवरुद्ध मात्र गरेको छैन, ऋण संकटको जोखिम पनि बढाएको छ।'



अतिकम विकसित देशहरूले स्वदेशी स्रोत र संस्थालाई सुदृढ र परिचालन गर्ने अधिकतम प्रयास जारी राखेको बताउँदै प्रधानमन्त्री प्रचण्डले दिगो विकास लक्ष्य हासिल गर्न कुनै पनि देशको एक्लो प्रयासले मात्रै नपुग्ने उल्लेख गरे। यसका लागि दोहा कार्ययोजना (जसप्रति अन्तर्राष्ट्रिय समुदायको समर्थन र प्रतिबद्धता रहेको थियो)लाई स्वीकार गर्न उनले आग्रह गरे।

प्रधानमन्त्री प्रचण्डले दिगो विकास लक्ष्य हासिल गर्न थप लगानी, संरचनात्मक रूपान्तरणका लागि समर्थन र कोभिड महामारीबाट द्रुत र दिगो पुनरुत्थान आवश्यक हुने पनि बताए। प्रधानमन्त्रीले एसडिजी प्रोत्साहन प्याकेजमार्फत अतिकम विकसित राष्ट्रलाई सहयोग गर्न, अतिकम विकसित राष्ट्रहरूको ऋण संकट सम्बोधन गर्न र समयमै समन्वित र उपयुक्त ऋण समाधान उपलब्ध गराउन पनि आह्वान गरे।

बालबालिकाको...

पृष्ठ १ बाट क्रमशः

बालविकास केन्द्रमा ३४ बालबालिका छन्। शिक्षा शाखा प्रमुख शाही बालबालिकाका लागि छुट्याइएको दिवाखाजा कटाएर शिक्षक पाल्न नपाउने बताए। तर, प्रधानाध्यापक रावतले कक्षा ८ सम्म सञ्चालन गर्न शिक्षक अभाव भएपछि निजी स्रोतमा शिक्षक राखेर चलाउन दिवाखाजाको पैसा प्रयोग गरिएको बताए। 'अभिभावकले कक्षा ८ सम्म पढाइदिन भन्नुभयो। तर, शिक्षक दरबन्दी ३ जना मात्र छ। निजीमा शिक्षक राख्न अन्य स्रोत नभएकाले खाजाको पैसा प्रयोग गरिएको हो,' उनले भने।

स्कुल खुल्छ, शिक्षक गयल

२४ भदौ, आइतबार सार्वजनिक बिदा थिएन। तर, सर्केगाड गाउँपालिका-१ तुम्चमा रहेको देवल आधारभूत विद्यालयमा दिउँसो १२ बजेसम्म पढाइ नै सुरु भएन। नयाँ पत्रिकाकर्मी विद्यालय हाताभित्र पुग्दा विद्यार्थी चौरमा खेलिरहेका थिए। प्रधानाध्यापकसहित ६ जना शिक्षक रहेको यो विद्यालयमा अपराह्नसम्म शिक्षक नआएपछि कार्यालय सहयोगी केवल सुनारले पालैपालो विद्यार्थीको हाजिर गरेर घर पठाइदिए। 'सरहरू दिउँसोसम्म आउनुभएन, हेड सरलाई फोन गरेर सोध्दा 'हाजिर गरेर पठाइदिनू' भन्नुभयो,' सुनारले भने, 'मैले पनि हाजिर गरेर पठाइदिएँ।'

कक्षा ७ मा अध्ययनरत एक विद्यार्थीले आफू बिहान साढे ९ बजे विद्यालय पुगे पनि पढाइ नभएपछि फर्किएको बताए। 'सरहरू आए पढाइ हुन्छ, नत्र हाजिर लगाएर घर फर्किन्छौं,' उनले भने।

२४ भदौमा वर्षाको बहाना बनाएर शिक्षक उपस्थित भएका थिएनन्। तर, विद्यार्थी भने रुझ्दै विद्यालय पुगेका थिए। 'हामी गयल भए ५० रुपैयाँ जरिवाना तिर्नुपर्छ। त्यही भएर हाजिरकै लागि भए पनि स्कुल आउँछौं,' कक्षा ८ का एक विद्यार्थीले भने, 'सरहरू नआउँदा कसले जरिवाना गर्छ र ?'

तर, प्रधानाध्यापक कालीबहादुर रावतले भने, 'बाटो अप्ठेरो छ। दुई घन्टा हिँड्नुपर्छ। त्यो दिन पानी परेकाले म आउन नसकेको हो।' अरू शिक्षक विद्यालयको कामले पनि आउन नसकेको हुन सक्ने उनले बताए। तर, २४ भदौमा यहाँ बिहान एकछिन मात्र पानी परेको थियो।

देवलमा प्रअ रावतसँगै शिक्षकहरू मदन बुढा र नन्दप्रसाद यादव स्थायी दरबन्दीका शिक्षक हुन्। नन्द एक महिनादेखि बिदामा छन्। शिक्षक चक्र मल्ल, रूपबहादुर शाही र दीपेन्द्र बम निजी स्रोतका शिक्षक हुन्।

कक्षा ८ सम्म पढाइ हुने, दुई सय २० विद्यार्थी रहेको यो विद्यालयमा पढाइ नहुने घटना नौलो होइन। कक्षा ७ का एक छात्राका अनुसार यो विद्यालयमा वार्षिक परीक्षा दिउन्जेलसम्म कहिल्यै कोर्स सकिँदैन। 'कहिलेकाहीं मात्र पढाइ हुन्छ, सरहरू कहिले घरमा काम पऱ्यो, कहिले सदरमुकाम जानुपऱ्यो भनेर गयल हुनुहुन्छ,' उनले भनिन्, 'हामी मात्र स्कुल आएर के गर्नु ?'

नागढुंगा-मुग्लिङ सडक योजना (पुर्वी खण्ड)
गजुरी, धादिङको

राजमार्ग बन्द रहने बारेको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८०/०६/०२

नागढुंगा - मुग्लिङ सडक योजना (पुर्वी खण्ड) गजुरी, धादिङको कार्यक्षेत्र अन्तर्गत पृथ्वी राजमार्गको नौविसे-मलेखु सडक खण्डको कि.मि. १७ (खयरघारी) र कि.मी. ३३ (पोखरेखोला नजिक) मा स्विकृत डिजाईन अनुसार सडक चौडा गर्दा निर्माणको समयमा सडक प्रयोगकर्ताहरुलाई हुन सक्ने जोखिमलाई मध्यनजर गर्दे यहि मिति २०८०/०६/०४ देखी २०८०/०६/२० गते सम्म प्रत्येक दिन राति ११:०० बजे देखि बिहान ३:०० बजेसम्म तपशिलमा उल्लेखित स्थानहरुमा एम्बुलेन्स र सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सबै किसिमका यातायात आवागमन पूर्ण रुपमा बन्द रहने हुँदा सोही अनुसार गर्नु/गराउनु हुन सम्बन्धित सबै सरोकारवालाहरुलाई जानाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसबाट सर्वसाधारणहरुलाई पर्न जाने असुविधा प्रति योजना कार्यालय क्षमा प्रार्थी छ।

तपशिल

१. काठमाडौंबाट वाहिरिने सवारी साधनहरु रोकिने स्थान :
थाके गाउँपालिका वडा न १ को एक्लेफाट।
२. काठमाडौं भित्रिने सवारी साधनहरु रोकिने स्थान :
गजुरी गाउँपालिका वडा न ५ घाटवेशी पुल।

योजना प्रमुख

श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
नयाँ वानेश्वर-३१, काठमाडौं, फोन नं. : ०१-४५६५४९८

हकदाबी सम्बन्धी ३५ दिने सार्वजनीक सूचना

यस सहकारी संस्थाका सदस्य ललितपुर जिल्ला साविक लुभु गा.वि.स. वडा नं. ८ हाल महालक्ष्मी न. पा. वडा नं. ८ बस्ने भक्त बहादुर खत्रीको मिति २०७९/०६/२७ मा निधन भएको र निजको नाममा यस सहकारी संस्थामा रहेको सम्पुर्ण निक्षेप र शेयर रकम भुक्तानी पाउँ भनी ललितपुर जिल्ला साविक लामाटार गा.वि.स. वडा नं. ४ हाल महालक्ष्मी न. पा. वडा नं. ९ बस्ने निज (मृतक) को कान्छो छोरा भुपाल जंग खत्री र जेठी बुहारी प्रियंका रिसालले सयुक्त रुपमा आवश्यक कागजात समेत संलग्न राखी यस सहकारी समक्ष निवेदन पेश गर्नु भएकोले निज खातावालको निक्षेप तथा शेयर रकम उपर निवेदकहरु बाहेक अरु कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणीत हुने सक्कल सबुत प्रमाण कागज सहित यस सहकारी संस्थाको कार्यालय नयाँ बानेश्वर-३१ काठमाडौंमा हकदावी गर्न आउनु होला। उल्लेखित समयावधी भित्र कसैको हकदावी पर्न नआएमा प्रचलित कानुन बमोजिम मृतक खातावालाका कान्छो छोरा भुपाल जंग खत्री र जेठी बुहारी प्रियंका रिसालको माग अनुसार निक्षेप तथा शेयर रकम भुक्तानी भई जाने र पछि कसैको हकदावी एवं उजुरी समेत नलाग्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मंगलबार २ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

एसियाडमा डेब्यु गर्दै महिला फुटबल टोली

१९औँ एसियाडमा पहिलोपटक सहभागी हुने महिला फुटबल खेलाडीले फिफा महिला विश्वकप फुटबल प्रतियोगिताको पूर्वविजेता जापान र एसियाकै बलियो राष्ट्र भियतनामविरुद्ध समूह 'डी' मा प्रतिस्पर्धा गर्नेछन्

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला टोली सोमबार १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)मा सहभागी हुन चीनतर्फ लागेको छ। अन्तर्राष्ट्रियस्तरको एक्सपोजर प्राप्त गर्न र दक्षिण एसियाली खेलकुदभन्दा माथिल्लो स्तरको अनुभव बटुल्ने महिला फुटबल खेलाडीलाई यो राम्रो अवसर हो। नेपाल सम्भवतः सर्वाधिक बलियो समूहमा छ। नेपालले जापान र भियतनामजस्ता ठूला राष्ट्रविरुद्ध खेल्नेछ। नेपालले बंगलादेशसँग पनि खेल्नुपर्छ। जापान गत महिना अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गरेको फिफा महिला विश्वकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलिस्ट राष्ट्र हो। फेरि जापान एकपटकको महिला विश्वकप विजेतासमेत हो। एसियाकै फुटबल पावरहाउस राष्ट्रविरुद्ध नेपालले जति सक्दो एक्सपोजर लिन सक्नुपर्छ।

एसियाडका लागि नेपाली टोलीले पछिल्लो दुई महिनादेखि प्रशिक्षण गरेको थियो। राष्ट्रिय खेलकुद परिषद् र अखिल नेपाल फुटबल संघको मातहतमा खेलाडीले नियमित प्रशिक्षण गर्न अवसर पाए। यद्यपि, प्रशिक्षणका क्रममा विवाद ननिस्किएको होइन। खेलाडीहरू विवादभन्दा प्रशिक्षणमा केन्द्रित रहे। नेपाली महिला खेलाडीलाई परिषद्ले खटाएका प्रशिक्षक बालगोपाल महर्जनले प्रशिक्षण गरेका थिए।

एसियाडका लागि खेलाडीको तयारी सन्तोषजनक रहे पनि एक्सपोजर नपाएको प्रशिक्षक महर्जनले बताएका छन्। खेलाडीले एसियाडको तयारीमा एउटा पनि अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्न पाएन। अर्कोतर्फ, पुरुष खेलाडीले भने मैत्रीपूर्ण खेलको अवसर पाएका थिए। 'प्रशिक्षण राम्रो भयो, तर महिला खेलाडीले एक्सपोजर नै पाएनन्,' उनले भने, 'एसियाडमा सहभागी महिला खेलाडीले एउटा पनि मैत्रीपूर्ण खेल्न नपाउँदा अलि दुःख छ।'

महिला फुटबल टोलीले पहिलोपटक एसियाड खेल्न लागेको हो। महिला खेलाडीलाई पनि एसियाडस्तरमा प्रतिस्पर्धा गराउन ढिला भएको प्रशिक्षक महर्जनको भनाइ छ। 'नेपालको महिला फुटबल खेलाडीले एसियाडको अनुभव बटुल्न १९औँ संस्करणसम्म प्रतीक्षा गर्नुपरेको छ,' उनले भने, 'वास्तवमा पुरुषमा जस्तै महिलालाई पनि एक्सपोजर प्रदान गर्नुपर्ने हो, सम्बन्धित निकायले यसतर्फ ध्यान नै दिएन।' प्रतियोगितामा नेपालले जापान र भियतनामाविरुद्ध सकेसम्म राम्रो प्रदर्शन गर्ने उनले बताए। 'हामी जापान र भियतनामविरुद्ध राम्रो नतिजा निकाल्ने प्रयास गर्छौं, छिमेकी राष्ट्र बंगलादेशलाई हराउने लक्ष्यका साथ प्रतिस्पर्धा गर्छौं।'



१९औँ एसियाडमा सहभागी हुन महिला टोली चीन प्रस्थान गर्नुअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा

पहिलोपटक एसियाडको अनुभव

महिला खेलाडीले एसियाडकै माध्यमबाट राम्रो एक्सपोजर प्राप्त गर्न सक्छन्। दक्षिण एसियामा भारतपछिको बलियो राष्ट्र नेपालले चीनमा नतिजाभन्दा पनि माथिल्लो स्तरको अनुभव बटुल्ने प्रयास हुनेछ। इजरायलको लिग खेलेकी सावित्रा भण्डारी पनि फर्ममा छिन्। जापान र भियतनामजस्ता बलिया प्रतिद्वन्द्वीविरुद्ध नेपालले राम्रो गर्ने खेलाडीहरूको भनाइ छ। नेपाली टोलीमा अमिसा कार्की, दीपा शाही, सरु लिम्बू र प्रीति राई मुख्य खेलाडीका रूपमा छन्। यसपटक पूजा राना र गीता रानाले पुनरागमन गरेका छन्। 'विश्वकपमा अनुभव बटुलेको राष्ट्रसँग खेल्न पाउनु धेरै राम्रो पक्ष हो,' खेलाडीहरू भन्छन्, 'हामीले प्रतियोगितामा दक्षिण एसियन लेभलभन्दा माथिल्लो स्तरमा खेल्नुपर्छ।'

महिला फुटबल टोली चीन प्रस्थान

१९औँ एसियाडमा सहभागी हुन महिला टोली चीन प्रस्थान गरेको छ। चीनको हान्झाउमा नेपालले पहिलोपटक एसियाडमा डेब्यु गर्दै छ। रेनुका नगरकोटीको कप्तानीमा रहेको नेपाली टोलीमा २२ खेलाडी छन्। एसियाडअन्तर्गत महिला फुटबल प्रतियोगिता खेल २१ सेप्टेम्बरदेखि सुरु हुनेछ। नेपालले आफ्नो पहिलो खेल भियतनामसँग २२ सेप्टेम्बरमा खेल्नेछ। नेपालले जापानसँग २५ सेप्टेम्बरमा प्रतिस्पर्धा गर्नेछ। साफ च्याम्पियन बंगलादेशसँग २८ सेप्टेम्बरमा खेल्ने तालिका छ। जापानसँग प्रतिस्पर्धा गरेको नेपालको अनुभव छैन। नेपालले पहिलोपटक जापानविरुद्ध खेल्न लागेको हो। नेपालले बंगलादेशविरुद्ध दुई खेलको मैत्रीपूर्ण सिरिज खेलेको थियो। यसअघि नेपालले भियतनामसँग सन् २०२४ मा फ्रान्सको पेरिसमा आयोजना हुने ओलम्पिकका लागि महिला फुटबलको एसियन छनोटमा प्रतिस्पर्धा गरेको थियो। जसमा नेपाल दुवै खेलमा भियतनामसँग पराजित भएको थियो।

कांस्य विजेता महर्जन एसियाड टर्च च्यालीमा सहभागी हुने

एसियाडको अन्तिम चरणको तयारीस्वरूप आयोजना हुने टर्च च्यालीमा नेपालबाट बक्सिङ प्रशिक्षक तथा कांस्य पदक विजेता दीपक महर्जन सहभागी हुने भएका छन्। सन् २०१० मै चीनमा आयोजना भएको एसियाडमा महर्जनले नेपाललाई एक मात्र कांस्य पदक दिलाएका थिए। एसियाडको टर्च च्याली बुधबार हुनेछ। महर्जनले टर्च च्यालीमा नेपालको प्रतिनिधित्व गर्न पाउँदा खुसी लागेको बताएका छन्। 'खेलाडी र प्रशिक्षकको प्रतिनिधित्व गर्दै टर्च च्यालीमा सहभागी हुन पाउँदा खुसी लागेको छ,' उनले भने।



नेपाली बक्सिङ टोली बिहीबारै चीन प्रस्थान गर्नेछ। टर्च च्याली चीनको पूर्वी क्षेत्र झेजियाङ प्रान्तस्थित हान्झाउ सहरबाट ८ सेप्टेम्बरमा सुरु भएको थियो। झेजियाङ प्रान्तका ११ सहरमा परिक्रमा गराइने टर्च च्याली २० सेप्टेम्बरमा पुनः हान्झाउमै सम्पन्न हुनेछ। बक्सिङका मुख्य प्रशिक्षक महर्जनका अनुसार एसियाडमा बक्सिङको प्रतिस्पर्धा २४ सेप्टेम्बरदेखि सुरु हुनेछ। नेपालबाट पुरुषतर्फ सात र महिलातर्फ ६ खेलाडीले भाग लिँदै छन्।

पुरुषतर्फ रविन थापाले ५१ केजी, बुद्ध लामाले ५७ केजी, भूपेन्द्र थापाले ६३.५ केजी, दीपेश लामाले ७१ केजी, दीपक श्रेष्ठले ८० केजी, रविन नेपालले ९२ केजी र आशिष दवाडीले ९२ केजीमाथि तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन्। महिलातर्फ सुष्मा तामाङले ५० केजी, मीनु गुरुङले ५४ केजी, चन्द्रकला थापाले ५७ केजी, संगीता सुनारले ६० केजी, विनिता थापामगरले ६६ केजी र सरस्वती रानाले ७५ केजी तौलसमूहमा भिड्नेछन्।

खेल संक्षेप

एलपिएल लिगमा १६ टोली सहभागी हुने

काठमाडौं/ लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) सिनियर टी-२० क्रिकेट प्रतियोगितामा १६ टोलीको सहभागिता रहने भएको छ। आयोजक लिटल फ्लावर स्पोर्टस् क्लबले आठौं संस्करणमा सहभागी हुने टोलीको नाम सोमबार सार्वजनिक गरेको हो। क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं, गरुडा नगरपालिका रौतहट, लिटल एन्जल्स बोर्डिङ स्कुल दाङ, शुक्लाफाँटा ब्ल्याकबक्स फाउन्डेसन कञ्चनपुर, जेएस स्पोर्टस् सुपरस्टार कञ्चनपुर र कञ्चनपुरकै खप्तड इन्डोर स्पोर्टस् सेन्टरले सहभागिता जनाउने आयोजकले जनाएको छ।

स्कुल टु ओलम्पिकको प्रशंसा

काठमाडौं/ नेपाल ओलम्पियन्स संघले सञ्चालन गरेको स्कुल टु ओलम्पिक कार्यक्रमको तेस्रो वर्ल्ड ओलम्पियन्स फोरममा प्रशंसा भएको छ। टर्कीको इस्तानबुलमा शनिबार र आइतबार भएको दुईदिने वर्ल्ड ओलम्पियन्स फोरममा स्कुल टु ओलम्पिक कार्यक्रमलाई सबैले प्रशंसा गरेको र अन्य देशका संघले पनि त्यस्तै खाले कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिइएको नेपाल ओलम्पियन्स संघका अध्यक्ष दीपक विष्टले बताएका छन्।

एचएचसिए विजयी

काठमाडौं/ एचएचसिएले १७औँ क्विक्स ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा जित निकालेको छ। एचएचसिएले पञ्चायणलाई ४५-४० ले पराजित गऱ्यो। क्यान्भासले स्किब्सलाई २९-१७ ले हरायो। सिद्धार्थले पारामाउन्टलाई २६-२३ र प्राञ्जलीले फ्लोरोसेन्टलाई २४-२१ ले हराए। जुनियर पुरुषमा एन्जल्स हार्टले किङडमलाई १९-१७ ले पाखा लगायो। गोल्डेन पिकले लालीगुराँस नेसनल एकेडेमी (एलएनए) लाई २२-१८ ले हरायो।

चार वडा सेमिफाइनलमा

काठमाडौं/ प्रयागराजसिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगितामा वडा ४, १४, २६ र १३ सेमिफाइनलमा पुगेका छन्। लैनचौर फुटसल मैदानमा सोमबार भएको पहिलो क्वार्टरफाइनलमा वडा १४ ले वडा ३२ लाई २-१ ले हरायो। अर्को खेलमा वडा २६ ले वडा १५ लाई २-० ले हरायो। तेस्रो क्वार्टरफाइनलमा वडा ४ ले वडा १७ लाई ७-१ को फराकिलो अन्तरले हरायो। वडा ४ का विक्रान्तनरसिंह रानाले दुई गोल गरेका थिए। अन्तिम खेलमा वडा १३ ले वडा ११ लाई १-० ले पराजित गऱ्यो। अभय रानाले एक मात्र गोल गरेका थिए। काठमाडौं महानगरपालिकाका वडाबीच आयोजना भएको प्रतियोगिताअन्तर्गत मंगलबार पहिलो सेमिफाइनलमा वडा ४ ले वडा १४ को सामना गर्नेछ। अर्को खेलमा वडा २६ र वडा १३ बीच खेल हुनेछ।

पुलिसलाई महिला भलिबलको उपाधि



नयाँ पत्रिका

नेपाल पुलिस क्लबले उत्कृष्ट प्रदर्शन गर्दै राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि जितेको छ। पोखराको लामाचौरमा सोमबार भएको फाइनलमा पुलिसले न्यु डायमन्ड युथ स्पोर्टस् क्लबलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि हात पारेको हो। पहिलो सेट गुमाएको पुलिसले लगातार तीन सेट आफ्नो पोल्टामा राख्यो। पुलिसले न्यु डायमन्डमाथि १८-२५, २५-२२, २५-१४ र २५-२० को सेटमा पराजित गरेको हो। पुलिसले उपाधिसँगै एक लाख ५० हजार र उपविजेता न्यु डायमन्डले एक लाख प्राप्त गरेको आयोजकले जनाएको छ। लिग चरणमा पुलिसले तीन खेलमा सर्वाधिक आठ अंक जोडेको थियो।

न्यु डायमन्डले तीन खेलमा ६ अंक बटुली फाइनल स्थान सुरक्षित गरेको थियो। पुरुषतर्फ गण्डकी प्रदेश र नेपाल पुलिसबीचको फाइनल खेल प्रकाशको कमीका कारण स्थगित भएको छ। पुलिसले पहिलो सेट २५-१९ ले जितेको थियो। गण्डकीले दोस्रो सेट २५-२२ ले आफ्नो पक्षमा पारेको थियो। स्थागित भएको खेल मंगलबार पुनः हुने भएको छ।

रिह्याबिलिटेसन सेन्टर सञ्चालन

काठमाडौं / खेलाडीका लागि उपयोगी तथा सुविधासम्पन्न नाडा परफर्मेन्स एन्ड रिह्याबिलिटेसन सेन्टर सञ्चालनमा आएको छ। बाँसबारीमा नाडाले सञ्चालनमा ल्याएको सेन्टरको उद्घाटन काठमाडौं महानगरपालिका-३ का अध्यक्ष प्रेम थापाले गरेका थिए। सेन्टरका सञ्चालक विवेकविक्रान्त अधिकारीले नाडा नेपालको पहिलो परफर्मेन्स एन्ड रिह्याबिलिटेसन सेन्टर भएको बताए।

'यो नेपालको पहिलो परफर्मेन्स एन्ड रिह्याबिलिटेसन सेन्टर हो। नयाँ पूर्वाधारबाट खेलकुदमा लागेकालाई मात्र नभएर अन्यलाई पनि सेवा पुऱ्याउने योजना छ,' अखिल नेपाल फुटबल संघ (एन्फा)मा रहेर करिब तीन वर्ष काम गरेका अधिकारीले भने। सेन्टरमा विशेष गरी इन्जुरी प्रिभेन्सन, इन्जुरी ट्रिटमेन्ट, रिह्याबिलिटेसन र परफर्मेन्स इन्हान्समेन्टको सेवा हुनेछ। हाल फुटबल, भलिबल, क्रिकेट, बास्केटबल खेलाडीले नाडाबाट विभिन्न सेवा सुविधा लिँदै आएका छन्।

उद्घाटन समारोहमा अध्यक्ष थापाले यस्ता सेन्टरले खेलाडीहरूलाई खेलमा थप प्रोत्साहन मिल्ने र भविष्यमा खेलाडीलाई अझ सशक्त भई आफ्नो खेल प्रदर्शन गर्न सहयोग मिल्ने बताएका छन्। खेलाडीलाई घाइते हुनबाट बचाउन आवश्यक तयारी गर्ने, घाइते भए शारीरिक अभ्यास गराएर निको बनाउने, शल्यक्रिया गराएका खेलाडीलाई रिह्याब गराउने र खेलाडीलाई शारीरिक रूपमा बलियो बनाउन अभ्यास गराउने नाडाको लक्ष्य छ।

एसिया कपका सात दृश्य

१६औँ एसिया कप क्रिकेट प्रतियोगिताको उपाधि भिडन्त एकपक्षीय रूपमा भयो। भारतले आयोजक श्रीलंकालाई हराउँदै आठौँपटक ट्रफी उचाल्यो। पाँच वर्षपछि उपाधि जित्दा भारतले पाकिस्तान र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको प्रतियोगितालाई स्मरणीय बनायो। उपाधि दाबेदार पाकिस्तान सुपर फोरको अन्तिम खेलमा श्रीलंकासँग इनिङ्सकै अन्तिम बलमा पराजित भयो। प्रतियोगितामा डेब्यु गरेको नेपालले विश्व क्रिकेटकै ध्यान तान्न सफल भयो। क्रिकेट इतिहासमा पहिलोपटक एसिया कपकै माध्यमबाट नेपालले एकदिवसीय र टी-२० विश्वकपका पूर्वविजेता भारत र पाकिस्तानसँग खेल्न अवसर पायो। विश्व क्रिकेटका महारथी राष्ट्रविरुद्ध नेपाल दुवै खेलमा पराजित हुन पुग्यो। तर, नेपाली खेलाडीको प्रदर्शनले भने विश्वभर तारिफ पायो। आसिफ शेख, कुशल भुर्तेल र सोमपाल कामीले खेलेको इनिङ्सले सर्वत्र चर्चा पायो।



फाइल तस्बिर

१ भारतविरुद्ध नेपालको प्रदर्शन

भारत र नेपालबीच समूह चरणमा भेट भएको थियो। भारतसँगको प्रतिस्पर्धामा नेपाली खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका थिए। विश्व क्रिकेटकै शक्तिशाली मानिने भारतविरुद्ध नेपालले ४८.२ ओभरसम्म ब्याटिङ गर्दै दुई सय ३० रनको योगफल बनाएको थियो। एसिया कपमा भारतविरुद्ध सर्वाधिक रन बनाउने बंगलादेशपछि नेपाल दोस्रो टोली बनेको थियो। ओपनर कुशल भुर्तेल र आसिफ शेखले पहिलो पावर प्लेमा ६५ रनको बलियो साझेदारी गरेका थिए। आसिफले ५८ र कुशलले ३८ रन बनाए। आठौँ नम्बरमा क्रिजमा आएका सोमपाल कामीले ४८ रनको योगदान गरेका हुन्। तीव्र गतिका बलर मोहम्मद सिराज र सामीलाई नेपाली ब्याट्समान्यानले खुलेरै स्ट्रोक लगाए। यद्यपि, वर्षाले प्रभावित खेलमा भारत १० विकेटले विजयी भयो।

२ भारत-पाकिस्तान खेलाडीको मिलन

एसिया कपमा पाकिस्तान र भारतीय खेलाडीबीचको सम्बन्ध थप राम्रो भयो। दुई देशबीच आन्तरिक विवादका कारण एक-आपसको भूमिमा यी दुवै राष्ट्रका खेलाडीले सिरिज नखेलेको एक दशक भइसकेको छ। एसिया कपमा दुई देशबीच खेलाडीको सम्बन्ध निकै राम्रो देखियो। २ सेप्टेम्बरमा समूह 'ए'को भारत र पाकिस्तानबीचको खेल अनिर्णीत भयो। भारतीय कप्तान रोहित शर्मा र पाकिस्तानी कप्तान बाबर आजमले हात मिलाएको दृश्य र फोटो सर्वत्र चर्चामा रह्यो। मोहम्मद सिराज र हरिस राउफबीच मैदानमा राम्रो सम्बन्ध देखियो। भारतका पूर्वकप्तान विराट कोहलीले पाकिस्तानका खेलाडीहरू ह्यारिस, साहिन शाह अफ्रिदी र अलराउन्डर सादब खानसँग मजाले गफ लगाए।

३ बुमराहलाई अफ्रिदीको उपहार

प्रतियोगिताको सुपर फोरमा भारत र पाकिस्तानबीच खेल थियो। सुपर फोरअघि नै भारतका मुख्य बलर जसप्रित बुमराह बुबा बनेका थिए। समूह 'ए'मा नेपालसँग प्रतिस्पर्धा नगरी नै उनी भारत फर्किएका थिए। लगत्तै उनी कोलम्बो फर्किएर प्रशिक्षणमा सहभागी भए। भारतको नेट सेसनपछि मैदानमै पाकिस्तानको अभ्यास कार्यतालिका थियो। अभ्यासका क्रममा पाकिस्तानी तीव्र गतिका बलर अफ्रिदीले बुमराहलाई उपहार दिए।

४ ग्राउन्ड स्टाफलाई जमानको सहयोग

भारत र पाकिस्तानबीचको सुपर फोरको खेल दुई दिनसम्म चलेको थियो। वर्षाले खेल प्रभावित हुँदा रिजर्भ डेमा भयो। १० र ११ सेप्टेम्बरमा भएको खेलमा एक दृश्य निकै रोचक बन्यो। पाकिस्तानी ओपनर फखर जमान निकै चर्चामा रहे। उनले खेलका क्रममा वर्षा भएपछि ग्राउन्ड स्टाफलाई सहयोग गरेको क्षण सर्घै सम्झनामा रहनेछ। ग्राउन्ड स्टाफले मैदान छोप्न त्रिपाल तानिरहँदा फखर पनि उनीहरूलाई सहयोग गर्न पुगेका हुन्। त्यो समय अन्य दुवै टोलीका खेलाडी भने पेभिलियनमै थिए।

५ पंखाले मैदान सुकाइयो

पाकिस्तान र श्रीलंकाले आयोजना गरेको एसिया कप वर्षाले निकै प्रभावित भयो। केही खेल रद्द भए। भारत र पाकिस्तानबीचको खेल मात्र रिजर्भ डेमा भएको थियो। भारत र पाकिस्तानबीचको सुपर फोर खेल वर्षाले प्रभावित भयो। स्थानीय समयअनुसार ५ बजे सुरु भएको झरी ७ बजेसम्म निरन्तर परिरह्यो। वर्षा रोकिए पनि त्रिपाल हटाउँदा आउटफिल्डको केही भाग भिजेको थियो। यस्तो अवस्थामा आयोजकले इलेक्ट्रिक पंखा र हिटर मैदानमा लगेर भिजेको मैदान सुकाउने प्रयास गऱ्यो। अम्पायरले तीनपटक मैदान निरीक्षण गर्दै खेल रिजर्भ डेमा हुने घोषणा गरे।

६ भारतको लगातार तीन खेल

एसिया कपका दौरान भारतीय क्रिकेट टोलीले लगातार तीन दिनसम्म खेल खेल्नुपरेको थियो। भारत र पाकिस्तानबीचको सुपर फोर खेल दुई दिनसम्म चलेको थियो। १० र ११ सेप्टेम्बरमा पाकिस्तानसँग खेलेको भारतले १२ सेप्टेम्बरमा श्रीलंकासँग खेलेको हो। सुपर फोरमा भारतले पाकिस्तान र श्रीलंकालाई हराउँदा बंगलादेशसँग पराजित भएको थियो।

७ हाल्यान्डको नक्कल गर्दै कोहली

भारत र बंगलोदशबीचको सुपर फोरमा भारत पराजित भयो। खेलमा भारतले पाँच खेलाडीलाई विश्राम दिएको थियो। विश्राम पाउनेमा कोहली पनि थिए। १२औँ खेलाडीका रूपमा रहेका उनले त्यस दिन खेलाडीलाई पानी दिने जिम्मा पाएका थिए।

पानी बोकेर मैदानभित्र गएका कोहलीको चर्तिकला निकै रमाइलो थियो। मैदान प्रवेश गर्ने क्रममा बोतल बोक्दै कोहलीले नर्वेका फुटबलर एर्लिङ हाल्यान्डको नक्कल गरे। इंग्लिस प्रिमियर लिगमा हाल्यान्डले गोल गरेपछि गर्ने 'सेलिब्रेसन' को नक्कल कोहलीले गरेका थिए।

प्रथम युथ तथा जुनियर बक्सिङ

बक्समाण्डु र अल्फा टिम च्याम्पियन

नयाँ पत्रिका

प्रथम युथ तथा जुनियर बक्सिङमा बक्समाण्डु बक्सिङ र अल्फा बक्सिङ क्लब टिम च्याम्पियन बनेका छन्। प्रतियोगिताअन्तर्गत युथ पुरुषतर्फ चार स्वर्ण र एक कांस्य जित्दै बक्समाण्डु बक्सिङ च्याम्पियन बनेको हो। यस विधामा एच टु ओ बक्सिङ क्लब उपविजेता बन्यो। एच टु ओले दुई स्वर्ण, एक रजत र एक कांस्य हात पारेको थियो। समान एक स्वर्ण, रजत र कांस्य हात पारेको भुपू बक्सिङ क्लब, कास्की तेस्रो बनेको छ। युथ पुरुषमा १५ क्लबको सहभागिता रहेको आयोजकले जनाएको छ।

प्रतियोगिताअन्तर्गत पुरुष जुनियरतर्फ तीन स्वर्ण, एक रजत र दुई कांस्य हात पारेको अल्फा बक्सिङ क्लब, दाङ टिम च्याम्पियन बनेको हो। स्विट साइन्स क्लब काठमाडौं उपविजेता बन्यो। काठमाडौंले दुई स्वर्ण र एक रजत हात पारेको थियो। दुई स्वर्ण बटुलेको आर्यन फिटनेस क्लब पेप्सीकोला तेस्रो स्थानमा रह्यो। पुरुष जुनियरमा १६ टोलीले प्रतिस्पर्धा गरेका थिए। युथ पुरुषतर्फको ४८ केजी तौलसमूहमा एच टु ओका अप्रिल रानाले अल्फाका गिर्वान केसीलाई ५-० ले हराउँदै स्वर्ण जितेका छन्। ५१ केजी तौलसमूहमा बाँकेका शुभमजंग शाहमाथि ५-० को नजिता निकाली भक्तपुरका विकलले पहिलो स्थान हात पारे। युथ पुरुषमै ५४ केजी तौलमा एच टु ओका आशिष भेगालाई ५-० ले हराउँदै बक्समाण्डुका प्रबल उप्रेतीले स्वर्ण पदक जिते। ५७ केजी तौलमा छिरिङ वाङ्दीले दमकका ओयल राईमाथि फाइनलमा ५-० को जित हात पारे।



६० केजीमा आयुष पहिलो

यसैगरी, ६० केजी तौलमा बक्समाण्डुका आयुष थापाले स्विट साइन्स क्लबका सुगल रोकामगरलाई आरएससीको उपाधि भिडन्तमा हराए। ६७ केजी तौलसमूहमा जेनेक्सका सलिल महर्जनलाई फाइट प्रोका रोनिश राईले ३-२ को प्रतिस्पर्धात्मक स्कोरमा हराउँदै स्वर्ण पदक हात पारे। प्रतियोगिताको ७१ केजी तौलसमूहमा फाइट प्रोका जीवन तामाङलाई एच टु ओका धीरज गुरुङले आरएससीका आधारमा पराजित गर्दै प्रथम स्थान हात पारे।

यसैगरी, ७५ केजी तौलसमूहमा केली बोहरालेे कीर्तिपुरका अबिसोन महर्जनलाई आरएससीका आधारमा पराजित गर्दै स्वर्ण जितेका छन्। ८० केजी तौलसमूहमा ललितपुरका साजन तामाङ र ९२ प्लस केजी तौलसमूहमा एक्स बक्सिङका दिपेन रानाले स्वर्ण जितेका छन्। नेपाल बक्सिङ महासंघका सचिव पुष्करराज पन्तको टेक्निकल डेलिगेट हेडमा र महासचिव मानबहादुर भण्डारीको संयोजकत्व प्रतियोगिता आयोजना भएको हो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com